# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २३८ बिहीबार, २९ असोज २०८३ | SOURYA NATIONAL DAILY | Thursday, 15 October 2026 पृष्ठ : ८+२ मूल्य रु. ५


# संसदीय सुनुवाइको इतिहासमा थपिए अस्वीकृत हुने २ नाम

## १० प्रस्तावित राजदूतको नाम अनुमोदित, २ जनाको अस्वीकृत, १ होल्ड





■ सौर्य समाचार

काठमाडौं । नेपालको संविधान, २०७२ लागू भएपछि व्यवस्था गरिएको संसदीय सुनुवाइमा सरकारले सिफारिस गरेकामध्ये अस्वीकृत हुने व्यक्तिको संख्या ५ पुगेको छ ।

संसदीय सुनुवाइ समितिले बुधबार सरकारले सिफारिस गरेका विभिन्न देशका लागि प्रस्तावित १० जना राजदूतको नाम सर्वसम्मत रूपमा अनुमोदन गरेको छ भने २ जनाको नाम अस्वीकृत गरेको छ ।

जापानका लागि प्रस्तावित राजदूतको विषयमा भने समितिले निर्णय स्थगित गरेको छ ।

सरकारले भारतका लागि सिफारिस गरेका डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि गौरवशम्शेर जबरा र जर्मनीका लागि सरू जोशीको नाम समितिले अनुमोदन गरेको छ ।

त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, ओमानका लागि पदमाक्षी राणा, दक्षिण कोरियाका लागि डा. संगम श्रेष्ठ, स्पेनका लागि प्राप्ति शेरचन र श्रीलंकाका लागि मञ्चलाकुमारी झाको नाम पनि समितिले सर्वसम्मत रूपमा अनुमोदन गरेको छ ।

समितिका सभापति बोधनारायण श्रेष्ठका अनुसार साउदी अरबका लागि प्रस्तावित गिरीबहादुर सुनार र मलेसियाका लागि प्रस्तावित चूडामणि खरेलको नाम भने अस्वीकृत भएको छ ।

जापानका लागि प्रस्तावित राजदूत जिज्ञानकुमार थापाबारेको निर्णय समितिले स्थगित गरेको छ । सभापति श्रेष्ठका अनुसार थापाका सम्बन्धमा परराष्ट्र मन्त्रालयसँग थप प्रमाण माग्नुका साथै स्थानीय तहसँगको संलग्नताबारे स्पष्टता खोजिएको छ ।

### यसअघि को-को भएका थिए अस्वीकृत ?

**■ दीपकराज जोशी – २०७५ साउन १८**



प्रधानन्यायाधीशमा सिफारिस भएका जोशीको नाम संसदीय सुनुवाइ विशेष समितिले दुईतिहाइ बहुमतबाट अस्वीकृत गरेको थियो । उनी नेपालको संसदीय सुनुवाइ इतिहासमा प्रधानन्यायाधीशका रूपमा अस्वीकृत हुने पहिलो प्रस्तावित व्यक्ति थिए ।

**■ कृष्णमान प्रधान – २०८१ साउन १४**



निर्वाचन आयोगको आयुक्त सिफारिस भएका उनीविरुद्ध परेको यौन दुर्व्यवहारसम्बन्धी विवाद र नैतिक आचरणको प्रश्न सुनुवाइमा उठेको थियो । उनले बैठकअघि नै नाम फिर्ता लिन निवेदन दिएका थिए । पछि प्रधानको नाम समितिले सर्वसम्मत रूपमा अस्वीकृत गरेको थियो ।

**■ रामकृष्ण भट्टराई – २०८१ असोज ८**



श्रीलंकाका लागि प्रस्तावित राजदूत भट्टराईले स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्र पेस गर्न नसकेपछि उम्मेदवारी फिर्ता लिन खोजेका थिए । समितिले पछि उनको नाम दुईतिहाइ बहुमतबाट अस्वीकृत गरेको थियो ।
यससँगै समितिले १० जना प्रस्तावित राजदूतको नाम अनुमोदन, २ जनाको अस्वीकृत र १ जनाको नाममाथिको निर्णय स्थगित गरेको छ ।

# रहलपहलमा सम्भावना खोज्दै देउवा कांग्रेस

■ गगन थापा नेतृत्वको कांग्रेससँग रिसाएकालाई आफूतिर तान्ने रणनीति, शेखर कोइराला पक्षका असन्तुष्ट पनि प्राथमिकतामा



■ विक्रम रत्न

काठमाडौं । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षले गगन थापा नेतृत्वको कांग्रेसले गरेको १५औं महाधिवेशनमा असन्तुष्ट भएकालाई समेट्ने नयाँ रणनीतिमा काम गरिरहेको छ ।

कांग्रसको विरासत आफ्नो कब्जामा राख्ने उद्देश्यसहित देउवा पक्षले तल्लो तहदेखि नै थापा पक्षसँग असन्तुष्ट नेता-कार्यकर्ताबीच पुगेर उनीहरूलाई आफूतर्फ तान्ने रणनीतिमा काम गरिरहेको हो ।

१८ देखि २२ असोजसम्म भएको कांग्रेसको महाधिवेशन प्रक्रियाका क्रममा वडा, प्रदेशसभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र हुँदै केन्द्रीय नेतृत्व चयनसम्मको प्रतिस्पर्धाले सो पक्षभित्र असन्तुष्टि बढाएको देउवा पक्षको बुझाइ छ । यही असन्तुष्टिलाई आफ्नो पक्षमा पार्दै संगठन बलियो बनाउने रणनीतिमा देउवा पक्ष सक्रिय देखिएको हो ।

विशेष गरी थापा पक्षको १५औं महाधिवेशनमा पद नपाएका र अन्य कुनै कारणले असन्तुष्ट रहेका नेता-कार्यकर्तालाई आफ्नो समूहमा समेट्ने प्रयास भइरहेको देउवा निकट नेताहरूले बताएका छन् । यही मिसनमा केन्द्रीय तहका नेताहरूलाई जिल्ला, पालिका र वडा तहसम्म पुगेर कार्यकर्तासँग संवाद गर्न तथा संगठनात्मक गतिविधि तीव्र बनाउन परिचालन गर्ने तयारी भएको छ ।

देउवा पक्षको रणनीति आगामी महाधिवेशनबाट कांग्रेसको आधिकारिक धार आफू नै भएको देखाउनेमा केन्द्रित भएको छ ।

**शेखर कोइराला पक्षका असन्तुष्टलाई आकर्षित गर्ने प्रयास**

देउवा पक्षले नेता डा. शेखर कोइरालानिकट रहेका असन्तुष्ट नेता-कार्यकर्तालाई आफ्नो पक्षमा ल्याउने सम्भावनाबारे आन्तरिक छलफल गरिरहेको छ । थापा नेतृत्वको कांग्रेसको १५औं महाधिवेशनको परिणामपछि असन्तुष्ट रहेका नेतालाई समेट्न सकिने आकलन देउवा पक्षको छ ।

देउवा पक्षीय नेता पुष्प पराजुलीका अनुसार पार्टीको तल्लो तहमा संगठन विस्तार र कार्यकर्तासँगको सम्बन्ध सुदृढ बनाउने कामलाई प्राथमिकता दिइएको छ । ▸▸▸ बाँकी पृष्ठ ६

■ विराटनगरमा मुख्यमन्त्री सम्मेलन सम्पन्न

# संघीय सरकारले संघीयता कमजोर बनाइरहेको आरोप

## संघीय कानुन र प्रहरी संरचना हस्तान्तरण गर्न ६ प्रदेशका मुख्यमन्त्रीको माग, १४ बुँदे सुधार प्रस्ताव




■ सौर्य समाचार

काठमाडौं । विराटनगरमा बुधबार सम्पन्न मुख्यमन्त्री सम्मेलनले संघीय सरकारले संघीयता कार्यान्वयनका लागि चाहिने कानुन निर्माण नगरेको गुनासो गरेको छ । सम्मेलनले प्रदेश प्रहरी हस्तान्तरणको माग पनि गरेको छ ।

६ प्रदेशका मुख्यमन्त्री सहभागी सम्मेलनले वित्तीय स्रोत हस्तान्तरणलाई प्रभावकारी बनाउन पनि संघीय सरकारसँग माग गरेको छ । संघीय सरकारको उदासीनताले संघीय शासन प्रणालीको प्रभावकारितामै प्रश्न उठेको मुख्यमन्त्रीहरूको निष्कर्ष छ । उनीहरूले प्रदेशको अधिकार क्षेत्रसँग सम्बन्धित कानुन बनाउन र प्रशासनिक संरचना व्यवस्थापन गर्न संघीय सरकारले ढिलाइ गरेको निष्कर्ष निकालेका छन् ।

कोसी प्रदेश सरकारको आयोजनामा २७ र २८ असोजमा सम्पन्न अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनले संघ, प्रदेश र स्थानीय तहबीच संवैधानिक अधिकार तथा जिम्मेवारीको दोहोरोपन हटाउन १४ बुँदे सुधार प्रस्ताव अघि सारेको छ । ▸▸▸ बाँकी पृष्ठ ६

# सुदूरपश्चिम एमालेमा बढ्यो किचलो

■ बजेटप्रति असन्तुष्टि जनाउँदै सांसदको राजीनामा, ह्विप उल्लंघन गर्ने थापा र पाठकलाई ४८ घन्टे स्पष्टीकरण, पाठकको समिति सभापति पद खोसियो

■ यमुना साउद

कैलाली । बजेटमा बेथिति बढेको र आफ्नै निर्वाचन क्षेत्र विकासका योजनामा उपेक्षा गरिएको भन्दै नेकपा एमालेका सुदूरपश्चिम प्रदेशसभा सदस्य वीरबहादुर थापाले पदबाट राजीनामा दिएपछि पार्टीभित्रको विवाद थप चर्किएको छ ।

बजेटको पक्षमा मतदान गर्न पार्टीले जारी गरेको ह्विप उल्लंघन गरेको भन्दै एमाले संसदीय दलले थापा र अर्का सांसद धर्मराज पाठकसँग स्पष्टीकरण माग्ने निर्णय गरेको छ ।

कञ्चनपुर निर्वाचन क्षेत्र-१(१) बाट निर्वाचित थापाले २७ असोजमा प्रदेशसभा सभामुख भीमबहादुर भण्डारीसमक्ष राजीनामा बुझाएका थिए । तर, सभामुखले उनको राजीनामा स्वीकृत नगरी होल्ड गरेका छन् ।





प्रदेश सरकारको बजेट निर्माण प्रक्रियामा देखिएको बेथिति, निर्वाचन क्षेत्रको विकासमा भएको उपेक्षा र जनताका अपेक्षाअनुसार काम गर्न नसकेको अवस्थालाई राजीनामाको मुख्य कारणका रूपमा प्रस्तुत गर्दै थापाले प्रदेश सरकार तथा बजेटप्रति आफ्नो असन्तुष्टि सार्वजनिक गरेका छन् । उनको कदमले सुदूरपश्चिममा एमालेभित्र बजेट र संसदीय अनुशासनलाई लिएर देखिएको मतभेद सतहमा ल्याएको छ ।

एमाले सुदूरपश्चिम प्रदेश संसदीय दलको बुधबार बसेको बैठकले थापा र पाठकलाई ४८ घन्टाभित्र जबाफ पेस गर्न निर्देशन दिँदै स्पष्टीकरण सोध्ने निर्णय गरेको हो । बैठकमा सहभागी सांसदका अनुसार पार्टीको निर्देशनविपरीत गतिविधि गरेको विषयमा दुवै जनासँग जबाफ मागिएको छ ।

यसैबीच, पाठकलाई सामाजिक विकास समितिको सभापति पदबाट फिर्ता बोलाउने निर्णयसमेत गरिएको छ । पार्टीले मंगलबारको प्रदेशसभा बैठकमा अनिवार्य उपस्थित भई बजेटको पक्षमा मतदान गर्न ह्विप जारी गरेको थियो । तर, थापा र पाठक दुवै बैठकमा अनुपस्थित भएका थिए । ▸▸▸ बाँकी पृष्ठ ६

# खसीबोका बजारमा किन्नेभन्दा भाउ बुझ्ने बढी

## मासुको मूल्य भने १ वर्षमै २५ प्रतिशत वृद्धि

■ दीपेन्द्र सापकोटा



काठमाडौं । बुधबार बागबजारस्थित खसीबजारमा पंक्तिकार पुग्दा खसीबोकाको मोलमोलाइ भइरहेको थियो । केही व्यापारीलाई ग्राहक आएकाले बोल्ने फुर्सद थिएन भने कोही भने ग्राहक आउने प्रतीक्षामा थिए । तीमध्ये एक थिए– दिनेश बाँस्कोटा । उनी यस वर्ष अघिल्लो वर्षको तुलनामा खसीबोकाको बिक्रीमा कमी आएको बताउँछन् । यसको मुख्य कारण भोटेकोसी र बूढीगण्डकीमा आएको बाढीका कारण दसैंमा पनि अधिकांशमा उत्साह नआएकाले हुन सक्ने उनको अनुमान छ ।

'अघिल्लो वर्षको तुलनामा यो वर्ष खसीबोकाको बिक्री कम भइरहेको छ । बाढीका कारण अधिकांश मानिसमा उत्साह नआएकाले हुन सक्छ,' सौर्य दैनिकसँग बाँस्कोटाले भने । खसीबजारमै लामो समयदेखि स्थायी रूपमा खसीबोका बिक्री गरिरहेका उनले दसैंका लागि एक-डेढ सय खसीबोका तथा च्यांग्रा बेचिसकेका छन् । तर, यो अघिल्लो वर्षको तुलनामा धेरै कम हो । यी पनि बढीजसो फ्रेस हाउसले किनेको उनले बताए ।

आफूले जिउँदो खसीबोका प्रतिकिलो ८०० देखि ९०० रुपैयाँसम्ममा बिक्री गरिरहेको उनले सुनाए । च्यांग्रा भने उनले १ हजार ३०० देखि १ हजार ३५० रुपैयाँसम्ममा बिक्री गरिरहेका छन् । दसैंको फूलपाती आउन अझै ३ दिन रहेकाले अझै पनि उनलाई खसीबोका बिक्री हुने आशा छ । 'दसैंको फूलपाती आउन अझै ३ दिन छ । यसर्थ, फूलपातीसम्ममा बिक्री बढ्ने अनुमान छ,' उनले थपे ।

काठमाडौंमा अधिकांश घरमा खसीबोका बाँध्ने ठाउँ नभएकाले ढिलो किन्नेको संख्या पनि उत्तिकै हुने गरेको बाँस्कोटाले बताए । यसले गर्दा अहिले खसीबजारमा किन्नेभन्दा सोध्ने मानिस बढी आउने गरेको उनको अनुभव छ । 'काठमाडौंका अधिकांश घरमा खसीबोका बाँध्ने ठाउँ हुँदैन । झन् डेरामा बस्नेका लागि त यो अझ ठुलो समस्या हो । यसैले धेरैजसोले फूलपाती आसपासमै खसीबोका किन्ने गरेका छन् । अहिलेचाहिँ भाउ बुझ्ने बढी आउँछन्,' उनले भने । ▸▸▸ बाँकी पृष्ठ ६

# प्रधानमन्त्रीको आग्रहले पनि घटेन हवाई भाडा

■ न्यूनतम र अधिकतम भाडाबीचको फराकिलो अन्तरले अन्योल, एउटै दर कायम गर्न प्राधिकरणकै सुझाव

■ चमिना भट्टराई



काठमाडौं । चाडपर्वमा हवाई यात्रुको चाप बढेसँगै आन्तरिक उडानको टिकट पाउन कठिन भएको छ । टिकट उपलब्ध भए पनि सस्तो दरका टिकट सकिएको भन्दै यात्रुले महँगो मूल्य तिर्नुपर्ने अवस्था छ । चाडपर्वको समयमा हवाई भाडा नबढाउन प्रधानमन्त्री वालेन्द्र शाहले गरेको आग्रह र वायुसेवा कम्पनीसँग भएको सहमतिसमेत कार्यान्वयनमा आउन सकेन ।

प्रधानमन्त्री शाहले केही दिनअघि चाडपर्वका बेला यात्रुलाई राहत दिन स्वीकृत अधिकतम भाडाभन्दा कम मूल्यमा टिकट बिक्री गर्न वायुसेवा कम्पनीलाई आग्रह गरेका थिए । त्यसपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेस) को सक्रियतामा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले आन्तरिक वायुसेवा कम्पनीका प्रतिनिधिसँग छलफल भएको थियो । छलफलमा कम्पनीहरूले २७ मंसिर, २०७३ को निर्णयअनुसार स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री गर्ने सहमति जनाएका थिए ।

तर, सहमतिअनुसार सस्तो दरका टिकट उपलब्ध हुन नसकेको यात्रुको गुनासो छ । काठमाडौंबाट बाहिरिने यात्रुले घटस्थापनापछि प्रमुख गन्तव्यका उडानमा टिकट पाउन कठिन भएको र उपलब्ध टिकटसमेत न्यूनतम वा मध्यम मूल्यका नभई महँगो दरका रहेको बताएका छन् । ▸▸▸ बाँकी पृष्ठ ६

# काठमाडौंमा 'बुक फ्री फ्राइडे' सञ्चालन मार्गदर्शन स्वीकृत

## स्थान, स्रोत तथा जनशक्तिको अभाव स्कुल-स्कुल पार्टनरसिपबाट व्यवस्थापन गर्न सकिन्छ : कार्यवाहक प्रमुख डंगोल

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाको नगर शिक्षा समितिले 'पुस्तकरहित शुक्रबार (बुक फ्री फ्राइडे) कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३' स्वीकृत गरेको छ । सोमबार कार्यवाहक प्रमुख एवं समिति अध्यक्ष सुनिता डंगोलको अध्यक्षतामा बसेको बैठकले स्वास्थ्य तथा शिक्षा समितिबाट सिफारिस भएको मार्गदर्शन स्वीकृत गरेको हो ।

मार्गदर्शनको उद्देश्य विद्यार्थीको रुचि, सिर्जनात्मक प्रतिभा र जीवनोपयोगी सीप विकासमा केन्द्रित हुँदै पुस्तकरहित शुक्रबारका कार्यक्रमलाई व्यवस्थित बनाउनु हो । यसमा कक्षागत आवश्यकताअनुसार फरक-फरक कार्यक्रम सञ्चालन, विज्ञ प्रशिक्षक परिचालन, सिकाइको नियमित अनुगमन र मूल्यांकनलगायत व्यवस्था छन् ।

बैठकमा कार्यवाहक प्रमुख डंगोलले स्कुल-स्कुल पार्टनरसिप कार्यक्रममार्फत खेल मैदान, स्रोतसाधन र जनशक्तिको अभाव व्यवस्थापन गर्न सकिने बताइन् । 'खेल मैदान नभएका विद्यालयका विद्यार्थीलाई खेल मैदान भएको नजिकको विद्यालयमा लैजाऔं । त्यहाँका विद्यार्थीलाई पनि प्रशिक्षण गराऔं । यो एउटा उत्कृष्ट मोडल बन्न सक्छ,' उनले भनिन् ।

उनले कार्यक्रमको प्रभावकारिता र विद्यार्थीले हासिल गरेको ज्ञान, सीप तथा दक्षताको स्वतन्त्र अध्ययनमार्फत मूल्यांकन गर्नुपर्नेमा जोड दिइन् । शिक्षा स्वास्थ्य समितिका संयोजक चिनीकाजी महर्जनले पनि कार्यक्रम तर्जुमा गर्दा सन्तुलित सिकाइलाई ध्यान दिनुपर्ने बताए ।

### कक्षाअनुसार फरक कार्यक्रम

कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई उमेर, रुचि र आवश्यकताका आधारमा कार्यक्रममा सहभागी गराइनेछ । शिक्षा विभागका प्रमुख नमराज ढकालका अनुसार कक्षा १ देखि ३ सम्म 'रमाइलो शुक्रबार', कक्षा ४ देखि ८ सम्म 'सिर्जनात्मक सिकाइ', कक्षा ९ मा 'शिक्षामा सीप' तथा कक्षा ४ देखि १० सम्म खेलकुद र 'सुन्दर विद्यालय' कार्यक्रम सञ्चालन गरिनेछ ।

'सिर्जनात्मक सिकाइ' अन्तर्गत अबाकस, स्टिम (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला तथा गणितमा आधारित), कोडिङ तथा कृत्रिम बौद्धिकता, योग र ध्यान, गायन, वाद्यवादन, नृत्य, भित्तेचित्र र हस्तकला समावेश छन् । विद्यार्थीको रुचि र क्षमताअनुसार उपसमूह गठन गरी प्रतिभा उजागर गर्ने र प्रयोगात्मक सिकाइलाई प्रोत्साहन गरिनेछ ।

परीक्षा तथा कार्यक्रम महाशाखा प्रमुख सुशील सुवेदीका अनुसार कक्षा ९ को 'शिक्षामा सीप' कार्यक्रमअन्तर्गत ब्युटिसियन तथा हेयर स्टाइल, पाककला, हाउस वायरिङ तथा इलेक्ट्रिकल र स्केचिङ तथा स्कल्प्चर विधा समावेश छन् । प्रत्यक्ष अभ्यासमार्फत



विद्यार्थीलाई व्यावहारिक दक्षता, उद्यमशीलता र भविष्यको रोजगारीका लागि आवश्यक सीप प्रदान गर्ने महानगरको लक्ष्य छ ।

खेलकुदतर्फ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश भलिबल, कबड्डी, एथलेटिक्स, तेक्वान्दो र कराँते तथा क्रिकेट र फुटबल गरी सात खेलमा प्रशिक्षण र प्रतिस्पर्धा गराइनेछ । खेल मैदान नभएका विद्यालयले नजिकका खुला स्थानमा खेल सञ्चालन गर्न सक्नेछन् ।

'सुन्दर विद्यालय' कार्यक्रमअन्तर्गत विद्यार्थीको सहभागितामा शौचालय तथा कक्षाकोठा सरसफाइ, फोहोरमैला व्यवस्थापन, विद्यालय परिसरको सजावट, वृक्षरोपण, हरियाली प्रवर्द्धन र वातावरण संरक्षणका गतिविधि सञ्चालन गरिनेछ । यसका लागि विद्यालयले हरेक शुक्रबार ३० मिनेट समय छुट्याउनुपर्नेछ ।

### १०० घन्टाको सिकाइ, प्रशिक्षकको योग्यता निर्धारण

मार्गदर्शनअनुसार 'सुन्दर विद्यालय' अन्तर्गतको बालबालिका तथा वातावरण (बावा) उपसमूहबाहेक अन्य उपसमूहको सिकाइ अवधि प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा ७५ घन्टा र परियोजना कार्यमा २५ घन्टा गरी कुल १०० घन्टाको हुनेछ । विद्यालयले हरेक शुक्रबार ३ घन्टा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । सिर्जनात्मक सिकाइ, शिक्षामा सीप र खेलकुदका उपसमूहका गतिविधि १ शैक्षिक सत्रमा २५ शुक्रबार सञ्चालन गर्नुपर्ने व्यवस्था छ ।

सिर्जनात्मक सिकाइका प्रशिक्षक सम्बन्धित विधामा डिप्लोमा उत्तीर्ण वा कम्तीमा ५ वर्षको अनुभव भएका बाह्य विज्ञमध्येबाट छनोट गर्न सकिनेछ । कक्षा ९ को 'शिक्षामा सीप' कार्यक्रमका लागि सम्बन्धित विषयमा स्नातक उत्तीर्ण प्रशिक्षक र डिप्लोमा उत्तीर्ण सहायक प्रशिक्षकको व्यवस्था गरिएको छ । आवश्यक योग्यता भएका जनशक्ति उपलब्ध नभएमा तोकिएको अनुभव भएका व्यक्तिलाई परिचालन गर्न सकिनेछ । स्टिम तथा बालबालिका र वातावरणसम्बन्धी कार्यक्रम अनुभवी र तालिमप्राप्त फोकल शिक्षकबाट सञ्चालन हुनेछ ।

विद्यालयले शैक्षिक सत्र सुरु भएको १ महिनाभित्र विद्यार्थीको रुचि र आवश्यकताका आधारमा सामान्यतः ४० जनासम्म रहने गरी उपसमूह गठन गरेर शिक्षा विभागमा विवरण पठाउनुपर्नेछ । बावा उपसमूहबाहेक अन्य उपसमूहमा विद्यार्थीलाई दोहोरो सदस्यता दिन पाइनेछैन । प्रशिक्षकको हाजिरी, प्रशिक्षण अवधि, सिकाइ सामग्री खरिद, खर्च विवरण र फोकल शिक्षकको प्रतिवेदन अभिलेखीकरण गर्नुपर्नेछ ।

### अनुदान र अनुगमनको व्यवस्था

कार्यक्रम सञ्चालनका लागि महानगरले विधाअनुसार अनुदानको सीमा तोकेको छ । सिर्जनात्मक सिकाइका प्रत्येक उपसमूहलाई अधिकतम ८७ हजार ५०० रुपैयाँ, शिक्षामा सीपका विधाअनुसार १ लाख ९ हजार ७५० देखि २ लाख १५ हजार ७५० रुपैयाँसम्म तथा खेलकुदका प्रत्येक विधालाई सहायक प्रशिक्षकबाहेक अधिकतम १ लाख १८ हजार २५० रुपैयाँ अनुदान दिइनेछ । विद्यालयले प्रारम्भिक लागतको ५० प्रतिशत रकम पेस्कीका रूपमा पाउनेछ भने कार्यक्रम सम्पन्न भएपछि आवश्यक कागजात र खर्च विवरणका आधारमा बाँकी रकम निकासा हुनेछ ।

कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न प्रधानाध्यापक, विद्यालय निरीक्षक, स्रोत शिक्षक तथा महानगरपालिकाका पदाधिकारीबाट नियमित अनुगमन र मूल्यांकन गरिनेछ । प्रधानाध्यापकले प्रशिक्षक छनोट, सम्झौता, कार्यक्रमको गुणस्तर, वित्तीय उत्तरदायित्व र प्रतिवेदनको जिम्मेवारी लिनुपर्नेछ भने फोकल शिक्षकले दैनिक गतिविधिको विवरण राखी समग्र प्रतिवेदन पेस गर्नुपर्नेछ । आवश्यकताअनुसार कार्यक्रमअन्तर्गतका विधामा प्रतिस्पर्धा तथा प्रदर्शनी आयोजना गर्न सकिनेछ ।

बैठकले महेन्द्र भवन आवासीय माध्यमिक विद्यालयको नाम परिवर्तन गरी 'महेन्द्र भवन महानगर विद्यालय' कायम गर्ने निर्णयसमेत गरेको छ । गत साउन ६ गते महेन्द्र भवन शैक्षिक गुठी र काठमाडौं महानगरपालिकाबीच विद्यालयलाई आधुनिक तथा नमुना विद्यालयका रूपमा सञ्चालन गर्न र गुरुयोजना बनाएर विशेष विद्यालय सञ्चालन गर्न सम्झौता भएको थियो ।

बैठकमा समितिका सदस्य एवं विद्यालयका प्रधानाध्यापकहरू हेरम्बराज कँडेल र राजेन्द्र अधिकारीले कार्यक्रमको नतिजालाई अनुदानसँग जोड्दै लैजानुपर्ने बताए ।


**Malaysia मा रोजगार** **1. Restoran Hwa Mui Sutera Sdn. Bhd., Malaysia**

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/२/११ चलानी नं. ६०२५६००३ LTNo. : 342641

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Crew | 1 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

**2. Restoran Hwa Mui Sutera Sdn.Bhd., Malaysia**

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/२/११ चलानी नं. ६०२५६००४ LTNo. : 342642

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Chef (Cook) | 1 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**3. Restoran Huamui Sdn. Bhd.** पूर्व स्वीकृती मितिः २०८३/३/१ चलानी नं.६०२५६८९९ LTNo. : 343430

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Chef (Cook) | 1 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**4. Restoran Huamui Sdn. Bhd.** पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/३/१ चलानी नं.६०२५६८९७ LTNo. : 343428

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Chef (Cook) | 7 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**5. Restoran Huamui Sdn. Bhd.** पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/३/१ चलानी नं.६०२५६८९८ LTNo. : 343429

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Service Crew | 10 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

**6. H.O.T Ree Industries Sdn. Bhd.** पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/१२/२० चलानी नं. ६०२५३८३७ LT No.: 340359

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 2 | 0 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

**7. Rt Pastry House Sdn. Bhd.** पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८३/१/२८ चलानी नं. ६०२५५३६८ LTNo. : 341832

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/Factory Worker | 3 | काममा दक्ष | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | निःशुल्क |

**अन्तरवार्ता २०८३ कार्तिक ८ र ९ गते (25 & 26 Oct., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम ईजाजत नं.: ७६०/६५/६६

सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०११११२२५९, ९८०१११२२५०, ९८०१०६४०९१

सम्पर्क अधिकारी : ९८०१११२२५० (दिनेश तिवारी)


## यात्री सुइटस् एण्ड स्पा लि. (९९ शय्यामा) होटल निर्माण तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/६/२९)**

बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. २६ मा यात्री सुइटस् एण्ड स्पा लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम तथा ठेगाना** | यात्री सुइटस् एण्ड स्पा लि., काठमाडौं महानगरपालिका वडा नं. २६ |
| **प्रस्तावको व्यहोरा** | कुल ९९ शय्यामा होटल निर्माण तथा सञ्चालन गर्ने |
| **प्रभाव पर्न सक्ने जिल्ला न.पा.** | काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. २६ अमृत मार्ग ठमेल |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री संस्कृति,पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं
ईमेल:info@tourismdepartment.gov.np, फोन नं.: +९७७-०१-५३४७०३७
२. श्री यात्री सुइटस् एण्ड स्पा लि., का.म.न.पा वडा नं. २६, काठमाण्डौं जिल्ला, बागमती प्रदेश
३. श्री काठमाण्डौं महानगरपालिका वडा नं २६, काठमाण्डौं जिल्ला, बागमती प्रदेश
फोन नं.: ०१-४४१६९१३
४. श्री दाहाल ग्रुप अफ कन्सल्टेन्ट प्रा. लि., काठमान्डौं
फोन नं.: ९८५११८४४६०
इमेलः dahalgroupofconsultants509@gmail.com

कर्णाली प्रदेश सरकार
जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय

## खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**प्रकाशित मितिः २०८३–०६–२९**

यस कार्यालयबाट प्रकासित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा देहायका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताब स्वीकृत गरि आर्थिक प्रस्ताव खोल्न मनासिब देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ७ को प्रयोजनार्थ यो गरिएको छ ।

**तपसिलः**

Project Title: Construction of Suryatara Lift Water Supply Project, Chaukune–09, Surkhet
Contract No. 01/083-084/NCB/Works/WSP/DWIED-Surkhet

| क्र. सं. | प्राविधिक मुल्यांकनमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|
| १ | M/s Bhumi Nirman Sewa, Madi-02, Rolpa | मितिः-२०८३/०७/०९ गते, दिनको ३ बजे खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय वीरेन्द्रनगर, सुर्खेत |
| २ | M/s Ashoka -MK- Naw Shrijana Nirman Sewa J.V, Birendranagar-2, Surkhet | |
| ३ | M/s Prithivi/ Raj- J.V. Madi-02, Rolpa | |

**नि. कार्यालय प्रमुख**

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, बागमती शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०६/२९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लेखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्री गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | काले माझीको नातिनी, सन्त बहादुर माझीको छोरी, मकवानपुर जिल्ला, फापरबारी गा.वि.स. वडा नं. २ बस्ने **सरिता माझी** । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १. | तोतले राईको नाती, इश्वर राईको छोरा, मकवानपुर जिल्ला, बागमती गा.पा. वडा नं. ४ बस्ने **उमेश राई** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **सरिता माझी**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, फापरबारी गा.वि.स./न.पा. वडा नं. ४ स्थित नक्सा सीट नं. ४ को कित्ता नं. ९०९ को ०-३-२-० (वि.क.धु.क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

## Chingad Rural Municipality
## Office Of The Rural Municipalexecutive

Awalching, Surkhet
Karnali Province, Nepal

### Invitation for Sealed Quotation(Hard Copy)

**Second Date of publication: 2083-06-29**

1. Chingad Rural Municipality, Office of Municipal Executive, Pungkhet, Surkhet invites Sealed Quotation (Hard Copy) only for eligible bidders as per details given below under NCB bidding Procedures.

| S. N. | Contract Identification Number | Description of works | Estimated Amount (with VAT) | BID Validity Period | BID Security Amount. | Non-Refundable Fee for BID Document purchase(Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | CRM/SQ/River Materials /01/2083/084 | Extraction, Collection And Selling Of River Found Materials At CHINGAD KHOLA | 19,11,006.63 | 45 days | 50,000.00 | 1,000.00 | |
| 2. | CRM/SQ/Suchana /02/2083/084 | Bigyapan Tatha Suchana Prakashan Of Chingad Gaunpalika For F/Y:-2083/084 | 4,99,460.00 | 45 days | 13,000.00 | 1,000.00 | |

2. Further Information to bidders:-
**Account No. for BID Document Purchase:**
**Name of bank:** Sanima Bank, Chingad branch **Name of account :** Aantarik rajaswa khata **Account number:** 069010040000005
**Last date and time of BID purchase:** 2083-07-12 : at 17:00 **Last date and time of Submission of BID:** 2083-07-13 : at 13:00
**Date, Time and Place of Opening:** 2083-07-13 at 14:00, At Chingad Rural Municpality office, Pungkhet, Surkhet.
3. Bid Security Validity Period: 30 Day beyond bid Validity Period
**Account No. for BID Security Deposit:**
**Name of bank:** Sanima Bank, Chingad branch **Name of account :** DHARAUTI KHATA **Account number:** 069010020000045
4. If the last Date of Submission and Opening falls on a Government Holiday then next working day shall be considered as the last day.
5. Other mandatory information as per PPA and PPR.
6. Work should be completed within running fiscal year.

*Chief Administrative Officer*

# महँगीले मधेसको दसैं खल्लो

## बजारमा खाद्यान्न किन्न सक्ने अवस्था नरहेको सर्वसाधारणको गुनासो

■ विशाल बस्नेत



महोत्तरी । यतिबेला मधेसको दक्षिणी क्षेत्रमा बाँसका कलात्मक, ठुल्ठुला दरबार आकारका स्वरूपहरू सिँगारिएका छन् । घटस्थापनादेखि नै देवीका शक्तिपीठहरू भरिभराउ छन् । दसैंकेन्द्रित मैथिली गीतहरू टोल-टोलमा गुन्जिन थालेका छन् ।

गाउँबस्तीमा कलश बोकेका बालबालिका बाक्लै देखिन्छन् । अनि सँगै गुन्जिन्छन्– ‘आइल दशहरा, घर-घर खुसियाली, दुर्गा मइया अइली, भरली अँगनवाली’ जस्ता गीत ।

दसैं अर्थात् दशहराको संघारमा मधेस जुरुक्क उचालिएको छ । मानिसहरू रावणको अन्त्यका लागि थरीथरीका बुख्याँचाहरू बनाउन थालेका छन् ।

तर, महँगीका कारण श्रमिक वर्गलाई दसैं मनाउन नै कठिन बनेको छ । बजारमा खाद्यान्न किन्न नसक्ने अवस्था सिर्जना भएको सर्वसाधारणको गुनासो छ ।

‘चिनीको मूल्य नै १३० छ, अन्य धेरै सामग्रीमा दोब्बर मूल्य बढेको छ । अनि कसरी दसैं मनाउनु र हामीजस्ता मजदुरले ?,’ महोत्तरीका सञ्जय सदाले भने, ‘दसैं त आयो, तर दशा आएजस्तो लागेको छ ।’ सदालाई जस्तै रामप्रित महतोलाई पनि दसैं कसरी मनाउने भन्ने चिन्ता थपिएको छ । बजारमा गएर हजारौं खर्च गर्दा पनि केही पनि नआउने बताउँदै महतो महँगीकै कारण यसपालिको दसैं खल्लो बनेको बताउँछन् ।

‘छोराछोरीले अरूले लगाएको देख्दा लगाउन खोज्छन्, खान खोज्छन् । तर, आर्थिक स्थिति हेर्दा यो दशहरा मात्र होइन, कुनै पनि पर्व नआओस् भन्ने लाग्छ,’ उनी भन्छन्, ‘पहिले त यस्तो थिएन । महँगी किन यसरी बढेको हो भन्ने ठम्याउनै सकिएको छैन ।’

मधेस प्रदेशमा गरिबीको अवस्था राष्ट्रिय औसतभन्दा बढी छ । राष्ट्रिय तथ्यांक कार्यालयको नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार मधेस प्रदेशका २२.५३ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् । अर्थात् प्रत्येक १०० जनामध्ये झन्डै २३ जना गरिबीको अवस्थामा छन् । उनीहरूको जीविकोपार्जन मजदुरी गरेर नै धानिरहेको छ । यदि नियमित काम भएन भने बिहान-बेलुका छाक टार्न कठिन हुने अवस्था छ । अझ मधेसमा पर्व र उत्सवहरू अत्यधिक हुन्छन् । दसैंलगत्तै तिहार र छठसमेत महत्त्वपूर्ण पर्व हुन् ।

त्यसमाथि बढेको महँगीका कारण जीवनस्तर थप कष्टकर भएको सर्वसाधारण बताउँछन् । ‘अब दसैं अरूले जसरी मनाउँछन्, त्यसैगरी मनाउनुपर्ने अवस्था छ,’ स्थानीय रामसरोज यादव भन्छन्, ‘महँगीका कारण चाडपर्व नै खल्लो हुने भयो ।’

जीवनस्तर सर्वेक्षण २०८१/८२ अनुसार मधेसको आर्थिक वृद्धिदर ४.५० प्रतिशत भए पनि उपभोक्ता मुद्रास्फीति भने ३.५२ प्रतिशत छ, जसले महँगीको अवस्था चित्रण गर्छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा यो प्रदेशको योगदान १३.२ प्रतिशत छ । तर, उत्पादन खर्च भने ३.२६ प्रतिशत मात्र छ । बहुआयामिक गरिबी २२.५३ प्रतिशत छ भने बिस्तारै गाउँहरू सहरमा रूपान्तरण भएका छन् । जसका कारण मानिसहरू बजारमा निर्भर रहनुपर्ने बाध्यता सिर्जना हुँदै गएको छ ।

दसैंमा उच्च खपत हुने खसीको मासुको मूल्य गत वर्षको तुलनामा प्रतिकिलो २०० रुपैयाँसम्म बढेको छ । अघिल्लो वर्षको तुलनामा कुखुराको मासुको मूल्यसमेत बढेको व्यवसायी शैलेश दाहाल बताउँछन् ।

व्यवसायीका अनुसार गत वर्ष यही समयमा खसीको मासु प्रतिकिलो १ हजार ४५० रुपैयाँसम्ममा बिक्री हुने गरेको थियो भने यस वर्ष १ हजार ६०० नाघिसकेको छ । जिउँदो खसीको मूल्यसमेत गत वर्ष प्रतिकिलो ६८० रुपैयाँ रहेकामा अहिले ९०० रुपैयाँ पुगेको मासु व्यवसायी बताउँछन् । अघिल्लो वर्ष ८० रुपैयाँमा पाइने चिनी अहिले १३० रुपैयाँ पुगेको छ ।

‘गरिबलाई मात्र होइन, हामीजस्ता मध्यम वर्गका लागि समेत यो महँगी ठुलो समस्या बनेको छ,’ स्थानीय शंकर महतोले भने, ‘पहिले भान्सामा ५ हजार रुपैयाँ लाग्थ्यो भने अहिले दोब्बर लाग्न थालिसकेको छ ।’

श्रम ऐन, २०७४ को दफा ३७ मा प्रचलित धर्म, संस्कृति तथा परम्पराअनुसार मनाइने चाडपर्वका लागि प्रत्येक श्रमिकले खाइपाई आएको १ महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रूपमा पाउने व्यवस्था छ । तर, मधेसका श्रमिकहरूले यो सुविधा नपाएको गुनासो गर्दै आएका छन् ।

‘सुविधाको कुरा त छाड्नुस्, पाउने पैसा त दिँदैनन् साहुहरूले । अन्तिममा ऋण खोजेर चाड मनाउनुपर्छ,’ धनुषाको मिथिलाकी राममाया नेपाली भन्छिन्, ‘हरेक चाडपर्वमा ऋण लिने गरेका छौं । पछि काम गरेर तिर्छौं । अझ महँगी कति धेरै बढेको छ । यसपालि त ऋण तिर्न नै वर्षभरि काम गर्नुपर्लाजस्तो छ ।’

### ‘यो सरकारले नागरिकको मनोभावना बुझ्नै सकेन’

बर्दिवास-३ का द्रोणबहादुर खड्का अघिल्लो महिनासम्म डिसहोम नेट र टिभी राखेबापत जम्मा १ हजार ५० रुपैयाँ तिर्थे । तर, अहिले सो मूल्य बढेर १ हजार ४०० पुगेको छ । टिभी तथा नेट चलाउन पनि नसक्ने अवस्था आएको भन्दै खड्का अब नेट हटाउन लागेको बताउँछन् ।

‘अब भान्साका सामानदेखि सबै कुरामा महँगी बढेको छ,’ उनी भन्छन्, ‘यो सरकारले पो केही गर्छ कि ! जस्तो लागेको थियो । अहिले हेर्दा त जुन जोगी आए पनि कानै चिरेजस्तो भन्ने उखान चरितार्थ भएको छ ।’

बजार अनुगमन प्रभावकारी नहुँदा तथा कालोबजारी गर्नेहरूको पहिचान गर्न नसक्दा थप समस्या भइरहेको उनको भनाइ छ । यो सरकार आएपछि सर्वसाधारणको जीविकोपार्जन अझ सहज हुन्छ भन्ने अपेक्षा राखिए पनि त्यसको ठिक विपरीत अवस्था बनेको स्थानीयको गुनासो छ ।

सर्लाहीका वसन्त घिमिरे महँगी ठुलो समस्या बनेको बताउँदै सरकारले नागरिकको संवेदनशीलतालाई ध्यान दिनुपर्ने बताउँछन् । ‘पेट्रोलको मूल्य बढेको छ, खाद्यान्न तथा तरकारीमा अचाक्ली मूल्य बढेको छ,’ घिमिरेले भने, ‘सरकारले किन यसको नियमन गर्न सकेको छैन, अचम्म लागेको छ । अब कसलाई पो के भन्नु र !’

२०७८ सालको जनगणनाअनुसार मधेसमा आर्थिक रूपले सक्रिय जनसंख्या २७ लाख ३० हजार ४४७ छ, जुन कुल जनसंख्याको ५२.२ प्रतिशत हो । त्यस्तै, आर्थिक रूपले निष्क्रिय २० लाख ३४ हजार ८७६ जनसंख्या छ, जुन मधेसको जनसंख्याको २०.२ प्रतिशत हो । अक्सर बेरोजगारीको संख्या भने १ लाख ४९ हजार ४११ अर्थात् ८.३ प्रतिशत छ ।

# बर्दियामा अवैध हतियार बरामद हुने क्रम बढ्दै

■ सौर्य समाचार



बर्दिया । चाडपर्व नजिकिँदै गर्दा बर्दियामा बेवारिसे अवस्थामा अवैध हतियार फेला पर्ने क्रम बढेको छ । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म जिल्लाका विभिन्न स्थानबाट ४ वटा हतियार बरामद भएका छन् ।

पछिल्लो पटक ठाकुरबाबा नगरपालिका-३ गोदानास्थित कोपिला सामुदायिक वनमा मंगलबार खिया लागेको कटुवा पेस्तोल फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । स्थानीयको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बगनाहाको टोलीले उक्त पेस्तोल बरामद गरेको प्रहरी निरीक्षक टेकबहादुर देउवाले जानकारी दिए ।

यसअघि गत २४ जेठमा सोही सामुदायिक वनमा भरुवा बन्दुक फेला परेको थियो । त्यस्तै, साउन २२ गते बढैयाताल गाउँपालिका-७ कर्णालीपुरस्थित सडकछेउको झाडीबाट कटुवा पेस्तोल बरामद भएको थियो ।

२४ भदौमा बढैयाताल गाउँपालिका-२ स्थित सिर्जनशील सामुदायिक वनमा बन्दुकको नालसहित भरुवा बन्दुक फेला परेको थियो भने २५ भदौमा गेरुवा गाउँपालिका-२ बालुवाटार जाने सडकछेउको झाडीबाट कटुवा पेस्तोल बरामद गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सरोज पौडेलका अनुसार अवैध हतियार नियन्त्रणका लागि गत वैशाखदेखि ‘स्विप अपरेसन’ सञ्चालन गरिएको छ । अभियानलाई तीव्रता दिएसँगै बेवारिसे अवस्थामा हतियार फेला पर्ने क्रम बढेको उनले बताए ।

भारतसँग सीमा जोडिएको बर्दियाका सामुदायिक वन क्षेत्रमा चोरीसिकारी हुने गरेकाले प्रहरीले निगरानी बढाएको छ । प्रहरीको सक्रियता बढेपछि अवैध हतियार राख्नेहरूले लुकाउने वा छाड्ने क्रममा ती हतियार फेला परेको हुन सक्ने प्रहरीको अनुमान छ । जिल्लामा अझै अवैध हतियार रहेको हुन सक्ने आशंकामा प्रहरीले खोजी तथा नियन्त्रण अभियानलाई निरन्तरता दिएको छ । चाडपर्वका बेला हुन सक्ने सम्भावित सुरक्षा चुनौती न्यूनीकरण गर्नु अभियानको मुख्य उद्देश्य रहेको प्रहरी उपरीक्षक पौडेलले बताए ।

# बाजुरामा वडा कार्यालयबाटै जिल्ला प्रशासनको काम

■ सौर्य समाचार



बाजुरा । बाजुरामा जिल्ला प्रशासन कार्यालयबाट लिनुपर्ने विभिन्न प्रमाणित सिफारिस अब वडा कार्यालयबाटै प्राप्त गर्न सकिने भएको छ । अनलाइन प्रणालीमार्फत सेवा उपलब्ध गराउने व्यवस्था सुरु भएपछि दुर्गम क्षेत्रका नागरिकलाई सदरमुकाम मार्तडी धाउनुपर्ने बाध्यता हट्ने भएको हो ।

प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालले नागरिकलाई सहज, सरल र प्रविधिमैत्री सेवा उपलब्ध गराउने उद्देश्यले नयाँ व्यवस्था लागू गरिएको बताए । यसबाट विशेष गरी भौगोलिक विकटता र आर्थिक कठिनाइका कारण सरकारी सेवा लिन समस्या भोग्दै आएका नागरिक लाभान्वित हुने उनको भनाइ छ ।

यसअघि सिफारिस लिन आवश्यक कागजात बोकेर जिल्ला प्रशासन कार्यालय पुग्नुपर्ने बाध्यता थियो । सदरमुकाम पुग्न दिनभर लाग्ने तथा यातायात र अन्य खर्चसमेत बेहोर्नुपर्ने समस्याले दुर्गम क्षेत्रका बासिन्दा प्रभावित हुँदै आएका थिए ।

नयाँ व्यवस्थाअनुसार सेवाग्राहीले आवश्यक निवेदन, नागरिकताको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस पेस गर्नुपर्नेछ । वडा कार्यालयले ती कागजात जिल्ला प्रशासन कार्यालयको इमेलमा पठाउनेछ । प्रशासनले आवश्यक जाँचबुझ गरी तयार पारेको सिफारिस पुनः इमेलमार्फत सम्बन्धित वडा कार्यालयमा पठाउनेछ ।

यसबाट नागरिकको समय र खर्च बचत हुनुका साथै सरकारी सेवा प्रवाह प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

मंगलबार सञ्चारकर्मीसँगको छलफलमा प्रमुख जिल्ला अधिकारी रिजालले सरकारी सेवालाई सूचना प्रविधिमैत्री र सेवाग्राहीमुखी बनाउनुपर्नेमा जोड दिए । उनले परम्परागत प्रक्रियामा मात्र सीमित नभई उपलब्ध प्रविधिको अधिकतम प्रयोग गरेर नागरिकलाई सहज सेवा दिनुपर्ने बताए ।

# देशभरका १०९ ठुला सामुदायिक विद्यालयमा साढे ६ अर्ब लगानी गरिँदै

■ सौर्य समाचार

काठमाडौं । सरकारले २ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत १०९ वटा सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासका लागि ६ अर्ब ५४ करोड रुपैयाँ बजेट छुट्याएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयले सामुदायिक विद्यालयमा बढ्दो विद्यार्थी चापलाई व्यवस्थापन गर्दै सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्न ठुला विद्यालयलाई प्राथमिकतामा राखेर पूर्वाधार विकास कार्यक्रम अघि बढाएको हो ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार चालु आर्थिक वर्षमा विनियोजित बजेटमध्ये पहिलो चरणमा ८९ विद्यालयका लागि ५ अर्ब ३४ करोड रुपैयाँ निकासा भइसकेको छ । उक्त रकमबाट प्रत्येक विद्यालयमा १२ कोठे ३ तले भवन निर्माण गरिनेछ । प्रतिविद्यालय करिब ६ करोड रुपैयाँ लागत अनुमान गरिएको भवनमा आधुनिक कक्षाकोठा, प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरिने मन्त्री पोखरेलले बताएका छन् । यसले विद्यार्थीलाई सुरक्षित र व्यवस्थित वातावरणमा अध्ययन गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

मन्त्री पोखरेलले केही सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढ्दै गएको र केहीमा विद्यार्थी अभाव रहेको अवस्थालाई ध्यानमा राखेर पूर्वाधार सुधारको काम अघि बढाइएको बताए ।

उनले विद्यार्थीको उच्च चाप भएका विद्यालयको व्यवस्थापनसँगै विद्यार्थी अभाव झेलिरहेका विद्यालयको अवस्थाप्रति पनि सरकार सचेत रहेको उल्लेख गरे । विद्यालयबीचको असमानता कम गर्दै सबै सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर सुधार गर्ने सरकारको लक्ष्य रहेको उनको भनाइ छ ।

मन्त्री पोखरेलले सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक र विद्यार्थीबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै शिक्षा क्षेत्रको रूपान्तरणमा सबै पक्षलाई हातेमालो गर्न आग्रह गरेका छन् ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश अस्पताल**
वीरेन्द्रनगर, सुर्खेत

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८३।०६।२९)

यस अस्पतालबाट विभिन्न् मितिमा तपसिलको खरिद कार्यका लागि बोलपत्र आव्हानको प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको कबोल रकम सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुले कबोल गरेको रकमको औसत अंकको सबैभन्दा नजिक रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract ID / Contract Title | Substantially responsive with bid price closest to the Average Bid of all Substantially responsive Bidders | Amount (With PS excluding VAT) | Remarks |
|---|---|---|---|---|
| 1. | PH/Karnali/ GOOD/ NCB/ 10/083-84 (Procurement Of Films For MRI, CT & DR- X-ray) | RD Medisurg, Surkhet | 6 items Out Of 6 | Item wise |
| 2. | PH/Karnali/GOOD/NCB/11-2083/084, (Procurement of Closed System Laboratory Reagent, Chemicals & Accessories ) | Advance Medical System, Lalitpur<br>RD Medisurg, Surkhet | Advance Medical System, Lalitpur:108 items out of 248 RD Medisurg, Surkhet:139 items out of 248 | Item wise |
| 3. | PH/Karnali/GOOD/NCB/13-2083/084, (Procurement of Liquid Based Hygiene Chemicals) | Advance Medical System, Lalitpur | 37,95,750 | |
| 4. | PH/Karnali/GOOD/NCB/15-2083/084 (Procurement of Cleaning Tools & \| Hygiene Items) | Basanta Order & Suppliers, Surkhet | 20,06,330 | |
| 5. | PH/Karnali/GOOD/NCB/17-083/084 (Procurement of Furniture & Fixtures) | Dreams International, Surkhet | 47,74,880 | |

अस्पताल निर्देशक



**भोक्राहा नरसिंह गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना ।**

(प्रकाशित मिति २०८३।०६।२९)

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व.२०८३।८४ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजनाहरु ठेक्का प्रकृयावाट संचालनभइ इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको सिलबन्दी दरभाउपत्र रितपुर्वक दर्ताहुन आएका दरभाउपत्रहरु मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा निम्न दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्रहरु न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका दरभाउपत्रहरु मुल्यांकन समितिबाट स्वीकृतिको लागि छनौट भई पेश भएकोले सार्बजनिक खरिद नियमावली २०६४( संसोधन समेत ) को नियम ८४ को उपनियम १० बमोजिम ७ ( सात ) दिने दरभाउपत्र स्वीकृत गर्ने आशय पत्रको सुचना प्रकाशित गरिएको छ ।

**तपसीलः**

| क्र. सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक ( मू.अ.कर र पी एस वाहेक) |
|---|---|---|---|---|
| १ | BNRM/CS/SQ/WORKS/ BUILD-06/2083/084 | मदरसा सैयादना सादबिन बकाफको अधुरो भवन सम्पन भोक्राहा -०१ | न्यू मन्सुरी निर्माण सेवा , इनरुवा | रु.८,५०,१८४।०५ |
| २ | BNRM/CS/SQ/WORKS/ BUILD-07/2083/084 | मदरसा सेराजुल उलुम सोनियाहिको स्तरउन्ति /मर्मत सम्भार | न्यू मन्सुरी निर्माण सेवा , इनरुवा | रु.१३,३०,६२१।३८ |
| ३ | BNRM/CS/SQ/WORKS/ BUILD-05/2083/084 | वडा न.०७ मा जितिया मन्दिर निर्माण गर्न र जनता मा.वि. स्तरउन्ती भोक्राहा नरसिंह -०७ , वडा नम्बर ०७ मा राजाजी थानको घेराबेरा वा अन्य स्तरउनतीको काम गर्ने | जल्पा निर्माण सेवा ,भोक्राहा नरसिंह सुनसरी | रु.१६,७६,०५५।५० |
| ४ | BNRM/CS/SQ/WORKS/ BUILD-04/2083/084 | मदरसा दारुल फुरकानको अधुरो भवन मर्मत सम्भार | खुस्बु कन्स्ट्रक्सन भोक्राहा नरसिंह सुनसरी | रु.१६,८५,००८।७० |
| ५ | BNRM/CS/SQ/WORKS/ GATE-02/2083/084 | भोक्राहा नरसिंह सिमानाका रोडहरुमा स्वागत गेट निर्माण | एस.डी.कन्स्ट्रक्सन तिरहुत -०५ | रु.१४,४६,८०५।२५ |
| ६ | BNRM/CS/SQ/ROAD-01/2083/084 | वार्ड न. ०१ मिलन चौक देखि उत्तर रामचन्द्र नेता र रतिलालको घर अगाडी र मिलन चौक पूर्व सुनसरी खोला छेऊ हुदै भर्लु मेहताको घरतिर जाने ग्रावेल बाटो निर्माण | एस.डी.कन्स्ट्रक्सन तिरहुत -०५ | रु.११,७८,६६५।०० |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# आरक्षणको आवरणमा पहुँचको राजनीति

नेपाली कांग्रेसको हालै सम्पन्न १५औँ महाधिवेशनको परिणाम सामान्यतया अनपेक्षित छैन, किनभने गत पुसमा सम्पन्न विशेष महाधिवेशनबाटै यो परिणामको प्रक्षेपण भइसकेको थियो। केही अपवादबाहेक अपेक्षित नै परिणाम आएको छ। केन्द्रीय समितिको करिब दुईतिहाइ बहुमत विपक्षमा हुँदाहुँदै विशेष महाधिवेशनमा होमिनु तत्कालीन इतर पक्षको निकै ठुलो जोखिमपूर्ण कदम थियो। त्यसैले ९ महिनापछि भएको १५औँ महाधिवेशनले विशेष महाधिवेशनको आयोजना गर्न मुख्य भूमिका निर्वाह गर्नेहरूलाई छानीछानी पुरस्कृत गर्दै थप जिम्मेवारी सुम्पिनु स्वाभाविकै हो। तर, १५औँ महाधिवेशन वैधानिक कर्मकाण्ड पूरा गर्न तथा विशेष महाधिवेशनका मुख्य योजनाकारहरूलाई पुरस्कृत गर्नका लागि मात्रै आयोजना भएको थियो कि पार्टीको आन्तरिक लोकतन्त्र अझ फराकिलो बनाउने दायित्वसमेत यसको थियो भन्ने प्रश्नको आशाजनक उत्तर आउन सकेन। नेपाली कांग्रेस भनेको २००८ सालमै दलित समुदायका नेता देवव्रत परियार महामन्त्री बनिसकेको पार्टी हो, जुन बेला सीमान्तीकृत वर्गका लागि आरक्षणको वैधानिक व्यवस्था गरिएको थिएन र नेताहरूको विवेक नै निर्णायक हुन्थ्यो। यथास्थितिका विरुद्ध विद्रोहको प्रतीक ठानिएको विशेष महाधिवेशनबाट उदाएका युवा सभापति गगन थापाले १५औँ महाधिवेशनको पूर्वसन्ध्यामा ४ वटा उपसभापति पदमध्ये एउटा पद महिलाका लागि र अर्को पद सीमान्तीकृत वर्गका लागि आरक्षित गर्ने अवधारणा ल्याउँदै गर्दा तल्लो तहका कार्यकर्ता र सीमान्तीकृत वर्गमा ठुलो आशा जागेको थियो। ७५ वर्षअघि कायम भएको त्यो नजीरलाई फेरि निरन्तरता दिने अवधारणा ल्याएकै कारण सभापति थापालाई बिपी कोइरालासँग तुलना गर्नेहरूको समेत कमी रहेन। तर व्यवहारमा भने नेपालका सबैभन्दा धनी र सबै हिसाबले पहुँचवाला व्यापारी विनोद चौधरीलाई उपसभापति बनाउनकै लागि यो अवधारणा ल्याइएको सन्देश गएको छ।

हुन त महिलाका लागि सुरक्षित गरिएको उपसभापति पदमा निवर्तमान उपसभापति पुष्पा भुसाल निर्विरोध निर्वाचित हुँदै गर्दा पनि आरक्षणको उद्देश्यमाथि प्रश्न नउठेको होइन, किनभने आरक्षण भनेको खुला प्रतिस्पर्धाबाट सम्बन्धित पदमा पुग्न नसक्ने वर्गका लागि हो। एकपटक खुला प्रतिस्पर्धाबाट उपसभापति भइसकेको व्यक्तिले अर्कोपटक आरक्षणको कोटा प्रयोग गर्नु भनेको लोकतन्त्रको धज्जी उडाउनु हो। तैपनि अरू कसैले उम्मेदवारी नदिएका कारण उपसभापति भुसालले आर्जन गरेको पदमाथि खासै टीकाटिप्पणी भएको छैन। तर अर्बपति व्यापारी चौधरी सीमान्तीकृत वर्गका लागि छुट्याइएको आरक्षणको कोटा प्रयोग गरेर उपसभापति बनेको विषयले भने धेरै ठुलो चर्चा पाएको छ। महाधिवेशनका अन्य उपलब्धिलाई समेत यो प्रकरणले छायामा पारेको छ। दुईपटक केन्द्रीय सदस्य भइसकेका, एकपटक एमालेबाट र त्यसपछि लगातार दुईपटक नेपाली कांग्रेसबाट सांसद भइसकेका तथा तेस्रोपटक पनि सांसद पदमा उम्मेदवार बनिसकेका निवर्तमान केन्द्रीय सदस्य चौधरी आफैँमा प्रचुर क्षमताका धनी हुन् भन्ने कुरामा विवाद छैन। उनीजत्तिको मान्छे सक्रिय राजनीतिमा होमिँदा लोकतन्त्रको गरिमा बढ्छ भन्ने कुरामा दुई मत छैन। त्यसमा पनि उदारवादी आर्थिक नीति बोकेको नेपाली कांग्रेसको उपसभापति बन्नका लागि चौधरी सबै दृष्टिकोणबाट योग्य व्यक्ति हुन्। तर सीमान्तीकृत वर्गका लागि व्यवस्था गरिएको आरक्षणको कोटा ओगट्नुले समावेशिताको मर्ममाथि धज्जी उडेको त छ नै, उनी स्वयंको योग्यतामाथि पनि प्रश्न उठ्नु स्वाभाविकै छ।

लोकतन्त्रलाई अझ समुन्नत बनाउने उद्देश्यका साथ जनआन्दोलन २०६२-०६३ सालको परिवर्तनपछि समानुपातिक समावेशी प्रतिनिधित्वको अवधारणा ल्याइएको हो। तर यसैका नाममा राजनीतिक दलका नेताहरूले ठुलो रकम 'चन्दा' लिएर धनाढ्य व्यापारीहरूलाई पद बिक्री गर्न थालेपछि मुलुकको राजनीतिमा ठुलो विकृति आयो। यही विकृति चुलिँदै जाँदा 'जेनजी'का नाममा गत वर्षको भदौ २३ र २४ मा भएको विद्रोहले जननिर्वाचित सरकार र संसद् त बढाऱ्यो नै, शासन व्यवस्थासमेत झन्डैझन्डै बढारेको थियो। लोकतान्त्रिक शासन व्यवस्थामाथि आएको यो संकटलाई साविकको नेतृत्वले सामना गर्न नसक्ने ठहरका साथ विशेष महाधिवेशन आयोजना हुन गई गगन थापा सभापति पदमा पुगेका हुन्। तर उनी सभापति बनेपछि आरक्षणको कोटा दुरुपयोग झन् भयावह हुनुले लोकतन्त्रको दीर्घजीवनमाथि प्रश्न उठ्ने सम्भावना बढेको छ। किनभने आरक्षणको कोटा दुरुपयोगको उदाहरण उपसभापतिद्वय भुसाल र चौधरीमा मात्रै सिमित छैन, थापा स्वयंका एक जना कान्छा ससुरा केदारनरसिंह केसी आरक्षणको कोटाबाट केन्द्रीय सदस्य बनिसकेको र अर्का कान्छा ससुरा जगदीशनरसिंह केसी पनि आरक्षणकै कोटाबाट सहमहामन्त्रीको उम्मेदवार बनेको नजीरले यथास्थितिमा लोकतन्त्रको सुरक्षा सम्भव छैन भन्ने सन्देश गएको छ। लोकतन्त्रको संस्थागत विकासका लागि अन्य पार्टीलाई पनि प्रेरणादायी नेतृत्व प्रदान गर्नुपर्ने ऐतिहासिक दायित्व बोकेको नेपाली कांग्रेस स्वयंभित्र आरक्षणका कोटा दुरुपयोग हुनु भनेको खतराको संकेत हो। त्यसैले आरक्षणको कोटा दुरुपयोग हुन नदिनका लागि छिमेकी भारतमा जस्तै हाम्रो देशमा पनि संविधान र कानुनमै विशेष व्यवस्था गर्नुपर्ने खाँचो देखिएको छ।

# विप्रेषणको विसर्जनतिर नेपाल



**सुशान्त पाण्डे**
(पाण्डे सूचनाप्रविधिका विद्यार्थी हुन्)

विडम्बना के भने, हिजोका तिनै ३५ वर्षे कुशासन र दलीय दोहनविरुद्ध उर्लिएको जनआक्रोशको जगमा उदाएको नयाँ राजनीतिक शक्ति पनि अन्ततः यही संरचनात्मक संकटको दीर्घकालीन निकास खोज्नभन्दा सस्तो लोकप्रियतावादको व्यापार गर्नमै रमाएको देखियो ।

महान चाड बडादसैँ अब नेपालीका लागि पारिवारिक मिलनको विशुद्ध उत्सव रहेन, यो त राज्यले वर्षभरि लुकाउन खोजेको सामाजिक र जनसांख्यिक यथार्थको 'रिभर्स सेन्सस' बनिसकेको छ। वर्षमा ५० हप्ता सन्नाटाले ढाक्ने पहाडी पाखाहरू रित्ता हुन्छन्, हप्ता दिनका लागि केही अनुहार ओर्लन्छन् अनि फेरि गाउँलाई झन् गहिरो शून्यता सुम्पेर उड्छन्। बाँझो बनेको खेतबाली होस् वा पर्वतका ताला झुन्डिएका काठका घर, यस पर्वले कसलाई फर्कायो भन्नेभन्दा पनि यो भूगोलले कसलाई गुमाइसकेको छ भन्ने तस्बिर बढी स्पष्टसँग देखाइदिन्छ।

यो सन्नाटा कुनै दुर्घटना होइन, दशकौँदेखि राज्यले संस्थागत गरेको श्रम-निर्यात अर्थतन्त्रको जायज उत्पादन हो। आर्थिक वर्ष २०८२/०८३ सम्म आइपुग्दा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा विप्रेषण अर्थात् रेमिट्यान्सको हिस्सा झन्डै ३३ प्रतिशतको ऐतिहासिक बिन्दुमा पुगेको छ। बर्सेनि करिब ७ लाखभन्दा बढी नयाँ श्रम स्वीकृति जारी हुनु र ४० लाखभन्दा बढी सक्रिय युवा जनशक्ति सीमापारि रहनुलाई सिंहदरबारमा कार्यरत नीति-निर्माताहरूले सफलताको सूचक मानेर गर्व गर्ने गरेका थिए। तर यो आँकडा गौरवको विषय हुँदै होइन। यो त राज्यको उत्पादनशील असफलताको स्वीकारोक्ति हो। जुन देशले आफ्नो स्थायित्वको मापन नागरिकको उत्पादनशील क्षमता स्वदेशमा कति उपयोग भयो भनेर होइन, कति नागरिकलाई देश निकाला गर्न सकियो भनेर गर्छ, त्यो देशले आफ्ना युवाको सपना देशभित्र अटाउन सक्दैन भन्ने कुराको उत्तर पहिल्यै दिइसकेको हुन्छ।

यो प्रवृत्ति पहिलो वा दोस्रो विश्वयुद्धताका ब्रिटिस र भारतीय सेनामा भर्ना हुने 'लाहुरे परम्परा' बाट सुरु भएको थियो। २०५० को दशकको मध्यतिर आइपुग्दा माओवादीको सशस्त्र द्वन्द्व, चरम राजनीतिक अस्थिरता र राज्यको आर्थिक संकुचनले गर्दा त्यो खाडी र मलेसियाको मरुभूमितर्फ मोडियो। विगत एक दशकमा भने त्यो खाडीको श्रम बजारबाट फड्को मारेर युरोप, अमेरिका, अस्ट्रेलिया र जापानका विश्वविद्यालय तथा दक्ष श्रम बजारसम्म पुग्ने मध्यमवर्गीय 'प्रतिभा पलायन' (ब्रेन ड्रेन) को महत्त्वाकांक्षी बाढीमा रूपान्तरित भयो। पुतलीसडकका शैक्षिक कन्सल्टेन्सीका अगाडि लाग्ने लामदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षसम्मको भिडले एउटै यथार्थ पुष्टि गर्छ, आजको नेपाली युवाका लागि राज्य केवल राहदानी जारी गर्ने एउटा प्रशासनिक काउन्टर मात्रै बनेको छ।

नेपालको सिंगो अर्थतन्त्र र राजनीतिक स्थिरता एउटा जोखिमपूर्ण मान्यतामा अडिएको छ, धनी देशहरूले नेपाली श्रमलाई अनन्तकालसम्म स्वीकार गरिरहनेछन्। अर्थशास्त्रको भाषामा यसलाई सेफ्टी भल्भ भनिन्छ। विगत साढे ३ दशकसम्म लोकतन्त्रका नाममा पालैपालो शासनको सिन्डिकेट चलाएका परम्परागत दलहरूले देशभित्र उत्पादनशील रोजगारी सिर्जना गर्ने, उद्योग कलकारखानाको जग बसाल्ने वा आधारभूत संस्थागत सुधार गर्ने कुनै दबाब झेल्नै परेन। ऊर्जाशील युवालाई देशबाहिर लखेट्ने, उनीहरूले पठाएको रगत-पसिनाको विप्रेषणबाट विलासिताका सामान आयात गर्ने र त्यसमाथि भन्सार असुलेर राज्यको ढुकुटी भर्दै सत्ताको आयु लम्ब्याउने परजीवी बाटो उनीहरूका लागि निकै सहज थियो।

विडम्बना के भने, हिजोका तिनै ३५ वर्षे कुशासन र दलीय दोहनविरुद्ध उर्लिएको जनआक्रोशको जगमा उदाएको नयाँ राजनीतिक शक्ति पनि अन्ततः यही संरचनात्मक संकटको दीर्घकालीन निकास खोज्नभन्दा सस्तो लोकप्रियतावादको व्यापार गर्नमै रमाएको देखियो। चुनावी मञ्चहरूमा उभिएर 'विदेशका सडकमा पोस्टर टाँसेर युवाहरूलाई आफ्नै खर्चमा टिकट काटेर स्वदेश फर्काउने' भावुक र चामत्कारिक भाष्य बेचेर सत्ताको ताला खोलेकाहरूले पनि सत्ताको कुर्सीमा पुगेपछि पाएको त्यो विशाल जनादेशलाई कुनै ठोस आर्थिक-औद्योगिक पुनर्संरचनामा अनुवाद गर्न सकिरहेका छैनन्।

पोस्टर र चामत्कारिक आश्वासनका स्टन्टले न त अन्तर्राष्ट्रिय श्रम बजारको कठोर यथार्थ बदल्न सक्छ, न त स्वदेशमै सम्मानजनक रोजगारीको आधारशिला खडा गर्न नै। तर इतिहास साक्षी छ, जब कुनै देशले आफ्नो आन्तरिक आर्थिक संकट र बेरोजगारी टार्न केवल बाह्य श्रम बजारलाई सेफ्टी भल्भ बनाउँछ र नेतृत्वले त्यसलाई सस्तो लोकरिझ्याइँको आवरणले ढाक्न खोज्छ, त्यसको अन्त्य सधैँ पराधीनता र दुर्घटनामा हुन्छ।

अहिले विश्व राजनीतिमा जुन भूकम्प आइरहेको छ, त्यसले हाम्रो यही आधारशिला भत्काउन थालेको छ। हामीले हाम्रा युवा पठाइरहेका गन्तव्य मुलुकहरूमा आप्रवासनविरुद्धको राजनीति अब सीमान्त आवाज रहेन, मूलधारको सत्ता राजनीति बनिसकेको छ। आप्रवासन प्रणाली व्यवस्थामा यसलाई 'डेस्टिनेसन सक' भनिन्छ। अर्थात् कामदार पठाउने देशले आफ्नो आन्तरिक संरचना बदल्न नपाउँदै गन्तव्य मुलुकका नीतिहरू एकाएक कठोर बन्नु। आज युरोप, अमेरिका र अस्ट्रेलिया, यी तीनवटै प्रमुख आप्रवासन कोरिडोरहरूमा एकैसाथ कडा ढोका बन्द गर्ने नीति अख्तियार गरिँदै छ।

युरोपमा आप्रवासी विरोधी र अनुदारवादी दलहरू सत्ताको मूलढोकामै पुगेका छन्। फ्रान्समा नेसनल ऱ्याली, जर्मनीमा अल्टरनेटिभ फर जर्मनी, अस्ट्रियामा फ्रिडम पार्टी र इटालीमा जर्जिया मेलोनीको सरकारले श्रम र अध्ययनका नाममा भित्रिने आप्रवासीमाथि कानुनी घेराबन्दी कसिलो बनाउँदै लगेका छन्। अझ रोचक र त्रासद पक्ष के भने, यो उग्रता अब केवल दक्षिणपन्थीहरूको मात्र एकाधिकार रहेन। डेनमार्क जस्ता मुलुकमा मध्यमार्गी र सामाजिक लोकतन्त्रवादी भनिने दलहरूले समेत चुनाव जित्न र पपुलिस्ट जनमत रिझाउन आप्रवासी विरोधी एजेन्डालाई निसंकोच आफ्नै नीति बनाइरहेका छन्।

उता कुनै बेला 'नेपालको आठौँ प्रदेश' जस्तै मानिने अस्ट्रेलिया, जहाँका कलेजदेखि होटलका भान्सासम्म नेपाली विद्यार्थी र श्रमिकहरूको बाक्लो उपस्थिति थियो, त्यही मुलुकले अहिले आफ्नो स्थायी बसोबास (पिआर) को मार्गलाई अत्यन्त साँघुरो बनाएको छ। 'स्टडी-टु-पिआर' को सहज ढोका बन्द गर्दै स्वदेशीलाई प्राथमिकता दिने प्रणाली लागू गरेको छ। संयुक्त राज्य अमेरिकामा पनि अनुदार प्रशासनको पुनरागमनसँगै कानुनी र गैरकानुनी दुवै बाटोबाट हुने आप्रवासनमाथि अभूतपूर्व कडाइ गरिँदै छ। कुनै एउटा देशले नीति बदल्नु आकस्मिक संयोग हुन सक्थ्यो तर तीनवटै महादेशका प्रमुख कोरिडोरहरूले एकैसाथ सीमामा पर्खाल लगाउनु संरचनात्मक धक्का हो। नेपाली सञ्चारमाध्यमहरूले यसलाई 'विदेशमा संकट बढ्यो, नेपालीले कसरी अवसर खोज्ने ?' भन्ने प्राविधिक दृष्टिकोणबाट मात्र हेरिरहेका छन् तर यसको वास्तविक मूल्य बाहिर होइन, हाम्रो आफ्नै घरभित्र चुकाउनुपर्नेछ।

जब बाहिर जाने ढोका बन्द हुन्छ, त्यसले कस्तो विपत्ति ल्याउँछ भन्ने उदाहरणका लागि अनुमान गरिराख्नु पर्दैन। हाम्रै छिमेकका नजिरहरू पर्याप्त छन्। सन् १९७० को दशकदेखि खाडी मुलुकमा श्रम निर्यात गरेर सम्पन्नताको सपना बाँडेको भारतको केरला राज्य र समग्र फिलिपिन्सले आज त्यसको भयानक संकुचन झेलिरहेका छन्। खाडी मुलुकहरूले 'राष्ट्रियकरण' (साउदीकरण वा इमिराटीकरण) का नीति ल्याएर विदेशी कामदार कटौती गर्दा केरलामा विप्रेषणको जग हल्लियो।

गाउँका गाउँ रित्तिएर बनेका विशाल हवेलीहरू वृद्धाश्रममा परिणत भए, उपभोगमुखी अर्थतन्त्र टाट पल्टियो र फर्केका युवाको पुनःस्थापना गर्न नसक्दा आन्तरिक अर्थतन्त्र ध्वस्त भयो। नेपाल आज ठ्याक्कै त्यही खाडलको छेउमा उभिएको छ तर हाम्रो नीतिगत बहस भने अझै पनि विमानस्थलमा बाकसमा फर्किने शवको संख्या गनेर वा चुनावी मञ्चहरूमा 'फ्री टिकट र पोस्टर' को सस्तो भाषण बेच्दै गरेको सरकारको आत्ममुग्ध स्टन्टबाजीमै अल्झिएको छ।

यहाँनेर मूल प्रश्न उब्जिन्छ, बाहिर ढोका बन्द हुँदा नेपालभित्र के हुन्छ ? यसको जबाफ खोज्न हामीले आन्तरिक परिस्थितिको विश्लेषण गर्नुपर्छ। बाह्य जगतमा देखिएको दक्षिणपन्थी उग्रतालाई केवल बाहिरको समस्या ठानेर ढुक्क हुने छुट हामीलाई छैन। किनभने, जुन सामाजिक र आर्थिक भग्नावशेषमा टेकेर पश्चिमी मुलुकहरूमा अतिवादी राजनीति मौलायो, ठ्याक्कै त्यही जमिन आज नेपालका गाउँ-बस्तीमा तयार हुँदै छ।

पूर्वी जर्मनीका रित्तिएका गाउँहरूले जसरी राजनीतिक केन्द्रप्रति तीव्र आक्रोश जन्माए, त्यसरी नै नेपालमा पनि 'बाँझो गाउँको राजनीति' जन्मँदै छ। खेतीयोग्य जमिन बाँझो छ, स्थानीय सामाजिक संस्थाहरू भत्किएका छन्, गाउँमा बिरामी पर्दा अस्पताल लैजाने वा मर्दा काँध दिने युवा छैनन् र बाँकी रहेको वृद्ध पुस्तामा सिंहदरबारले आफूहरूलाई सधैँका लागि त्यागेको गहिरो तिक्तताको भाव छ।

यद्यपि, यहाँ एउटा गम्भीर सैद्धान्तिक भिन्नतालाई प्रष्ट पार्नु आवश्यक छ। नेपालमा बाहिरबाट आप्रवासीहरू ओइरिएका छैनन्, त्यसैले पश्चिमको जस्तो आप्रवासीविरोधी जातिवादी राष्ट्रवाद यहाँ उम्रन सक्दैन। यहाँ स्थानान्तरण हुने भनेको विचारधारा होइन, त्यसको संरचना हो। आर्थिक उन्नतिबाट वञ्चित, केन्द्रप्रतिको आक्रोश र दशकौँसम्म राज्यले बेचेको सपना पूरा नहुँदाको गहिरो असन्तुष्टिले नेपालमा पनि उस्तै विषाक्त राजनीतिक आधारभूमि तयार गर्दै छ।

यो असन्तुष्टिलाई झन् प्रज्वलित गर्ने काम 'रिटर्नी सक' ले गर्नेछ। अध्ययन, रोजगारी र सुनौलो भविष्यको सपना बोकेर लाखौँको ऋण काढेर पश्चिमी वा खाडी मुलुक पसेका तर कडा नीतिका कारण रित्तो हात फर्किन बाध्य हुने युवाहरूको जमात जब स्वदेश फर्किन्छ, उनीहरूको मनोदशा कस्तो होला ? नेपाली समाजमा रिलेटिभ डिप्रिभेसनको मानक जेनजी विद्रोहपश्चात स्थापित छ, विद्रोह निरपेक्ष गरिबीबाट होइन, आकांक्षा र यथार्थबीचको खाडल फराकिलो हुँदा जन्मिन्छ।

टिकटक, इन्स्टाग्राम र सामाजिक सञ्जालमा पश्चिमी जीवनशैलीको भव्यता देखेका, त्यहाँ पुग्न खोज्दा ढोका बन्द भएका वा त्यहाँबाट अपमानित भएर फर्काइएका युवाहरूको आक्रोश सामान्य हुँदैन। श्रीलंकामा खाडीबाट फर्केका असन्तुष्ट श्रमिकहरू कसरी राज्यविरुद्धको उग्र आन्दोलनको अग्रपंक्तिमा उभिएका थिए भन्ने तथ्य हाम्रा अगाडि छ। निराश र क्रुद्ध युवा जमात स्वयं पपुलिस्ट बन्नेभन्दा पनि, यिनको ऊर्जा र असन्तुष्टिलाई उपयोग गरेर उदाउने चतुर पपुलिस्टहरूका लागि सत्ताको भऱ्याङ चढ्ने सबैभन्दा सहज इन्धन बन्न सक्छ, जसरी भदौ २०८२ को जेनजी विद्रोहपछि सडकको आक्रोशलाई क्यास गरेर नयाँ अनुहारहरू सिंहदरबारको कुर्सीमा पुगेका छन्।

यस्तो पृष्ठभूमिमा राज्य सञ्चालनको बागडोर सम्हालेकाहरू भने इतिहासकै सबैभन्दा सजिलो तर खतरनाक बाटो रोजिरहेका छन्। जनताले परम्परागत दलहरूको अकर्मण्यता, भ्रष्टाचार र सिन्डिकेटबाट मुक्ति खोज्दै शासकीय शुद्धीकरण र परिणामका लागि ताजा, अभूतपूर्व जनादेश दिएका थिए।

तर त्यो जनादेशलाई संस्थागत सुधार, उत्पादनशील अर्थतन्त्रको जग निर्माण र बृहत् नीतिगत पुनर्संरचनामा लगाउनुको साटो केवल प्रक्रियालाई उपेक्षा गरेर काम देखाउने सस्तो चामत्कारिकतामा सीमित गरिएको छ। लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ बनाएर जनताको आक्रोशलाई नीतिगत निकास दिनुपर्ने ठाउँमा, संसद् र प्रक्रियागत जबाफदेहितालाई पन्छाएर केवल प्रशासकीय आदेश, तजबिजी निर्णय र प्रचारमुखी स्टन्टबाजीबाट राज्य सञ्चालन गर्न खोज्नु अधिनायकवादी शासनको प्रारम्भिक संकेत हो।

लोकतन्त्रमा नागरिकको धैर्य टुट्नु स्वाभाविक हो तर त्यो धैर्यहीनताको उपचार विधिको शासन भत्काएर व्यक्तिवादी निर्णयमा भर पर्नु हुन सक्दैन। जर्मन राजनीतिक चिन्तक कार्ल स्मिटले उदार संसदीय व्यवस्थाको आलोचना गर्दै 'निर्णयवाद' को अवधारणा अघि सारेका थिए। यहाँ संकटको घडीमा संस्था, छलफल र कानुन धेरै ढिला हुन्छन्, त्यसैले प्रक्रिया मिचेर निर्णय गर्न सक्ने 'बलियो शासक' नै अन्तिम सत्य मानिन्छ।

आज हाम्रो समाजमा पनि लोकतान्त्रिक प्रक्रियाप्रति एकप्रकारको चरम वितृष्णा जन्माइएको छ र 'संस्था जेसुकै होस्, काम चाँडो हुनुपऱ्यो' भन्ने प्रक्रिया-विरोधी मनोविज्ञानलाई मलजल गरिँदै छ। यो मनोविज्ञान तात्कालिक रूपमा आकर्षक देखिए पनि दीर्घकालीन रूपमा यसले लोकतन्त्रको प्राण नै हरण गरिदिन्छ। वास्तविक संस्थागत डेलिभरीविनाको यस्तो सस्तो आत्ममुग्धताले अन्ततः जनतामा झन् ठुलो निराशा ल्याउँछ।

अब राज्यसँग बाँझो जमिन र रित्ता गाउँहरूलाई हेरेर रोमान्टिक बन्ने समय छैन। यदि आसन्न विपत्तिबाट जोगिने हो भने सरकारले तत्काल भावनात्मक भाषणबाट बाहिर निस्केर ठोस नीतिगत हस्तक्षेप गर्नुपर्छ। पहिलो, सरकारले परम्परागत बजेट विनियोजनको शैली त्यागेर प्रदेश र स्थानीय तहहरूमा विप्रेषण-निर्भरता अनुपातका आधारमा बाध्यकारी आन्तरिक रोजगारी सिर्जनाका लक्ष्यहरू तोक्नुपर्छ। जसरी पुँजीगत खर्च र वित्तीय अनुशासनका आधारमा अनुदानको व्यवस्था गरिन्छ, त्यसरी नै स्थानीय तहमै दिगो, उत्पादनशील र मर्यादित रोजगारी सिर्जना गर्ने पालिकाहरूलाई लक्षित गरी अनुदान वा विशेष वित्तीय सुविधा उपलब्ध गराइनुपर्छ। यस्तो नीतिगत ढाँचा नै अहिलेको वास्तविक आवश्यकता हो।

दोस्रो, विदेशबाट फर्किने वा बाटो बन्द भएर देशभित्रै थुनिन बाध्य हुने युवा जनशक्तिका लागि स्पष्ट फ्रेमवर्क निर्माण गरिनुपर्छ। उनीहरूले बाहिर सिकेको सीप, सञ्चित पुँजी र बाँकी रहेको ऊर्जालाई घरेलु उत्पादन, कृषि आधुनिकीकरण र प्रविधि उद्योगमा जोड्न राज्यले सहुलियतपूर्ण कर्जा मात्र होइन, बजार र पूर्वाधारको प्रत्यक्ष ग्यारेन्टी दिनुपर्छ। विप्रेषणको पैसा घरजग्गा, सेयर बजार र विलासी आयातमा भस्म हुने अहिलेको अनुत्पादक दुष्चक्रलाई नीति बनाएरै रोक्नुपर्छ।

# सरकारको परीक्षा : जनअपेक्षा, यथार्थ र भावी दिशा



**गोकुल निरौला**
(निरौला सामाजिक समस्याका विषयमा कलम चलाउने लेखक हुन्)

बालेन सरकारको अर्को ठुलो झुट केही दिन पहिले छताछुल्ल भयो। गरिबका लागि निजी अस्पतालमा निःशुल्क बेड, स्वास्थ्य बिमा सुधार, डिजिटल प्रणालीजस्ता कार्यक्रम अघि सारिएका छन् भनियो। तर व्यवहारमा समस्या अझै ठुलो देखियो।

केही महिनाअगाडि वीर अस्पतालमा औषधि, परीक्षणका लागि आवश्यक सामग्री, बेड र कर्मचारीको पारिश्रमिकसम्बन्धी समस्या सार्वजनिक भयो। अस्पतालमा आपूर्ति र भुक्तानीसम्बन्धी समस्या हुँदा बिरामी निजी अस्पतालतर्फ धकेलिएको रिपोर्ट आएको थियो। यो घटना वर्तमान सरकारको मात्र समस्या हो भन्न मिल्दैन। त्यहाँ अघिल्ला सरकारको व्यवस्थापनको पनि प्रभाव थियो। तर नयाँ सरकारले सुधार गर्ने वाचा गरेको छ।

राजविराजको गजेन्द्रनारायण सिंह अस्पतालबाहिर बबिता पासवानले बच्चा जन्माएको घटना स्वास्थ्य प्रणालीमाथिको गम्भीर प्रश्न बनेर आयो। सरकारले प्रसूति सेवा निःशुल्क भनेको छ। आमा सुरक्षा कार्यक्रम छ। सरकारी अस्पताल छन्। तर आर्थिक समस्याका कारण अस्पतालको सेवा लिन कठिनाइ भएको र अन्ततः अस्पताल परिसरबाहिरै प्रसूति भएको घटना सार्वजनिक भयो। छानबिनपछि स्वास्थ्यकर्मी र अस्पताल व्यवस्थापनको भूमिकामाथि प्रश्न उठ्यो। यहाँ दोष कसको भन्ने कानुनी प्रक्रिया आफ्नो ठाउँमा छ।

तर जनताको प्रश्न सरल छ, सरकारले निःशुल्क भनेको सेवा गरिब महिलाले साँच्चिकै निःशुल्क पाउन सक्छिन् कि सक्दिनन् ? यदि अस्पतालमा अधिकार कागजमा छ तर गेटमा पैसा खोजिन्छ भने त्यो अधिकार होइन, घोषणा मात्र हो। सरकारले गजेन्द्रनारायण घटनाबाट देशभरका सरकारी अस्पतालको 'गरिब बिरामी सहायता प्रणाली' पुनःजाँच गर्नुपर्छ। सकसमाथि सकसको सामना गर्दै आएको सरकारले बाढीको सामना गर्नुपऱ्यो।

भोटेकोसीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रमा ठुलो विनाश गऱ्यो। घर, सडक, पुल बगे; विद्युत् आयोजना प्रभावित भए। हजारौँ नागरिक विस्थापित भए। यो विपत्ति नेपालको आधुनिक इतिहासकै अत्यन्त गम्भीर प्राकृतिक विपत्तिमध्ये एक बनेको छ। सरकारले उद्धारका लागि सेना, प्रहरी र विपद् संयन्त्र परिचालन गऱ्यो। उद्धारका लागि संघीय सरकारले स्थानीय सरकारलाई आरोप लगाउँदै १० दिन बितायो, उद्धार प्रभावकारी हुन सकेन। घाइतेका लागि काठमाडौँमा १०० बेड तयारीमा राखिएको जानकारी पनि प्रधानमन्त्रीले संसद्लाई दिए। सरकारले राहत र उपचारको व्यवस्था पनि गऱ्यो। तर विपत्तिको आकार यति ठुलो थियो कि सरकारको क्षमता र पूर्वाधार दुवै परीक्षणमा परे।

सरकारले सुरुमा सुरक्षा निकायमार्फत केन्द्रीकृत रूपमा राहत वितरण गर्ने नीति लियो। तर स्थानीय सरकारलाई पर्याप्त भूमिका नदिएको भन्दै आलोचना भयो। अर्को संकट, बाढीले केवल घर र सडक मात्र बगाएन, उसले स्वास्थ्य सेवाको बाटो पनि काटिदियो। रसुवा र नुवाकोटमा सडक बिग्रिएपछि बिरामी अस्पताल पुग्न कठिन भयो। गम्भीर बिरामीलाई हेलिकोप्टरबाट उद्धार गर्नुपर्ने अवस्था आयो। गर्भवती महिला र नवजात शिशुसमेत हवाई उद्धार गर्नुपरेका घटना सार्वजनिक भए। सरकारले बाढी प्रभावित रसुवा, नुवाकोट र धादिङलाई ९० दिनका लागि स्वास्थ्य संकट क्षेत्र घोषणा गर्दै स्वास्थ्य बिमामा सहभुक्तानी हटाउने र बिमा कार्ड नहुँदा पनि सेवा दिने व्यवस्था गऱ्यो।

यो तत्कालका लागि महत्त्वपूर्ण निर्णय हो। तर दीर्घकालीन प्रश्न अझ ठुलो छ – बाढीले बाटो काट्दा बिरामीको जीवन बचाउने स्थायी स्वास्थ्य पूर्वाधार नेपालसँग किन छैन ? यो प्रश्न वर्तमान सरकार मात्र होइन, दशकौँका सरकारमाथि जान्छ। सरकार गठन भएको ६ महिनाको दौरानमा धेरै चर्चित निर्णय गरेजस्तो गऱ्यो। सरकारको सबैभन्दा चर्चित अभियान, वर्षौंदेखि अलपत्र ठेक्का तोड्ने निर्णय वर्तमान सरकारको चर्चित कदम हो।

सडक, पुल, सिँचाइ र भवनका धेरै ठेक्का रद्द गरिएका छन्। तर यहाँ पनि सरकारलाई एउटा प्रश्न गर्नै पर्छ, ठेक्का तोडेर मात्र विकास हुन्छ ? यदि एउटा पुलको ठेक्का रद्द भयो तर अर्को २ वर्षसम्म नयाँ ठेक्का भएन भने जनताले के पाए ? यदि सडकको ठेक्का रद्द भयो तर सडक झन् बिग्रियो भने उपलब्धि कहाँ भयो ? यदि पुरानो ठेकेदार हट्यो तर नयाँ ठेकेदारले पनि काम गरेन भने ? सरकारमाथि यी प्रश्न ठोकिएरै रहनेछन्।

यो सरकारसँग जनताको माग जटिल थिएन। जनता चाहन्थे न्याय, रोजगारी, स्वास्थ्य, शिक्षा, सडक, सुरक्षा र सम्मान। जनताले ठेकेदारको ठेक्का तोडिदेऊ भनेका थिए, तर त्यसपछि सडक बनाइदेऊ पनि भनेका थिए। जनताले भ्रष्टाचारी समात भनेका थिए, तर त्यसपछि न्याय देऊ पनि भनेका थिए। जनताले सरकारी कार्यालयमा घुस बन्द गर भनेका थिए, तर त्यसपछि सेवा छिटो देऊ पनि भनेका थिए। जनताले पुराना नेता हटाए, तर त्यसको अर्थ नयाँ नेताले पनि केवल पुरानालाई गाली मात्र गरुन् भन्ने थिएन।

वर्तमान सरकारको सबैभन्दा कमजोर राजनीतिक बचाउ हुन सक्छ, ' हामी अघिल्लाभन्दा राम्रा छौँ।' किनकि जनता अब अघिल्लो सरकारसँग तुलना गर्न चाहँदैनन्। अघिल्लो सरकारले नराम्रो गऱ्यो भने त्यसलाई जनताले निर्वाचनबाट दण्डित गरिसके। अब वर्तमान सरकारको मापदण्ड आफैँ हो। यदि अघिल्लो सरकारले १० वर्षमा सडक बनाएन भने वर्तमान सरकारले ६ महिनामा बनाउन नसके पनि त्यसको अर्थ तुरुन्त असफल भन्ने हुँदैन। तर उसले कम्तीमा स्पष्ट योजना, समयसीमा र प्रगति देखाउनुपर्छ। जनता परिणामको बाटो देख्न चाहन्छन्।

सरकारको बागडोर समाल्दा केपी ओली र रमेश लेखकलाई जेल हालेर वाहवाही कमाए पनि दसैँअगाडि चोलेन्द्र समाउँदा बदनाम भयो। गणेश नेपालीको घटनामा समितिले प्रतिवेदन बुझाइसकेको छ। तर प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयन गर्ने विषयमा प्रश्न बाँकी नै छ। सरकारले अब एउटा नियम बनाउन सक्छ, जुनसुकै उच्चस्तरीय छानबिन समितिको प्रतिवेदन निश्चित समयभित्र सार्वजनिक गरिनेछ। कानुनी कारणले केही अंश गोप्य राख्नुपर्ने भए त्यसको कारण सार्वजनिक गरिनेछ।

हेर्दै जानुस्, म्यादी प्रहरीको पोसाक घोटाला काण्डमा के हुन्छ। खगेन्द्र सुनारको ढिपीले बनेको समितिमा खगेन्द्रको जित हुन्छ कि हार ? खगेन्द्रको जित भए प्रहरी प्रमुख समस्यामा पर्ने देखिन्छ। अघिल्ला सरकार किन असफल भनिए ? अघिल्ला सरकारहरूलाई जनताले असफल भन्नुको कारण एउटै थिएन। कसैले भ्रष्टाचारका कारण आलोचना भोगे। कसैले विकासको गति नबढाएका कारण। कसैले राजनीतिक अस्थिरताका कारण। कसैले बेरोजगारी र आर्थिक समस्याका कारण। वर्तमान सरकार ती सबै समस्याको विकल्प भएर आएको हो।

त्यसैले यदि तिनै समस्या फेरि देखिन थाले भने जनताले प्रश्न गर्नु स्वाभाविक हुन्छ। यो सरकारलाई अहिले नै पूर्ण रूपमा 'असफल' घोषणा गर्नु तथ्यगत रूपमा हतारो हुन सक्छ। सरकारको कार्यकाल बाँकी छ। उसले केही महत्त्वपूर्ण काम पनि गरेको छ। भ्रष्टाचार अनुसन्धान अघि बढाएको छ। प्रशासनिक सेवा सुधारका प्रयास भएका छन्। लाइसेन्सको ब्याकलग घटाइएको छ। स्वास्थ्य बिमासम्बन्धी केही आपत्कालीन निर्णय भएका छन्। बाढीपछि राहत, उद्धार र स्वास्थ्य उपचारका लागि संयन्त्र परिचालन गरिएको छ।

तर यिनै तथ्यसँगै गम्भीर कमजोरीका प्रश्न पनि छन्। १०० बुँदे योजनाको कार्यान्वयनबारे ठुलो अन्तर छ। छानबिन प्रतिवेदन कार्यान्वयनमा ढिलाइको प्रश्न छ। स्वास्थ्य क्षेत्रमा सेवा अवरोध देखिएका छन्। आत्मदाहका घटनाले सामाजिक असन्तुष्टिको गहिराइ देखाएको छ। बाढी व्यवस्थापनमा सुरुआती केन्द्रीकरणको आलोचना भएको छ। सबैभन्दा ठुलो कुरा, जनताले अपेक्षा गरेको परिवर्तनको परिणाम अझै स्पष्ट रूपमा देखिन बाँकी छ। त्यसैले अहिलेको निष्कर्ष यस्तो हुन सक्छ, सरकार असफल भइसकेको प्रमाणभन्दा सरकार असफल हुन सक्ने चेतावनीहरू गम्भीर रूपमा देखिन थालेका छन्।

सरकारलाई 'असफल' भन्न सजिलो छ। सरकारलाई 'सफल' भन्न पनि सजिलो छैन। तर वास्तविक फैसला यी दुवै शब्दले गर्दैनन्। परिणामले गर्छ। गणेश नेपालीको परिवारले न्याय पायो कि पाएन ? आत्मदाहका घटनापछि राज्यले प्रणाली सुधाऱ्यो कि सुधार्न सकेन ? बबिता पासवानजस्ता महिलाले अस्पतालमा सहज प्रसूति सेवा पाउन थाले कि पाएनन् ? बाढीपीडितले सुरक्षित घर पाए कि पाएनन् ? भत्किएका सडक र पुल बने कि बनेनन् ? ठेक्का रद्द भएका आयोजना फेरि समयमा सुरु भए कि भएनन् ? १०० बुँदे कार्यक्रमको बाँकी काम पूरा भयो कि भएन ? युवाले देशमा भविष्य देख्न थाले कि थालेनन् ? यी प्रश्नको उत्तरले वर्तमान सरकारको इतिहास लेख्नेछ।

## आजको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| **मेष** भय। | **मिथुन** अवरोध। | **सिंह** खर्च बढने। | **तुला** पदोन्नती। | **धनु** दुर्घटना। | **कुम्भ** धन लाभ। |
| **वृष** प्रेममा सफलता। | **कर्कट** आनन्द। | **कन्या** बोलीमा प्रभावकारिता। | **वृश्चिक** हानी। | **मकर** स्वास्थ्यमा सुधार। | **मीन** अशान्ति। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# तोरीको तेल कति स्वस्थ ?



■ चमिना भट्टराई

खानपान र जीवनशैलीले स्वास्थ्य राम्रो बढाउनका साथै पोषणसमेत दिनेगर्छ। कतिपय खाना हाम्रा पुर्खाले खाँदै आएको प्राकृतिक खानपानले स्वास्थ्यमा राम्रो प्रभाव पार्नेगर्छ। आधुनिकताका नाममा बजारमा पाइने नयाँ र आर्कषक खानपानले हाम्रो स्वास्थ्यमा नकारात्मक प्रभाव पर्दै आएको छ। चाहेर वा नचाहेर हामी हाम्रो खानपानलाई प्राकृतिकबाट अप्राकृतिक बनाउँदै लग्दा स्वास्थ्यमा समेत खेलबाड गरिरहेका हुन्छौं।

खानपानकै कुरा गर्दा तेल पनि एक हो। तेल कस्तो खाने ? के खाने भन्नेमा मान्छेको आ-आफ्नै रुची र तर्क हुनसक्छ। कसैलाई कुन तेल मन पर्नसक्छ कसैलाई कुन। तर, तेल हामी सबैको भान्सामा हुन अनिवार्य खाद्य बस्तु हो। फरक फरक प्रकारका भए पनि हाम्रो भान्साको एक हिंसा बनेको तेलको बारेमा कुरा गर्दा तोरीको तेल धेरैको रोजाइमा पर्ने गर्छ। तोरीको तेल सबै भन्दा पुरानो, प्राकृतिक र स्वास्थ्यवर्धक मानिन्छ।

नेपालमा मात्रै होइन, तोरीको तेल खासगरी भारत, रोम र ग्रिसमा हजारौं वर्षदेखि लोकप्रिय रहँदै आएको छ। सबैभन्दा पहिले यो भारतमा खेती गरिएको अनुमान गरिएको छ। दार्शनिक हिप्पोक्रेटसले तोरीका दानालाई केही निश्चित खालका औषधि बनाउन प्रयोग गर्थे। रोमनहरूले यसलाई रक्सी बनाउन प्रयोग गर्थे भने ग्रिकका प्रख्यात गणितज्ञ पाइथागोरसले बिच्छीले टोकेको उपचारमा प्रयोग गर्थे। यसका साथै तोरीको तेल भारत तथा नेपालमा खाना पकाउन प्रयोग हुँदै आएको छ।

विज्ञका अनुसार तोरीको तेलमा ६० प्रतिशत मोनोस्याचुरेटेड फ्याट (मुफा), २१ प्रतिशत पोलीअनस्याचुरेटेड फ्याट (पुफा) र १२ प्रतिशत स्याचुरेटेड फ्याट पाइन्छ। यी फ्याटी एसिडलाई असल फ्याट मानिन्छ। यी चिप्लो पदार्थ मुटुको धमनिका भित्तामा गएर बस्न सक्दैन। यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, भिटामिन र मिनरल पाइँदैन। त्यसैले यसले मानिस शरीरलाई नकारात्मक असर नपुऱ्याउने बताइन्छ।

यो तेल तरकारीको महत्त्वपूर्ण स्रोत भएकाले यसमा अल्फा लिनोलेनिक एसिड तथा ओमेगा फ्याटी एसिड हुन्छन्। १ चम्चा तोरीको तेलमा ०.८ ग्राम ओमेगा-३ फ्याटी एसिड पाइन्छ। यस्तै, १ टेबलचम्चा तेलमा १२४ क्यालोरी पाइन्छ। जसमा १४ ग्राम फ्याट हुन्छ। जसमध्ये ८.३ ग्राम मोनोस्याचुरेटेड फ्याट पाइन्छ, जुन ओलिभ आयल, अंगुरको बियाँ र बदामको तेलजस्तै हुन्छ।

अनुसन्धानका आधारमा तोरीको तेलमा क्यान्सरविरुद्ध लड्ने तत्त्व पाइने बाइन्छ। यसमा पाइने लिनोलेनिक एसिड ओमेगा-३ फ्याटी एसिडमा परिवर्तन हुन्छ, जसले पेट तथा कोलोन क्यान्सर रोकथाम गर्छ। साउथ डकोटा युनिभर्सिटीको टोलीले गरेको अनुसन्धानले पनि यही कुरालाई प्रमाणित गरेको छ। उनीहरूले कोलोन क्यान्सर लागेको मुसामा तोरी, मकै र माछाको तेल प्रयोग गरेका थिए। तीमध्ये तोरीको तेलले बढी काम गरेको पाइएको थियो।

यस्तै तोरीको तेलमा मोनोस्याचुरेटेड र पोलिअनस्याचुरेटेड फ्याटी एसिड प्रशस्तमात्रामा पाइन्छ। यसका साथै ओमेगा-३ र ओमेगा-६ फ्याटी एसिड पनि पाइन्छ। यी फ्याटी एसिडले मुटु रोगको खतरा ५० प्रतिशतले कम गर्न मद्दत गर्छ। तोरीको तेलमा कोलेस्टेरोल घटाउन लिपिड घटाउने तत्त्व पाइन्छ। यसले खराब कोलेस्टेरोल घटाई र असल कोलस्टेरोल बढाउनाले मुटु रोगको खतरा कम गर्ने विज्ञ बताउँछन्। यसका साथै तोरीको तेललाई प्राकृतिक शक्तिबर्द्धकका रूपमा लिने गरिन्छ। तोरीको तेलले छालामा मसाज गर्दा रक्तसञ्चार प्रणाली र पसिना ग्रन्थीमा सुधार ल्याउँछ। यसका साथै यसले पाचन प्रणालीमा सुधार ल्याउँछ।

यसको गुण मध्ये अर्को हो, तोरीको तेल लामो समयदेखि चिसो हटाउने प्राकृतिक पदार्थका रूपमा प्रयोग हुँदै आएको छ। यसमा तातो बनाउने तत्त्व हुन्छ, जसले श्वासप्रश्वास नलीलाई सफा पार्छ। रुघा लागेको बेला तातोपानीमा जिरा र केही चम्चा तोरीको तेल हालेर वाफ लिने हो भने रुघा निको हुन्छ र घाँटी सफा पार्छ। तोरीको तेलले नियमित मसाज गर्दा शरीरमा रक्तसञ्चार बढाई जोर्नी दुख्ने र बाथको समस्या निको हुने बताइन्छ। यसमा हुने ओमेगा-३ फ्याटी एसिडले बाथसम्बन्धी दुःखाइलाई हटाउने तत्त्वका रूपमा काम गर्छ।

यसमा भएको अर्को फाइदा भनेको तोरीको तेलले मसाज गर्दा शरीरमा रक्तसञ्चार बढाई ताजा महसुस गराउँछ र अंगहरूको कार्यक्षमता पनि बढ्छ। नवजात शिशुलाई तोरीको तेलले मसाज गर्ने चलन धेरै देशमा छ। यसले शरीर बलियो बनाउने, स्वास्थ्य राम्रो बनाउने र ताप दिने कुरा अध्ययनबाट पनि प्रमाणित भएका छन्।

तोरीको तेलको प्रयोगले दमलाई नियन्त्रण गर्न सकिन्छ। विज्ञका अनुसार दमको कुनै उपचार छैन। तर तोरीको तेलको उपयोगले यसको लक्षण र प्रभावलाई व्यवस्थित गरी घटाउन सकिने बताइन्छ। यो दमका लागि सबैभन्दा बढी प्रभावकारी सुरक्षित उपाय हो। खैरो तोरीको तेल छातीमा लगाउने हो भने फोक्सोमा हावाको आपूर्ति बढ्छ। १ चम्चा शुद्ध तोरीको तेललाई महमा मिसाएर दिनको ३ पटक खाने हो भने दमको आक्रमणलाई रोक्न सकिने बताइन्छ।

तर, बजारमा विभिन्न प्रकार तोरीको तेल पाइन्छ। ती तेल कसरी कुन प्रकृयाबाट उत्पादन भए भन्नेचाहिँ ख्याल गर्नुपर्ने विज्ञ बताउँछन्। उच्च तापक्रम प्रयोग नगरी गाउँघरतिरको मिलमा पिसिने तोरीको तेलमा प्रशस्त एन्टिअक्सिडेन्ट पाइने हुँदा यसको प्रयोग गर्नु राम्रो हुन्छ। तर प्रशोधित गरिएकै कारणले एकदम खराब भन्नेचाहिँ हुँदैन। अन्य तेलभन्दा प्रशोधित गरिएको भए पनि तोरीको तेल जति राम्रो अरू हुँदैन।

नेपाल, भारतलगायत धेरै देशमा तोरीको तेललाई लाभदायक मानिन्छ। तर, अमेरिका युरोपियन (इयु) अस्ट्रेलिया जस्ता देशमा तोरीको तेललाई खानका लागि उपयुक्त मानिँदैन। हामीले पनि विचार गर्नुपर्ने कुरा के हो भने, त्यसले पार्ने सकारात्मक प्रभाव र हानिका बारेमा बुझ्नुपर्छ। यसैगरी बजारमा पाइने र खानयोग्य नभएका तेल भने प्रयोग गर्न हुँदैन। नेपालमा सबैभन्दा राम्रो तोरीको तेल मानिन्छ। यो मुटुका लागि राम्रो हुन्छ भन्ने गरिन्छ। स्वास्थ्यकर्मीहरूले पनि काँचो तोरीको तेल खान सुझाएको पाइन्छ।

कुनै बेला तोरीको तेल नभई तरकारी नपाक्ने नेपालीको भान्सामा गएका केही दशकमा सूर्यमुखी र भटमासका तेलले ओगट्न थालेको छ। आकर्षक प्रचारमा लाग्दा पनि मान्छे त्यता बहेको पाइन्छ। तर, भारतको लिपिड एसोसिएसनले त तोरीको तेललाई मुटुका लागि राम्रो हो भनेर सिफारिस गर्ने गरेको पाइन्छ। उच्च तापक्रम प्रयोग नगरी गाउँघरतिरको मिलमा पिसिने तोरीको तेलमा प्रशस्त एन्टिअक्सिडेन्ट पाइने हुँदा यसको प्रयोग गर्नु पनि राम्रो मानिन्छ। तैपनि नियमभित्र बसेर, गुणस्तर नियन्त्रण गरिएको तेल मात्रा मिलाएर खानुपर्ने बताइन्छ।

## तोरीको तेल खान सबैभन्दा उत्तम



डा. उमा कोइराला,
पोषणविद्

खानपानमा हरेक कुरा अर्गानिक भएको राम्रो मानिन्छ। सकेसम्म हरेक खाना आफैंले बनाएको, उत्पादन गरेको राम्रो मानिन्छ। अब यो कति सम्भव छ ? जहाँसम्म तेलको कुरा छ, तेल मध्ये तोरीको तेल आधारभूत रूपमा सबैभन्दा उत्तम मानिन्छ। तर, खानपानमा मान्छे धेरै अरूका कुरा सुन्ने र प्रविधिको सहयोगमा सल्लाह लिएको पाइन्छ। खानपानमा प्राकृतिक चिजले गर्ने फाइदा अरूले गर्दैन। तोरीको तेल हाम्रो प्राकृतिक हो। पुस्तौंदेखि प्रयोग हुँदै आएको र फाइदाजनक पनि छ।

कतिसम्म छ भने, के खाने कस्तो खाने भन्ने कुरामा चिकित्सकले पनि लबिङ गरेको पाइन्छ। पोषणको दृष्टिले र स्वास्थ्य राम्रो राख्नका लागि तोरीको तेल जति राम्रो अरू हुँदैन। त्यसमा पनि मिलबाट पेल्दा पेल्दैको पाए वा आफैंले पेलेको प्रयोग गर्नसके अझै राम्रो हुन्छ। नभए पनि रिफाइनिङ गरिएको भए पनि तोरीको तेलको जस्तो गुण अरू तेलमा पाइँदैन। तर, सबै ठाउँमा सबैले प्रशोधन नगरेको नपाउन सक्छन्। त्यसैले हामीले भनेर मात्रै हुँदै, पाउन पनि पऱ्यो।

अहिले बजारमा धेरै प्रकारका तेल पाइन्छ। यसो हेर्दा सबै राम्रो जस्तो लाग्न सक्छ। तीनका प्रचार कम छैनन्। वाह र आहा मात्रै देखिन्छ। तर, हामी ती वाह र आहको पछि लाग्ने होइन। जति पनि अरू तेल छन् ती स्वादका लागि मात्रै हो। हामीले स्वाद रोज्ने कि स्वास्थ्य ? त्यो प्रयोग गर्नेमा भरपर्छ। धेरै मान्छेले जिब्रोलाई प्राथमिकता दिने गरेको पाइन्छ। त्यसो गर्दा हाम्रो स्वास्थ्य बिग्रन सक्छ। त्यसैले प्रशोधन गरेको खानपानले हाम्रो शरीरलाई हित गर्दैन। खानपानलाई स्वास्थ्यसँग जोडेर हेर्ने र त्यसअनुसार खोज्ने हो भने, खाना प्राकृतिक राम्रो हो।

हरेक खानपानमा प्राकृतिकले दिने फाइदा अरूले दिन सक्दैन। शरीरलाई आवश्यक पर्ने सबै तत्त्व प्राकृतिक खानाबाट पाइन्छ। प्रकृतिक खानाले हामीलाई आवश्यक पर्ने सबै गुण दिन्छ। तोरीको तेल पनि त्यस्तै हो। त्यसैले तोरीको तेलको तुलनामा अरू तेल राम्रो मानिँदैन। तोरीमा प्राकृतिक तत्त्व हुने भएकाले त्यसले शरीरलाई हितगर्छ। खान त हामी जसरी पनि खाइरहेका हुन्छौं। यदि खानु नै छ, जुटाउनु नै छ भने, स्वादलाई भन्दा स्वास्थ्यलाई प्राथमिकता दिन राम्रो हुन्छ।

तोरीको तेलमा धेरै फाइदा छ। रक्तसञ्चार प्रणाली र पसिना ग्रन्थीमा सुधार ल्याउँछ। यसका साथै यसले पाचन प्रणालीमा सुधार ल्याउँछ। तोरीको तेलमा ६० प्रतिशत मोनोस्याचुरेटेड फ्याट (मुफा), २१ प्रतिशत पोलीअनस्याचुरेटेड फ्याट (पुफा) र १२ प्रतिशत स्याचुरेटेड फ्याट पाइन्छ। यी फ्याटी एसिडलाई असल फ्याट मानिन्छ। यी चिप्लो पदार्थ मुटुको धमनिका भित्तामा गएर बस्न सक्दैन। यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, भिटामिन र मिनरल पाइँदैन।

यसको गुण मध्ये अर्को हो, तोरीको तेल लामो समयदेखि चिसो हटाउने प्राकृतिक पदार्थका रूपमा प्रयोग हुँदै आएको छ। यसमा तातो बनाउने तत्त्व हुन्छ, जसले श्वासप्रश्वास नलीलाई सफा पार्छ। रुघा लागेको बेला तातोपानीमा जिरा र केही चम्चा तोरीको तेल हालेर वाफ लिने हो भने रुघा निको हुन्छ र घाँटी सफा पार्छ।

अर्को भनेको तोरीको तेलले नियमित मसाज गर्ने हो भने शरीरमा रक्तसञ्चार बढाई जोर्नी दुख्ने र बाथको समस्या निको हुन्छ। यसमा हुने ओमेगा-३ फ्याटी एसिडले बाथसम्बन्धी दुःखाइलाई हटाउने तत्त्वका रूपमा काम गर्छ। पहिला पहिला बच्चा जन्मदा र सुत्केरी महिलालाई पनि तोरीको तेल लगाउने गरिन्थ्यो। अहिले त बच्चालाई विभिन्न प्रकारका तेल किनेर लगाउने गरेको पाइन्छ। सुत्केरीलाई त अहिले पनि तोरीको तेल लगाउने गरिन्छ। सामान्य मान्छेलाई पनि शरीर दुःखेमा तोरीको तेल लगाउँदा आराम हुन्छ। तारीको तेल निकै फाइदाजनक छ। सकेसम्म राम्रो र प्राकृतिक रूपमा उत्पादन भएको तेल प्रयोग गरौं।

---

**कर्णाली प्रदेश सरकार**
**जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय**
**खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय**
**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८३–०६–२९**

यस कार्यालयबाट मिति २०८३/०५/१८ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम तपसिलमा उल्लिखित ठेक्का नं. अन्तर्गत आह्वान गरिएको बोलपत्रमा तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिबाट सारभूत रूपमा प्रभावग्राही ठहर भएको बोलपत्र छनोट गरी स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.सं. | ठेक्काको विवरण | सारभूत रूपमा प्रभावग्राही ठहर भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (भ्याट सहित रु.) |
|---|---|---|---|
| 1 | 02/083-084/NCB/Goods/WSP/ DWIED-Surkhet | M/s Dev Plastic Industries, Tilottama-16, Rupendehi | 84,06,687.54 |

**नि. कार्यालय प्रमुख**

---

**सुन्दरहरैंचा नगरपालिका**
**Sundaharaincha Municipality**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of Municipal Executive**
**विराटचौक, मोरङ**
**Biratchowk, Morang**
**कोशी प्रदेश, नेपाल**
**Koshi Province, Nepal**

**बोलपत्र सम्बन्धी संशोधन/सच्याइएको सूचना**

**सूचना प्रकाशन मिति: २०८३/०६/२९**

यस सुन्दरहरैँचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित तपसिल बमोजिमका बोलपत्र आह्वान सम्बन्धी सूचनाहरूमा प्राविधिक कारणवश अन्यथा पर्न गएकाले देहायअनुसार सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. मिति २०८३/०६/१५ गते बिहीबारको गोरखापत्र राष्ट्रिय दैनिक (पृष्ठ नं. १३) मा प्रकाशित ठेक्का नं. SHM/NCB/G/6/2083/084 (*Procurement of Supply, Delivery and setup of ICT tools for Sundarharaicha Municipality, 2083/084*)
२. मिति २०८३/०६/०७ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक (पृष्ठ नं. ६) मा प्रकाशित ठेक्का नं. SHM/NCB/G/7/2083/084 (*Procurement of Supply, Delivery, setup and training of different ICT tools for school at Sundarharaicha Municipality, 2083/084*)

**उपरोक्त प्रकाशित सूचनाहरूमा भूलवश:**

- "उपकरण खरिद" हुनुपर्ने व्यहोरामा "निर्माण कार्य" उल्लेख हुन गएको, र
- "इच्छुक आपूर्तिकर्ता" हुनुपर्नेमा "निर्माण व्यवसायी" पर्न गएको हुँदा;

उक्त बोलपत्रहरू निर्माण कार्य नभई सूचना प्रविधि उपकरण खरिद तथा जडान सम्बन्धी कार्य भएको र यो सूचना इच्छुक तथा योग्य आपूर्तिकर्ता (Suppliers) फर्म/कम्पनीहरूका लागि आह्वान गरिएको व्यहोरा संशोधित गरिन्छ। बोलपत्र सम्बन्धी अन्य शर्त तथा प्रक्रियाहरू पूर्व प्रकाशित सूचना बमोजिम नै यथावत रहनेछन्।

---

**सन्दकपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**माबुमोड, देउराली, इलाम**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०६/२९**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८३/०६/०२ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम रीतपूर्वक पेश हुन आएका बोलपत्रहरूको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ तथा प्रचलित संशोधनसहितको ऐन, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित संशोधनहरू एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्त तथा मापदण्डका आधारमा मूल्याङ्कन गरिएको छ। औसत बोलपत्र रकम गणना गर्ने सम्बन्धमा प्रचलित कानून तथा बोलपत्र सम्बन्धी कागजातमा निर्धारित विधि र मापदण्डबमोजिम बोलपत्रहरूको मूल्याङ्कन तथा तुलना गर्दा स्वीकृत लागत अनुमानको सीमाभित्र रही निर्धारित मापदण्डअनुसार छनौट भएको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने आशयको निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर बाहेक र पी.एस. सहित) |
|---|---|---|---|---|
| 1 | SRM/NCB/ WORKS/ 2083/084-2 | Deurali Maipatal Jitpale Ramkhark Teke Golae Road Construction Work | C.T. BUILD-ERS, ILAM | NPR 88,10,040.78 (Rupees Eighty-Eight Lakh Ten Thousand Forty and Seventy-Eight Paisa Only) I |

**प्रमुख प्रशासकीय अधिकृत**

## रहलपहलमा सम्भावना...

'केन्द्रमा पार्टी मिल्छ भनेर हामीले तल्लो तहका कार्यकर्तालाई समेट्न छाड्नु हुँदैन। पार्टीभित्र संस्थापन पक्षप्रति असन्तुष्टि पनि बढिरहेको छ। त्यसैले अब हामी तल्लो तहदेखि नै नेता-कार्यकर्तालाई समेट्न गाउँगाउँ जानेछौँ,' पराजुलीले भने।

उनका अनुसार विगतमा कमजोर देखिएका कतिपय स्थानमा पनि नेता-कार्यकर्ता देउवा समूहमा फर्किने क्रम सुरु भएको छ।

'संस्थापन पक्षमा मात्रै अवसर पाइन्छ भन्ने सोच बिस्तारै बदलिँदै गएको छ। नेता-कार्यकर्ताले आफ्नो राजनीतिक भविष्यबारे सोच्न थालेका छन्। आगामी दिनमा हाम्रो संगठनात्मक संरचना अझ बलियो हुनेछ,' उनले भने।

### तल्लो तहको अधिवेशनका असन्तुष्ट टार्गेटमा

देउवा पक्षले वडा, पालिका र जिल्ला तहमा भइरहेको अधिवेशन प्रक्रियालाई संगठन विस्तारको अवसरका रूपमा उपयोग गर्न खोजेको छ। स्थानीय तहमा प्रभावशाली नेता-कार्यकर्तासँग सम्बन्ध विस्तार गर्ने, असन्तुष्ट पक्षसँग संवाद गर्ने र संगठनमा निष्क्रिय रहेका कार्यकर्तालाई पुनः सक्रिय बनाउने रणनीति अघि सारिएको छ।

थापा नेतृत्वको कांग्रेसको १५औँ महाधिवेशनका क्रममा भएको प्रतिस्पर्धाले समूह बनेका र उनीहरूबीच दुरी बढाएको निष्कर्षसहित देउवा पक्षले यसलाई आफ्नो शक्ति बढाउने मौकाका रुपमा हेरेको छ।

यसअघि डा. शेखर कोइराला पक्षमा रहेका केही नेता-कार्यकर्ता पनि महाधिवेशनको परिणामपछि नयाँ राजनीतिक समीकरणको खोजीमा रहेको देउवा पक्षका नेताहरूको ठम्याइ छ। यद्यपि, उनीहरू देउवा पक्षमा प्रवेश गर्ने विषयमा कुनै औपचारिक निर्णय सार्वजनिक भइसकेको छैन।

#### ६ हजार १०७ वडा र ४८० पालिकामा अधिवेशन सम्पन्न

देउवा पक्षीय कांग्रेसको १५औँ महाधिवेशनका लागि तल्लो तहमा भइरहेको अधिवेशनको प्रगतिबारे महाधिवेशन सचिवालय समन्वय समितिका संयोजक दीपकप्रसाद कुइँकेलले जानकारी दिएका छन्।

उनका अनुसार हालसम्म ६ हजार १०७ वटा वडामा अधिवेशन सम्पन्न भएको छ। त्यस्तै, ४८० पालिका, १७० प्रदेशसभा निर्वाचन क्षेत्र र ८५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र तथा ७ जिल्लामा जिल्ला अधिवेशन सम्पन्न भइसकेको छ। अझै ६३६ वडा, २२ पालिका र ७० जिल्लामा अधिवेशन हुन बाँकी रहेको कुइँकेलले बताए।

निर्धारित कार्यतालिकाअनुसार १५ कात्तिकमा जिल्ला र मंसिर ४ गते प्रदेश अधिवेशन गर्ने तयारी छ। आगामी २१ देखि २३ मंसिरसम्म १५औँ महाधिवेशन गर्ने कार्यतालिका देउवा समूहको छ।

## संघीय सरकारले...

सम्मेलनमा कोसी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका मुख्यमन्त्री सहभागी थिए। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री भने अनुपस्थित रहे। सुदूरपश्चिमको बजेटका कारण मुख्यमन्त्री खगराज भट्ट अनुपस्थित रहेको जनाइएको छ।

मुख्यमन्त्रीहरूले संघीय शासन प्रणालीको मूल मर्मअनुसार तीनै तहका सरकारबीच समन्वय, सहकार्य र साझेदारी सुदृढ गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरूले प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको पूर्ण सम्मान गर्न तथा स्थानीय तहको एकल अधिकारभित्र पर्ने विषयमा अनावश्यक हस्तक्षेप नगर्नसमेत आग्रह गरेका छन्।

सम्मेलनले संघीय निजामती सेवा विधेयकलाई प्रदेशका संवैधानिक अधिकार र सरोकार सम्बोधन हुने गरी शीघ्र पारित गर्न माग गरेको छ। प्रदेशका प्रमुख सचिव, सचिव, प्रदेश न्यायाधिवक्ता, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा सशस्त्र वन रक्षकसहित आवश्यक कर्मचारी व्यवस्थापनका लागि कानुनी र संस्थागत व्यवस्था मिलाउनुपर्ने प्रस्तावमा उल्लेख छ।

त्यस्तै, प्रदेशको अधिकार सूचीमा रहेको प्रहरी प्रशासन र शान्ति सुरक्षासम्बन्धी अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न चाहिने संघीय कानुन तथा संरचना तत्काल पूरा गर्न मुख्यमन्त्रीहरूले माग गरेका छन्।

प्रदेश प्रहरीको संगठन तथा जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार, सम्पत्ति, साधनस्रोत र अभिलेख प्रदेशमा हस्तान्तरण गर्नुपर्ने उनीहरूको माग छ। संघीय प्रहरी र प्रदेश प्रहरीबीच कार्यक्षेत्र, अपराध अनुसन्धान, शान्ति सुरक्षा तथा ट्राफिक व्यवस्थापनसम्बन्धी अधिकार र जिम्मेवारी पनि स्पष्ट पार्नुपर्ने प्रस्ताव गरिएको छ।

### संघीय कानुन र अधिकार सूचीमा स्पष्टता माग

संविधानको धारा ५७ तथा अनुसूची ५, ६, ७, ८ र ९ अनुसार संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार प्रयोगमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउन सम्मेलनले आग्रह गरेको छ। कार्य विस्तृतीकरणसँग मेल नखाने संघीय कानुनको पुनरवलोकन, आवश्यक कानुनको निर्माण तथा संशोधन र संवैधानिक अधिकार थप स्पष्ट पार्नुपर्ने प्रस्ताव पनि अघि सारिएको छ।

आवश्यकताअनुसार संवैधानिक अधिकारको स्पष्टता र पुनर्संरचनाका लागि संविधान संशोधनको विषयलाई समेत सम्बन्धित प्रक्रियाबाट अघि बढाउन सरकारलाई आग्रह गरिएको छ।

### प्रदेशको बजेटमा संघीय हस्तक्षेप रोक्नुपर्ने

वित्तीय संघीयतालाई प्रभावकारी बनाउन मुख्यमन्त्रीहरूले संघीय सरकारबाट प्रदेशलाई प्राप्त हुने वित्तीय हस्तान्तरणको बाँडफाँट प्रदेशको बजेट निर्माण तालिकाभित्रै टुंग्याउनुपर्ने बताएका छन्। संघीय सरकारले आयोजनाको नाम तोकेर प्रदेशलाई स्रोत हस्तान्तरण गर्ने विद्यमान अभ्यासको सट्टा प्रदेश सरकारले नै आयोजना छनोट गर्न पाउने व्यवस्था गर्नुपर्ने उनीहरूको माग छ।

साना, टुक्रे तथा खुद्रे आयोजनामा स्रोतको अनावश्यक विनियोजन निरुत्साहित गर्नुपर्ने र तीनै तहका सरकारबीच आयोजना छनोट तथा कार्यान्वयनमा समन्वय कायम गर्नुपर्ने प्रस्तावमा उल्लेख छ। सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत सम्बन्धित कानुनमा आवश्यक संशोधन तथा नीतिगत सुधार गर्न पनि सम्मेलनले आग्रह गरेको छ।

### शिक्षा र विपद् व्यवस्थापनमा पनि सुधारको माग

सम्मेलनले आधारभूत तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेकाले तीनै तहबीचको सहकार्यबाट त्यसलाई प्रभावकारी बनाउन तथा माध्यमिक शिक्षाको प्रभावकारिता बढाउन विद्यमान व्यवस्थाको पुनरावलोकन गर्न संघीय सरकारलाई आग्रह गरेको छ।

त्यस्तै, उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका हिमतालको अवस्थाबारे अध्ययन गरी जोखिम व्यवस्थापनका उपाय अवलम्बन गर्नुपर्ने प्रस्ताव गरिएको छ।

सम्मेलनले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन कानुनी, नीतिगत, संस्थागत तथा प्रशासनिक सुधार आवश्यक रहेको निष्कर्ष निकाल्दै सरकार-सरकारबीच अनुभव आदानप्रदान र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ।

## सुदूरपश्चिम एमालेमा...

यस घटनाक्रमले प्रदेश सरकारको बजेटप्रतिको असन्तुष्टि र एमाले संसदीय दलको अनुशासनसम्बन्धी कारबाहीलाई आमनेसामने ल्याएको छ।

बजेटमा बेथिति भएको थापाको आरोप

सभामुखसमक्ष बुझाएको राजीनामापत्रमा थापाले प्रदेश सरकारको बजेटमा चरम बेथिति रहेको आरोप लगाएका छन्। प्रदेश संरचनाप्रति नागरिकस्तरमा नकारात्मक धारणा बढिरहेको अवस्थामा सरकारका पछिल्ला गतिविधिले त्यसलाई थप बल पुर्‍याएको उनको भनाइ छ।

आफ्नो निर्वाचन क्षेत्रको समग्र विकास जनताको चाहनाअनुसार अघि बढाउन नसकेको स्वीकार गर्दै उनले जनतासमक्ष माफीसमेत मागेका छन्।

'मेरो क्षेत्रको समग्र विकास जनताको चाहनाअनुरूप गर्न नसकेकोमा जनतासमक्ष माफी चाहन्छु,' राजीनामापत्रमा उनले भनेका छन्, 'जनता र आफ्नो क्षेत्रका लागि केही गर्न नसक्ने अवस्थामा राज्यको सेवासुविधा लिइरहन उपयुक्त नठानेर पदबाट राजीनामा दिएको हुँ।'

थापाका अनुसार मुख्यमन्त्री र मन्त्रीहरूसँग पटकपटक आग्रह गर्दा पनि कञ्चनपुर-१(१) को 'लाइफलाइन' मानिने लोकतान्त्रिक मार्गका लागि २ देखि ३ करोड रुपैयाँसमेत विनियोजन हुन सकेन। प्रदेशसभा सदस्यको कार्यकाल चौथो वर्षमा प्रवेश गरिसक्दा पनि निर्वाचन क्षेत्रको विकासमा उल्लेख्य योगदान गर्न नसकेको उनको गुनासो छ।

केही विकास योजनाका लागि प्रस्ताव मागिए पनि तीमध्ये थोरैमात्र बजेटमा समेटिएको उनले बताएका छन्। जनताको अपेक्षाअनुसार काम गर्न नसक्ने अवस्थामा पदमा रहिरहन नैतिकताले नदिएको उनको तर्क छ।

### मन्त्री हुँदा पनि बजेट सुधारको प्रयास सफल नभएको दाबी

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नेतृत्व झन्डै २२ महिना सम्हालेका थापाले आफू मन्त्री हुँदा बजेटमा देखिँदै आएको पुरानो बेथिति हटाएर भौगोलिक सन्तुलन कायम गर्ने प्रयास गरेको दाबी गरेका छन्।

सबै मन्त्रालयको बजेटमा देखिएका विकृति सच्याउनुपर्ने आवाज मन्त्रिपरिषद् बैठकदेखि सार्वजनिक रूपमा उठाउँदा पनि सुनुवाइ नभएको उनले बताएका छन्। बजेटको बेथितिविरुद्ध आवाज उठाएकै कारण आफूलाई मन्त्री पदबाट बर्खास्त गरिएको उनको आरोप छ। त्यसपछिका बजेटमा झन् बढी विकृति देखिएको उनको दाबी छ।

थापाले आफू सार्वजनिक पदमा रहँदा कुनै अनियमितता गरेको भए सम्बन्धित निकायबाट छानबिन गर्न सकिने बताएका छन्। आफ्नो कार्यकालमा भएका कामको मूल्यांकन इतिहासले गर्ने उल्लेख गर्दै उनले समाज रूपान्तरणको अभियानमा निरन्तर लागिरहने प्रतिबद्धता पनि व्यक्त गरेका छन्।

थापाको राजीनामा र संसदीय दलको स्पष्टीकरणसम्बन्धी निर्णयले सुदूरपश्चिम एमालेभित्र बजेट विनियोजन, निर्वाचन क्षेत्रको विकास र पार्टीको निर्देशन पालनासम्बन्धी विवादलाई थप स्पष्ट पारेको छ। राजीनामाको अन्तिम निर्णय सभामुखबाट हुन बाँकी रहेकाले थापाको प्रदेशसभा सदस्य पदको आगामी अवस्थासमेत अनिश्चित छ।

## खसीबोका बजारमा...

अर्का व्यापारी सोभित लामा घिसिङ भने बुधबार अन्यको तुलनामा अलि व्यस्त देखिए। लगातार ग्राहक आएकाले उनलाई बोल्ने फुर्सदसमेत मिलिरहेको थिएन। उनले पोहोरको जत्तिकै बिक्री भएको जानकारी दिँदै बरु आपूर्तिमा कमी आइरहेको बताए।

यसर्थ, उनले छोटोमा पंक्तिकारसँग भने, 'व्यापार त पोहोर जस्तै भइरहेको छ। बरु मेरोमा खसीबोका पो कम आइरहेको छ।' उनको पसलमा खसीबोकाभन्दा बाख्री बढी देखिए। उनले बाख्री कतिमा बिक्री गरिन्छ भन्ने कुरा भने खुलाउन चाहेनन्। तर, जिउँदो खसीबोका भने प्रतिकिलो ८०० देखि १ हजार रुपैयाँसम्ममा बिक्री गर्ने गरेको बताए।

अर्का व्यापारी डिकेश कार्कीले पनि दिनेश बाँस्कोटाले जस्तै यो वर्ष खसीबोका किन्नेभन्दा भाउ बुझ्न आउने बढी भएको बताए। उनको पनि भनाइ यस वर्ष अघिल्लो वर्षको तुलनामा व्यापारमा कमी आएको थियो। यद्यपि, उनले पनि फूलपातीको अघिल्लो दिनसम्म पर्खनुपर्ने बताए। 'फूलपाती आएकै छैन। फूलपातीको अघिल्लो दिन बढी बिक्री हुने गरेको छ। यो वर्ष पनि बिक्री बढ्ने आशा छ,' सौर्य दैनिकसँग उनले भने।

कार्कीले बोका ९०० देखि ९५० र खसी ८५० देखि ९०० रुपैयाँसम्ममा बिक्री गरिरहेको जानकारी दिए। 'खसीको भन्दा बोकाको मूल्य केही बढी छ। बोका ९०० देखि ९५० र खसी ८५० देखि ९०० सम्ममा बिक्री भइरहेको छ,' उनले थपे।

यो वर्ष खसीबोकाको मूल्य बढेको छ। गत असारमा सर्वाधिक बिक्री हुने गरेको ब्रोइलर कुखुरामा बर्ड फ्लु देखिएसँगै खसीबोकाको मूल्य बढेको हो। प्रतिकिलो डेढ-दुई सय रुपैयाँ मूल्यवृद्धि भएको व्यापारीहरूले जानकारी दिए।

यता, पछिल्लो समय काठमाडौँमा खसीको मूल्य पनि बढेको छ। बुधबार १ हजार ६०० देखि १ हजार ७०० रुपैयाँसम्म थियो। गत वर्ष दसैँताका १ हजार ३०० देखि १ हजार ४०० रुपैयाँमा बिक्री भएको थियो।

विगतमा काठमाडौँ उपत्यकामा मात्रै ८० हजारदेखि १ लाखसम्म खसीबोका खपत हुने गरेको थियो। उपत्यकामा वर्षभरि खपत हुने ५ लाख खसीबोकामध्ये अधिकांश दसैँमै खपत हुने सरोकारवालाहरूको भनाइ छ।

तर, यो वर्ष बाढीका कारण काठमाडौँ उपत्यकामा खसीबोका बिक्रीमा कमी आइरहेकाले यो वर्ष अघिल्लो वर्षको तथ्यांक भेट्टाउने सम्भावना कम रहेको नेपाल पशुपन्छी व्यवसायी संघका अध्यक्ष जीवन खतिवडाले बताए। अघिल्लो वर्ष दसैँमा हालका दिनसम्म ७५-८० प्रतिशत खसीबोका बिक्री भइसकेको अवस्था हुने गरेको जानकारी दिँदै उनले यो वर्ष कम मात्र बिक्री भएको बताए। 'यो वर्ष बाढीका कारण काठमाडौँ उपत्यकामा खसीबोका बिक्रीमा कमी आइरहेको छ।

अघिल्लो वर्ष दसैँमा हालका दिनसम्म ७५-८० प्रतिशत खसीबोका बिक्री भइसक्थे। यो वर्ष कम बिक्री भइरहेको छ। कति बिक्री भयो भनेर हामीलाई तथ्यांक उपलब्ध हुन बाँकी छ। तर, व्यापारीको कुरा सुन्दा र बजार आफैँ अनुगमन गर्दा कम बिक्री भएको पाइएको छ,' सौर्य दैनिकसँग कुरा गर्दै उनले भने।

## प्रधानमन्त्रीको आग्रहले...

नेपाल नागरिक उड्डयन प्राधिकरणका सहायक प्रबन्धक ज्ञानेन्द्र भुल भने अहिले प्रचलित भाडादर कानुनविपरीत नभएको दाबी गर्छन्। उनका अनुसार प्राधिकरणले तोकेको अधिकतम सीमाभन्दा बढी भाडा लिन नपाइने व्यवस्था छ। तर, न्यूनतम दरमै टिकट उपलब्ध गराउनुपर्ने बाध्यकारी व्यवस्था छैन।

'प्रधानमन्त्री वा मन्त्रीले भनेर मात्र हुने कुरा होइन, त्यसका लागि कानुन नै बनाउनुपर्छ। अहिले चलेको टिकटको दर सही छ,' भुलले सौर्य दैनिकसँग भने, 'न्यूनतम मूल्यमा टिकट वितरण गर्न सक्ने अवस्था छैन। अधिकतम मूल्यभन्दा बढी नलिनु भन्ने व्यवस्था कानुनमै छ।'

उनले उदाहरण दिँदै भने, 'काठमाडौँ-धनगढीको अधिकतम हवाई भाडा २२ हजार १८० रुपैयाँ छ। उक्त सीमाभन्दा बढी रकम लिए कारबाही हुन्छ।' प्रधानमन्त्रीले पनि अधिकतम सीमाभन्दा बढी भाडा नलिन र सम्भव भएसम्म मूल्य घटाउन आग्रह गरेको उनको भनाइ छ।

### एउटै गन्तव्यमा फरक-फरक भाडा

प्राधिकरणका अनुसार आन्तरिक हवाई भाडामा न्यूनतम र अधिकतम सीमा निर्धारण गरिएको छ। यही प्रणालीका कारण एउटै गन्तव्यमा फरक-फरक मूल्यका टिकट बिक्री हुन्छन्। विराटनगरको उदाहरण दिँदै भुलले त्यहाँको न्यूनतम भाडा ८ हजार ३९ रुपैयाँ र अधिकतम भाडा १२ हजार ७१६ रुपैयाँ रहेको बताए। यी सीमाबीच कम्पनीले फरक मूल्यमा टिकट बिक्री गर्न सक्ने व्यवस्था छ।

उनका अनुसार न्यूनतम र अधिकतमको सट्टा एउटै निश्चित भाडादर कायम गर्ने हो भने यात्रुले तिर्नुपर्ने रकममा एकरूपता आउन सक्छ। तर, त्यसका लागि विद्यमान कानुनी व्यवस्था र भाडा निर्धारण प्रणालीमा परिवर्तन आवश्यक पर्ने उनको भनाइ छ।

चाडपर्वका बेला हवाई भाडाको विषय हरेक वर्ष उठ्ने गरे पनि समस्या दोहोरिइरहेको छ। यात्रुको माग एकै पटक बढ्ने तर जहाजको संख्या तत्काल बढाउन नसकिने भएकाले सस्तो टिकटको उपलब्धता सीमित हुने प्राधिकरणको तर्क छ।

'माग धेरै छ। हिजो र आज जहाजको संख्या उस्तै हो। हाम्रो आकाशको क्षमताले पनि तत्काल त्योभन्दा बढी सेवा दिन सक्ने अवस्था छैन,' भुलले भने।


**Malaysia मा रोजगार**

**1. Anod Tech Industry Sdn.Bhd.**

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८३/२/२१ चलानी नं.६०२५६३०७ LT No.: 342820

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Operator | 0 | 1 | साधारण | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

**2. Etika Dairies Sdn. Bhd.** पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८३/३/१ चलानी नं.६०२५६८३२ LT No.: 343544

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker/P.O. | 4 | 0 | साधारण | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

**3. Ryujin Dining Sdn. Bhd.** पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८३/१/४ चलानी नं. ६०२५४०७७ LT No.: 340638

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurent Workers | 10 | 0 | साधारण | 1700 | ६३,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८३ कार्तिक ८ र ९ गते (25 & 26 Oct., 2026) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौमा हुनेछ।

**WIN RECRUITMENT PVT. LTD.** Gov. Lic. No. 1383/074/75

Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112262, 9801112267

Contact Person : 9801112250 (Dinesh Tiwari), Email : winrecruitment1383@gmail.com



**मालिका गाँउपालिका**

**गाँउ कार्यपालिकको कार्यालय**

अर्खावाङ्ग, गुल्मी

**बोलपत्र स्वीकृतीको आशय पत्र जारी गरिएको सूचना**

यस गाउँपालिकाबाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०५/१७ गतेका दिन प्रकाशित सूचना अनुसार मालिका गाउँपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मी अन्तर्गतको सूचना अनुसार निर्धारित समय भित्र यस कार्यालयमा दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरुको (आर्थिक प्रस्तावहरु) सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा तपसिल बमोजिमको औषत मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो आशयको सूचना जारी गरिएको छ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | छनौट बोलपत्रको नाम र ठेगाना | कबोल रकम (मु.आ.कर. र पियस् बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | OMRM-GUL-W-NCB-02/083/084 | Upgrading of Saire Hile Sarakateri Sunapote Road | Sunil Samir Nirman Sewa, Dhurkot, Gulmi | 5,03,07,153.50 | |
| 2 | OMRM-GUL-W-NCB-05/083/084 | Integrated One House One Tap Water Supply Project, Malika Ga. Pa. | Ranjit Ranjan Construction Pvt. Ltd., Resunga, Gulmi | 1,96,30,901.59 | |
| 3 | OMRM-GUL-W-NCB-06/083/084 | Construction of Fulbari-Chisapani-NistiKhola-Deurali-Bhimgithe Road | Jay Deurali Nirman Sewa, Sainamaina-02, Rupandehi | 4,01,19,960.00 | |

Chief Administrative Officer



**संस्थापक शेयर बिक्री सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८३/०६/२९ गते)

यस नेको इन्सुरेन्स लिमिटेडका संस्थापक शेयरधनीले संस्थापक शेयर बिक्री गर्ने इच्छा जाहेर गरी कम्पनीमा निवेदन दिनु भएकोमा सञ्चालक समितिको मिति २०८३ असोज २८ गते सम्पन्न बैठकबाट रु.१००। अंकित दरका कुल १०,००० (दश हजार मात्र) कित्ता संस्थापक शेयर बिक्री प्रकृया अबलम्बन गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको र नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका बमोजिम संस्थापकले आफ्नै समूहका शेयरधनीलाई प्राथमिकता दिई शेयर बिक्री/नामसारी गर्नु पर्ने ब्यवस्था रहेको हुँदा यस कम्पनीका सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः कुनै संस्थापक शेयरधनी महानुभावलाई उपरोक्त संस्थापक शेयर खरीद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन (२०८३ मंसिर ०२ गते) भित्र आफूले लिन चाहेको कित्ता र प्रति कित्ता मूल्य समेत उल्लेख गरी यस कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा निवेदन पेश गर्नुहुन अनुरोध छ। उक्त अवधि भित्र कुनै संस्थापक शेयरधनीको निवेदन प्राप्त नभएमा वा विक्रीमा रहेको कित्ता भन्दा कम कित्ताको लागि निवेदन प्राप्त भएमा नियमानुसार अन्य ब्यक्ति वा संस्थालाई उपरोक्त शेयरहरु बिक्री गर्न आवश्यक प्रकृया अगाडि बढाइने ब्यहोरा समेत सरोकारवाला सबैको जानकारीको लागि सूचित गरिन्छ। संस्थापक शेयर खरीद गरी लिनको लागि नेपाल बीमा प्राधिकरणबाट जारी भएको बीमकको संस्थापक शेयर खरीद विक्री निर्देशिका, २०७७ बमोजिम योग्य हुनु पर्नेछ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

नेको इन्सुरेन्स लि. NECO Neco Insurance Ltd.

Head Office
Beema Bhawan, Gyaneshwor, Kathmandu
Phone: 01-4542263, 01-4531462
Email: info@neco.com.np Web: https://neco.com.np



**आँबुखैरेनी गाउँपालिकाको जनहितमा जारी सन्देश**

१. सबै पालिकाबासीले आफ्नो टोल, चोक गल्ली, बाटोघाटोका सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरू र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं।
२. पालिकालाई बुझाउन पर्ने करहरु। सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायत अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं।
३. पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सवै प्रकारका व्यवसायीहरूले अनिवार्य रूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रूपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौ।
४. व्यक्तिगत घटनाहरू। जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रूपले दर्ता गरौ।
५. पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सवै पालिका-बासीले सहयोग गरौ।
६. सभ्य र समृद्ध पालिका निर्माणमा सवैले हातेमालो गरेर अघि बढौं।

**आँबुखैरेनी गाउँपालिकाको कार्यालय**
आँबुखैरेनी, तनहुँ



**महालक्ष्मी नगरपालिका**
**७ नं. वडा कार्यालय**
चाङ्गाथली, ललितपुर
बागमती प्रदेश, नेपाल

**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**

महालक्ष्मी नगरपालिका वडा नं. ७ (साविक टिकाथली गा.वि.स. वडा नं. ६), कित्ता नं. २२०५, २२०९ को जम्मा क्षेत्रफल १०५.३६ ब.मि. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८३/०१/२८ मा महालक्ष्मी नगरपालिका कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपशिलमा उल्लेखित संधियारहरुसँग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।
उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई साँधसंधियारलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ७ नं वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँधसंधियारको जानकारीको लागि सूचित गरिन्छ म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भइजाने व्यहोरा समेत जानकारी गराइन्छ।
**तपशिल :**
उत्तर तर्फ : कि.नं. २२४२



**सानिमा जिआईसी इन्स्योरेन्स लि.**
**Sanima GIC Insurance Ltd.**
रजिष्टर्ड कार्यालयः टंगाल, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४४२७१०१
इमेलः info@sgic.com.np वेभसाइटः www.sgic.com.np
(सानिमा जनरल इस्योरेन्स कं. लि. र जनरल इस्योरेन्स कं. लि. एक आपसमा मर्ज भई बनेको संस्था)

**शिलबन्दी बोलपत्रद्वारा सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संस्थापक शेयर बिक्री गर्ने बारे सूचना**

सूचना प्रकाशन मिति २०८३/०६/२९ गते

यस सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडका संस्थापक शेयरधनीहरुको नाममा रहेको संस्थापक समूहतर्फको २,३५,४४८ कित्ता शेयर प्रचलित नियम कानून तथा संस्थापक शेयरको खरिद बिक्री तथा नामसारी सम्बन्धी व्यवस्था (बीमा ऐन, २०७९ को दफा ४६, बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ को दफा ३) तथा प्रचलित कानूनको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढको माध्यमबाट संस्थापक शेयर खरिद गर्न योग्य हाल कायम संस्थापक शेयरधनी, अन्य व्यक्ति, संघ/संस्था कम्पनीलाई बोलकबोल प्रकृया मार्फत बिक्री गर्न लागेकोले प्रति कित्ता के कति दर रेटमा खरीद गर्ने हो तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

**बोलपत्रद्वारा बिक्री गरिने संस्थापक समूहको शेयरको विवरणः २,३५,४४८ कित्ता**

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८३/०७/०९**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०७/१२**

**शर्तहरुः**
१. आवेदन फाराम रु.१००/- भुक्तानी गरि सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाँउमा दस्तखत गर्नु पर्नेछ।
३. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम ५,००० (पाँच हजार मात्र) कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम पुरा शेयर संख्याको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एक व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन।
४. शेयरको **न्यूनतम मूल्य प्रति शेयर रु.२५८/- (अक्षरेपि दुइ सय अन्ठाउन्न मात्र)** तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरि आवेदन दिनुपर्नेछ।
५. शिलबन्दी खाम बाहिर "**सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ।
६. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफूले खरिद गर्न चाहेको शेयरको सम्पूर्ण रकम र शेयर खरिद गर्दा लाग्ने Brokerage Commission लगायत अन्य लाग्ने शुल्क वरावरको रकम सानिमा क्यापिटल लिमिटेडको नाममा सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा रहेको खाता नं. ००१०१००१०००३६८८ मा नगद जम्मा गरि सो को सक्कल भौचर, Good for Payment Cheque वा Swift Transfer/ IPS/RTGS मार्फत रकम जम्मा गरी सो को प्रमाण पुष्टि गर्ने कागजात (भौचर) संलग्न गरि शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। Swift Transfer/IPS/RTGS गरेको रकम बोलपत्र पेश गर्ने अन्तिम दिन अर्थात मिति २०८३/०७/१२ गते (बैकिङ्ग समय भित्र) सम्ममा तोकिएको खातामा जम्मा भईसकेको हुनुपर्नेछ।
७. आवेदकले कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात पेश गर्नुपर्नेछ साथै आयश्रोत खुल्ने कागजातको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
८. आवेदकले स्थायी लेखा नं. को प्रमाणपत्रको प्रतिलिपि तथा पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
९. आवेदकले आवेदन फारममा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
१०. शेयर खरिद गर्न ईच्छुक खरिदकर्ताले नेपाल बीमा प्रधिकरणबाट इजाजतपत्र प्राप्त इन्स्योरेन्स कम्पनीहरुलाई जारी गरिएको बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ ले तोकेको शर्त वमोजिम संस्थापक हुन योग्य हुनुपर्नेछ।
११. संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test को विवरण फारम भरि अनिवार्य रुपमा दरखास्तसाथ पेश गर्नु पर्नेछ।
१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको कम्पनी हुनु पर्नेछ। आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्था/कम्पनीको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि तथा अख्तियारनामा समेत संलग्न गर्नुपर्नेछ। साथै खरिदकर्ता कर्जा सूचना केन्द्रको कालो सूचिमा नरहेको पत्र समावेश गर्नुपर्नेछ।
१३. सबैभन्दा बढी दररेटमा खरिद माग गर्ने आवेदकहरुलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दररेटमा खरिद माग गर्ने आवेदकहरुलाई शेयर बिक्री गरिनेछ। बोल कबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा सो भन्दा बढी आवेदन प्राप्त भएमा बाँकी रहेको शेयर संख्याको सापेक्षित भार अनुसार शेयर बाँडफाँड गरिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
१४. प्राप्त आवेदनहरु मध्ये छनौट भएका आवेदनहरु स्वीकृतिको लागि सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समिति समक्ष पठाईनेछ र सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको संचालक समिति मार्फत आवश्यक प्रकृया पूरा गरि नियमनकारी निकायबाट स्वीकृति लिनुपर्ने भएमा लिई सोको जानकारी छनौट भएका आवेदकलाई गराईनेछ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम प्रललित कानूनको अधिनमा रहि IPS मार्फत फिर्ता भुक्तानी गरिनेछ। IPS मा लाग्ने शुल्क आवेदक आफैंले व्यहोर्नु पर्नेछ। साथै फिर्ता हुने रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ।
१६. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिईने छैन। म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर पनि कुनै कारवाही गरिने छैन।
१७. शेयरको आवेदन मिति २०८३/०७/१२ गते अपरान्ह ४:०० बजे भित्र सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौमा दर्ता भई सक्नु पर्नेछ।
१८. आवेदन मिति २०८३/०७/१३ गते बिहान ११:०० बजे सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ। बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको बिहान ११:०० बजे खोलिनेछ।
१९. सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडबाट स्वीकृति आए पश्चात् संस्थापक शेयर खरिद बिक्री गर्नको लागि शेयर दलाल मार्फत कारोबार गरिनेछ। कारोबार गर्दा लाग्ने शुल्क नियम अनुसार बिक्री/खरिदकर्ताले व्यहोर्नु पर्नेछ।

बिक्री प्रबन्धक :
**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालयः सम मार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

# पोखरा–दुबई उडान : ३ सातामा ३ हजार आए

## उडानप्रति बढ्दो भरोसा, १ वर्षसम्म टिकट बुकिङ खुला

■ सौर्य समाचार



पोखरा । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरु भएको पोखरा-दुबई नियमित हवाई सेवाप्रति पर्यटन व्यवसायीको भरोसा बढेको छ। फ्लाई दुबईले उडान सुरु गरेको केही समयमै टिकट बुकिङ अवधि सन् २०२७ अक्टोबर ३० सम्म विस्तार गरेपछि पोखराको अन्तर ाष्ट्रिय हवाई सम्पर्क निरन्तर रहने अपेक्षा बढेको हो ।

गत ७ असोजदेखि सुरु भएको दुबई-पोखरा-दुबई उडानले सुरुआती चरणमै उत्साहजनक प्रतिक्रिया पाएपछि बुकिङ अवधि बढाइएको फ्लाई नमस्ते ट्राभल्सका सञ्चालक पोमनारायण श्रेष्ठले बताए । उनका अनुसार आगामी वर्षसम्मका लागि टिकट बुकिङ खुला हुनुले उडान नियमित सञ्चालन हुने विश्वास थप बलियो बनाएको छ।

'आगामी वर्षसम्मका लागि बुकिङ खुला भएपछि उडान नियमित सञ्चालन हुनेमा विश्वास थप बढेको छ । यो पोखराका पर्यटन व्यवसायीलगायत सबैका लागि सुखद् विषय हो', उनले भने। पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्षसमेत रहेका श्रेष्ठले उडानलाई सफल र दीर्घकालीन बनाउन पर्यटन व्यवसायी, विमानस्थल व्यवस्थापन र अन्य सम्बन्धित पक्षबीच सहकार्य आवश्यक रहेको बताए।

### ३ हजारभन्दा बढी यात्रु पोखरा आए

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार फ्लाई दुबईको उडानमार्फत गत सोमबारसम्म ३ हजार ११३ यात्रु दुबईबाट पोखरा आएका छन् । सोही अवधिमा पोखराबाट १ हजार ४२३ यात्रु दुबई प्रस्थान गरेका छन् । चाडपर्वको समय भएकाले पोखराबाट दुबई जाने यात्रुको तुलनामा दुबईबाट पोखरा आउने यात्रुको संख्या बढी रहेको व्यवसायी श्रेष्ठले बताए । चाडपर्वपछि पोखराबाट दुबई जाने यात्रुको संख्या बढ्ने उनको अपेक्षा छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतका अनुसार ७ असोजदेखि खराब मौसमका कारण एउटा उडान रद्द भए पनि अन्य दिन उडान नियमित भएका छन् । निर्धारित तालिकाअनुसार फ्लाई दुबईको जहाज हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण गर्ने र ७:१५ बजे दुबईका लागि प्रस्थान गर्ने गरेको छ।

### होटल र ट्राभल व्यवसायीमा आशा

उडानको निरन्तरताप्रति बढेको विश्वाससँगै पोखराका होटल, रेस्टुरेन्ट तथा ट्राभल व्यवसायीले पनि पर्यटक आकर्षित गर्ने तयारी थालेका छन् । दुबईबाट आउने यात्रुलाई लक्षित गर्दै होटल तथा रेस्टुरेन्टले विभिन्न सहुलियत योजना ल्याएका छन् ।

फ्लाई दुबईले हाल १६५ यात्रु क्षमताको बोइङ ७३७ म्याक्स ८ जहाजबाट दुबई-पोखरा-दुबई उडान सञ्चालन गरिरहेको छ । यस सेवाले दुबईलाई ट्रान्जिट बनाएर पोखरालाई विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यसँग जोड्ने अवसरसमेत सिर्जना गरेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने फ्लाई दुबई पहिलो वायुसेवा कम्पनी हो । यसअघि केही वायुसेवा कम्पनीले पोखराबाट विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यमा चार्टर उडान गरेका थिए।

नियमित अन्तर्राष्ट्रिय उडानको अभावमा अपेक्षित उपयोग हुन नसकेको विमानस्थलबाट सेवा सुरु भएपछि पोखराको पर्यटन प्रवर्द्धन, व्यवसाय विस्तार र रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

### शुल्क छुटबाट वायुसेवा आकर्षित गर्ने प्रयास

सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको थिएन। सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने घोषणा गरेको केही समयपछि फ्लाई दुबईले उडान सुरु गरेको हो। दुबई-पोखरा-दुबई उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले गत २५ जेठमा फ्लाई दुबईलाई अनुमति दिएको थियो।

विमानस्थलमा अन्तर्राष्ट्रिय उडान बढाउने उद्देश्यले सरकारले वायुसेवा कम्पनीलाई विभिन्न शुल्कमा छुटसमेत दिएको छ। २०८५ भदौ मसान्तसम्म पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट दिइएको छ भने ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ। ि

टकट बुकिङ अवधि विस्तार र सुरुआती यात्रु आवागमनले पोखरामा अन्तर्राष्ट्रिय हवाई सेवाको सम्भावना देखाए पनि यसको दीर्घकालीन सफलता यात्रुको निरन्तर माग, उडानको नियमितता र पर्यटन क्षेत्रको प्रभावकारी प्रवर्द्धनमा निर्भर रहनेछ।

# कोरलाको भन्सार यार्ड र दशगजामै थन्किए साढे २ हजार इभी

■ सौर्य समाचार

मुस्ताङ। बाढीपहिरो र नदी कटानका कारण बेनी-जोमसोम सडक अवरुद्ध भएपछि चीनको कोरलानाकाबाट नेपाल भित्रिएका २ हजार ५०० भन्दा बढी विद्युतीय सवारीसाधन (इभी) मुस्ताङमै रोकिएका छन्। ११ असोजको भारी वर्षापछि अवरुद्ध सडक शुक्रबार साँझदेखि सञ्चालनमा आए पनि अवस्था सहज नहुँदा गाडीलाई गन्तव्यसम्म पुऱ्याउन कठिन भएको हो। कोरलानाकाको दशगजा क्षेत्र र मुस्ताङ भन्सार यार्डमा मात्रै २ हजार २०० भन्दा बढी इभी पार्किङ गरेर राखिएको सशस्त्र प्रहरीले जनाएको छ।

कोरलानाकास्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्टका इन्चार्ज प्रहरी निरीक्षक प्रकाश धितालका अनुसार दशगजा क्षेत्रमा विभिन्न कम्पनीका २ हजारभन्दा बढी र भन्सार यार्डमा २०० भन्दा बढी विद्युतीय गाडी रोकिएका छन्। भन्सार जाँचपासपछि गाडीलाई तल झार्न सहजीकरण गरिए पनि सडकको अवस्थाका कारण गन्तव्यतर्फ पठाउन समस्या भइरहेको उनले बताए।

यसैगरी, कोरलानाकाबाट भन्सार जाँचपास गरी जोमसोम ल्याइएका करिब ५०० भन्दा बढी विद्युतीय गाडी २ पार्किङस्थलमा राखिएका छन् । साइमेक्स इङ्का प्रतिनिधि दीपक बुढाथोकीका अनुसार बेनी-जोमसोम सडक सहज नहुँदा विशेषगरी साना गाडीलाई गन्तव्यसम्म पुऱ्याउन कठिन भइरहेको छ।

उनका अनुसार अवरुद्ध हुनुअघि बिवाइडी कम्पनीका करिब ४५० गाडी गन्तव्यतर्फ पठाइएको थियो । त्यसपछि कोरलानाकाबाट भित्रिएका बिवाइडीका २ हजारभन्दा बढी गाडी मुस्ताङमै रोकिएका छन् । रसुवा र तातोपानी नाका बन्द भएपछि साइमेक्स इङ्कले कोरलानाकाबाट करिब ३ हजार विद्युतीय गाडी नेपाल भित्र्याउने योजना बनाएको छ। तर, सडकको असहजताले आयात भएका गाडीको ढुवानी प्रभावित भएको छ।

यसैबीच, प्रहरी निरीक्षक एवं सूचना अधिकारी सन्तोष बस्यालका अनुसार सोमबारसम्म कोरलानाकाबाट आयातित मालवस्तु बोकेका ६०० भन्दा बढी कन्टेनर मुस्ताङबाट गन्तव्यतर्फ प्रस्थान गरिसकेका छन् । रोकिएका कन्टेनर बाहिरिएसँगै सामान ढुवानीका लागि केही खाली कन्टेनर कोरलानाकातर्फ उकालो लागेका छन्।

---

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**नयाँ शहर आयोजना कार्यालय**
**खुर्कोट, सिन्धुली**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८३/०६/२९**

यस कार्यालयबाट मिति २०८३/०५/१६ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. KNTPO/2083/084-02 अनुसार दर्ता भएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्तावमा सफल भएका र आर्थिक प्रस्तावमा असौत अंकसँग सबैभन्दा नजिक भई लागत अनुमानभन्दा सारभूतरुपमा बढी नभएका तपसिल उल्लेखित बोलपत्रहरु स्वीकृतिका लागि सार्वजनिक खरिद (दोस्रो संसोधन) ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र पि.एस.बाहेक) |
|---|---|---|---|---|
| १. | KNTPO/ NCB/Works/ 01/083/084 | Road Upgrading Works in Ghurmi Chowk to Ward No.7 Chainpur in Khurkot New Town Area Sindhuli. | Shankar Nirman Sewa, Manthali-01, Ramechhap. | 3,61,43,073.76 |
| २. | KNTPO/ NCB/Works/ 02/083/084 | Urban Drinking Water Supply Project Khurkot, Golanjore-7, Sindhuli Construction of Sports Ground at Khurkot, Sindhuli. Construction of River Bank Ghat and Wating Shealter at Andhari Khola, Sindhuli. | Dahal-K.D. JV, Kamalamai-04, Sindhuli. | 2,34,59,658.93 |

**आयोजना प्रमुख**

---

## थानकोट बहुमुखी सहकारी संस्था लि.

**चन्द्रागिरि नगरपालिका-३, थानकोट, काठमाडौं**
**सम्पर्क नं.: ०१-४३१५६३२ | Email Id : thankotmultiplecoltd@gmail.com**

### कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८३/०६/२९)

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न मितिमा लिएको कर्जाको साँवा, ब्याज र हर्जना रकम लिखत शर्त बमोजिम तोकिएको भाखा म्यादभित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरुको उल्लघंन गरेकोले सो सम्बन्धमा बारम्बार मौखिक एवम लिखित पत्रद्वारा ताकेता गर्दा समेत तिर्न बुझाउन नआउनु भएकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा लागेको दैदस्तुर समेत एकमुष्ठ चुक्ता फछ्र्यौट गर्नुहुन सम्बन्धि ऋणी एवम जमानीकर्तालाई सूचित गरिन्छ। सो म्याद भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट नगरेमा सहकारी ऐन, २०७४ को दफा ७९,८०,८३,८४ तथा सहकारी नियमावली, २०७५ को नियम ३०,३८ तथा संस्थाको विनियम, नीति/कर्जा लगानी तथा असुली सम्बन्धि कार्यविधि तथा प्रचलित कानून बमोजिमको व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रक्रिया अगाडी बढाइने व्यहोरा ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**ऋणी सदस्यहरुको विवरण**

| क्र.स | सदस्य नं. | नाम | बाबुको/ पतिको नाम | बाजेको/ ससुराको नाम | ठेगाना स्थायी | हाल ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|---|---|---|
| १ | ३३ | राम राज कँडेल | शेष राज कँडेल | भैरव प्रसाद कँडेल | नुवाकोट जिल्ला, सुनखानी वडा नं.-०६ | चन्द्रागिरि न.पा.७ | ५०८८ |
| २ | २४५ | राकेश महर्जन | हिरा लाल महर्जन | कुल बहादुर महर्जन | काठमाण्डौ जिल्ला, महादेवस्थान वडा नं.-०२ | चन्द्रागिरि न.पा.५ | २४१२ |
| ३ | ४३० | देव नारायण श्रेष्ठ | लक्ष्मी नारायण श्रेष्ठ | लष्मी बिर श्रेष्ठ | काठमाण्डौ जिल्ला, थानकोट वडा नं.-०६ | चन्द्रागिरि न.पा.४ | २३३१ |
| ४ | ८१६ | राजेन्द्र श्रेष्ठ | धर्म श्रेष्ठ | आशा मरु श्रेष्ठ | काठमाण्डौ जिल्ला, थानकोट वडा नं.-०५ | चन्द्रागिरि न.पा.४ | १०५ |
| ५ | ९२० | सोनम लामा | जय बहादुर लामा | मान बहादुर लामा | मकवानपुर जिल्ला, इपापन्चकन्या वडा नं.-०४ | चन्द्रागिरि न.पा.०४ | ५०/२७५ |
| ६ | १०५७ | शक्तिमाया श्रेष्ठ | बिष्णु श्रेष्ठ | ललितमान श्रेष्ठ | धादिङ जिल्ला, मैदी वडा नं.-०३ | चन्द्रागिरि न.पा.०३ | |
| ७ | १४७१ | लाल बाबु मन्सुर | सनिफ मन्सुर | रसुल मन्सुर | महोत्तरी जिल्ला, सुन्दरपुर वडा नं.-०३ | चन्द्रागिरि न.पा.३ | ६१०५३७२५ |
| ८ | १५४१ | विनिता थापा | सन्तोष थापा | चित्र बहादुर थापा | गोरखा जिल्ला, बारपाक सुलिकोट वडा नं.-०२ | चन्द्रागिरि न.पा.०३ | ३३०४, काठमाण्डौ |
| ९ | १७८७ | कुमार लामा | हस्त बहादुर तामाङ | भिम बहादुर तामाङ | धादिङ जिल्ला, किरानचोक वडा नं.-०८ | चन्द्रागिरि न.पा.०३ | ३/४४३६ |
| १० | २५४८ | टेक बहादुर बाठा मगर | पुनिराम बाठा मगर | ससे बाठा मगर | रोल्पा जिल्ला, भावाङ वडा नं.-०१ | चन्द्रागिरि न.पा.३ | ५४१०२५/२१ |
| ११ | २६७६ | मिना देवी राउत कुर्मी | महेश्वर राउत कुर्मी | सुकदेव राउत कुर्मी | बारा जिल्ला, निजगढ वडा नं.-०४ | चन्द्रागिरि न.पा.०३ | ५१३/४७७ |

---

## फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**फाक्तेप, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति : २०८३।०६।२९**

यस कार्यालयको मिति:२०८३।०५।१६ गते पहिलो पटक सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार निम्न बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई र बोल अंक औसत अङ्कसँग सबैभन्दा नजिक भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRMW/NCB/ 01/2083/84 | Construction of siddeswari secondary school building works | L.M.B. Nirman Sewa pvt.ltd., panchthar | NPR.4509117.01 | |

**प्रमुख प्रशासकिय अधिकृत**

---

## Phalgunanda Rural Municipality
## Office of the Rural Municipal Executive

**Phaktep, Panchthar**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2083-06-29**

1. The Phalgunanda Rural Municipality office invites hard copy bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Bid \|security Amount (Nrs.) | Estimated Amount (Nrs.) inluding VAT , including PS and Excluding contingency | Bid Fee Rs. | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/ NCB/ 02/2083/84 | Construction of sahid park works. Phalgunanda-04. | 1,65,000.00 | 65,98,930.98 | 3000.00 | GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) GA- 1.1 06901400250108 (For the fee of Bid Document) |

2. Eligible bidder's may be obtained further information on bidding documents at the office of Phalgunanda Rural Municipality phaktep,panchthar.
3. Complete set of Bidding documents may be purchased from the office of phalgunanda Rural Municipality panchthar. and the office of Phalgunanda Rural Municipality by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, Tax Clearance or Extension letter, business registration ,business renewal copy and upon payment of non-refundable bid documents fee till 2083-07-18 till office hours.
4. sealed must be submitted to the office Phalgunanda Rural Municipality panchthar by hand 12 PM on 2083-07-19. Bids receive after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidder's representatives who close to attend 1:00 PM on 2083-07-19 at the office of Phalgunanda Rural Municipality. bid must be valid for 90 days from the bid submission deadline and must be accompanied by the bid security which shall be valid for 30 days beyond the validity of the bid.
6. The bid document can be downloaded by visiting this office's website.(www.phalgunandamun.gov.np)

**Chief Administrative officer**

# ८ करोडभन्दा बढी खर्च, खेतमा पुगेन पानी

५ वर्ष पुग्न लाग्दा पनि खुट्टीखोला सिँचाइ आयोजना अलपत्र, डिजाइनदेखि व्यवस्थापनसम्म प्रश्न



सौर्य समाचार

सिरहा । किसानलाई सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले ८ करोड रुपैयाँभन्दा बढी खर्चेर निर्माण गरिएको खुट्टीखोला सिँचाइ आयोजना सञ्चालनमा आउन नसक्दा लहान क्षेत्रका किसान निराश भएका छन् । निर्माण सम्पन्न भएको करिब ५ वर्ष पुग्न लाग्दासमेत खेतमा पानी नपुगेपछि आयोजनाको प्राविधिक डिजाइन, निर्माण गुणस्तर र व्यवस्थापनमाथि प्रश्न उठेको छ । समस्या समाधानका लागि फेरि करोडौँ रुपैयाँ आवश्यक पर्ने देखिएपछि आयोजनाको प्रभावकारितामाथि थप बहस सुरु भएको छ ।

लहान नगरपालिका-११ का किसान घुरन साहले धान रोपाइँ गरे पनि सिँचाइको चिन्ता हटाउन सकेका छैनन् । खेत नजिकै हेडवर्क्स र नहर बनेका छन् । नहर सफाइमा समेत रकम खर्च भइसकेको छ । तर खोलाको पानी नहरमा सहज रूपमा प्रवेश गर्न नसक्दा किसानले अपेक्षित सुविधा पाउन सकेका छैनन् । 'करोडौँ खर्चेर हेडवर्क्स बन्यो, लाखौँ खर्चेर नहर सफा गरियो । तर वर्षायाममा गेट खोलेर परीक्षण गर्दा खोलाको पानी नहरमा राम्रोसँग बगेन,' साहले भने ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले मल्टिटेक निर्माण कम्पनीसँग २०७७ मंसिर १७ मा ८ करोड ५६ लाख ७२ हजार ४४२ रुपैयाँमा हेडवर्क्स निर्माणको सम्झौता गरेको थियो । निर्माण कम्पनीलाई ८ करोड ६८ लाख ९३ हजार ९६२ रुपैयाँ भुक्तानी गरिएको छ । तत्कालीन लहान नगरप्रमुख मुनि साहले २०७८ कात्तिक २२ गते आयोजनाको शिलान्यास गरेका थिए ।

मड्यान, गडमे, बानो र सर्रे खोलाको पानी संकलन गरी मुख्य तथा शाखा नहरमार्फत खेतमा पुऱ्याउने लक्ष्य राखिएको थियो । तर आयोजनाको संरचना निर्माणमा भएको लगानीले किसानको सिँचाइ समस्या समाधान गर्न सकेको छैन ।

**डिजाइनमै समस्या भएको आशंका**

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन, २०८१ मा हेडवर्क्सको डिजाइन र सञ्चालन क्षमतामाथि प्रश्न उठाएको छ । स्थलगत निरीक्षणका क्रममा खोलाको पानी बग्ने सतहभन्दा हेडवर्क्स अग्लो स्थानमा निर्माण भएको उल्लेख गर्दै प्रतिवेदनले डिजाइन सुधार र थप निर्माणबिना पानी संकलन तथा वितरण सम्भव नदेखिएको औँल्याएको छ ।

यद्यपि पूर्वनगरप्रमुख मुनि साहले निर्माणअघि पानीको बहाव परीक्षण गरेर विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको दाबी गरेका छन् । उनका अनुसार हेडवर्क्सबाट पानी नहरमा नजाने कुनै कारण छैन । वास्तविक समस्या पहिचान गर्न भने स्वीकृत डिजाइन, खोलाको पानीको सतह र नहरको तहबीच प्राविधिक परीक्षण आवश्यक देखिन्छ ।

नहरमा ढल र अतिक्रमणको समस्या

सिँचाइ कार्यालयको निरीक्षणले नहरमा सहरी ढल तथा फोहोर मिसिने, माटो र गेग्रान जम्ने, सडक निर्माण तथा अतिक्रमणका कारण नहर साँघुरिने समस्या पनि देखाएको छ । केही स्थानमा ९० सेन्टिमिटरसम्म माटो जमेको इन्जिनियर सञ्जीवकुमार यादवले बताए । माटो हटाएपछि दक्षिणी नहरमा पानी प्रवाहको सम्भावना देखिए पनि पश्चिमी नहरमा थप संरचनागत समस्या रहेको उनको भनाइ छ ।

हेडवर्क्स निर्माणको करिब ४ वर्षपछि आर्थिक वर्ष २०८२/०८३ मा मधेस प्रदेश सरकारले नहर सफाइका लागि १५ लाख रुपैयाँ विनियोजन गरेको थियो । त्यसमध्ये ७ लाख ९० हजार २४५ रुपैयाँमा शिवम् कन्स्ट्रक्सनले सफाइको जिम्मा पाएको थियो । तर सफाइपछि पनि पानीको प्रवाह अपेक्षाअनुसार हुन सकेन ।

सिँचाइ कार्यालयका प्रमुख सुमनकुमार झाले नहरका अवरोध हटाउने, संरचना मर्मत गर्ने र ढल व्यवस्थापन गर्न सके पानी सञ्चालन सहज हुने बताए । यससम्बन्धी विस्तृत प्रतिवेदन प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेस गरिएको उनले जानकारी दिए ।

**फेरि साढे १२ करोडभन्दा बढीको प्रस्ताव**

सिँचाइ कार्यालयले ८ असोजमा नहरको मर्मतसम्भार, संरचना सुधार तथा स्तरोन्नतिका लागि बहुवर्षीय योजनाअन्तर्गत १२ करोड ४३ लाख २ हजार रुपैयाँ माग गरेको छ । प्रस्तावमा अतिक्रमण नियन्त्रण, गेग्रान हटाउने, नहरको आकार सुधार्ने र जीर्ण संरचनाको पुनर्निर्माण समेटिएको छ ।

आयोजनाको कुल कमान्ड क्षेत्र ९६४ हेक्टर रहेको र त्यसमध्ये करिब ६०० हेक्टर खेतीयोग्य जमिन रहेको कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर मो इनुस राईनले बताए । आयोजना पूर्ण क्षमतामा सञ्चालन भए करिब ७ हजार घरधुरीका ३५ हजार जनसंख्या लाभान्वित हुने लक्ष्य छ ।

तर थप बजेट खर्च गर्नुअघि आयोजनाको प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययन गर्नुपर्ने स्थानीयको माग छ । जिल्ला उद्योग वाणिज्य संघ सिरहाका सचिव रवीन्द्रकुमार श्रेष्ठले करिब १ हजार बिघा जमिनमा दिगो सिँचाइ सम्भव छ कि छैन भन्ने वैज्ञानिक अध्ययन आवश्यक रहेको बताए ।

लहान नगरप्रमुख महेश चौधरीले भूमिगत नाला प्रणालीको योजना राजनीतिक विरोधका कारण अघि बढ्न नसकेको बताएका छन् । खुट्टीखोला सिँचाइ उपभोक्ता समितिका अध्यक्ष धर्मराज चौधरीले पटक-पटक पहल गर्दा पनि ठोस प्रगति नभएको बताए ।

स्थानीय वासिन्दा समेत रहेका इन्जिनियर वीरेन्द्र महतोका अनुसार हेडवर्क्सदेखि नहरको अन्तिम बिन्दुसम्म प्राविधिक परीक्षण गरेर मात्र थप लगानी गर्नुपर्छ । पानीको स्रोत, संरचनाको तह, ढल व्यवस्थापन र जिम्मेवारी स्पष्ट नगरी बजेट थप्दैमा किसानको खेतसम्म पानी पुग्ने सुनिश्चित नहुने उनको भनाइ छ ।


## धनपालथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
कोशी प्रदेश, नेपाल

**लोहन्दा खोलाको बालुवा र भरौट उत्खनन लोहन्द्रा खोलाको बालुवा र भरौट उत्खनन गरी बिक्री कर संकलन कार्य गर्न ठेक्का बन्दोबस्ती सम्बन्धी २१ दिने सूचना !!!**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०६/२९**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम धनपालथान गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक बालुवा तथा भरौट, बिक्री शुल्क संकलन गर्न तपसिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल:**

| सि. नं | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्यनतम ठेक्का अंक रु (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १. | DPTRM/ SBG/NCB/GOODS/ 19/083/84 | लोहन्द्रा खोलाको बालुवा र भरौट उत्खनन् गरी बिक्री कर संकलन कार्य | धनपालथान गाउँपालिकाको खवास घाट, बालुघाट र रामघाट नाकाहरु । कटहरी गाउँपालिकाको सतारी घाट, मर्चनिया घाट, बालु घाट र हुरहरीया घाट नाकाहरु । | भरौटः- ५,१८,२६७।२१ बालुवाः- ६,५९,६९२।६० | ८६,६९,९४४।८४ | ३०००।- |

**शर्तहरु:**

१. बोलपत्र फारम दस्तुर ठेक्का नं. DPTRM/SBG/NCB/GOODS/19/083/84 को लागि रु ३०००।- (तीन हजार मात्र) यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. कर्सिया शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २९५०१४००००००४८ मा दाखिला गरि सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्नुपर्नेछ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले २२ (बाइसौ) दिन दिनको १२:०० बजे सम्म अनिवार्य यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

थप शर्तहरु तथा जानकारीको लागि यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ । अथवा गाउँपालिकाको वेवसाईट www.dhanapalthnmun.gov.np बाट जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Koshi Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office,Udayapur

Triyuga, Nepal

**Invitation for Bids**

**Date of Publication: 2083-06-29(15th October,2026)**

1. Koshi Province Government, Ministry of Physical Infrastructure Development, Infrastructure Development Directorate, Infrastructure Development Office, Udayapur,Triyuga, Nepal invites Hard Copy bids from eligible bidders in Single Stage: One-Envelope (1S1E) Bidding Procedure for following works:

| S. N. | Contract ID | Description and Location of Work | Estimated Amount with VAT& PS | Bid Security Amount | Bid Document Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | IDO-UDA-NCB-ROAD-16-2083/84 | Upgrading of B P Chowk-Amelikhark Road,Chaudandigadhi-9,Udayapur | NRs.24,19,993.52 | 60,000.00 (2027-03-05) | 3000.00 | NCB |
| 2 | IDO-UDA-NCB-ROAD-17-2083/84 | Construction of Sirwani - Matekhani-Gaighat Road,Chaudandigadhi-1, Udayapur | NRs.21,25,818.67 | 50,000.00 (2027-03-05) | 3000.00 | NCB |
| 3 | IDO-UDA-NCB-BLDG-18-2083/84 | Construction of Incomplete Building of Republican Martyr Memorial Foundation,Chaudandigadhi-6,Udayapur | NRs.28,97,124.46 | 75,000.00 (2027-03-05) | 3000.00 | NCB |
| 4 | IDO-UDA-SQ-ROAD-19-2083/84 | Construction of Pidibas-Jhayalbisa-Una Gupasi-Kadambas-Siddhipur Road,Chaudandigadhi-8,Udayapur | NRs.19,32,967.81 | 50,000.00 (2027-01-13) | 1000.00 | SQ |
| 5 | IDO-UDA-SQ-ROAD-20-2083/84 | Upgrading of Deuri Tharu Tole Road,Triyuga-5,Udayapur | NRs.19,41,308.27 | 50,000.00 (2027-01-13) | 1000.00 | SQ |
| 6 | IDO-UDA-SQ-BLDG-21-2083/84 | Construction of Citizen Help Desk Room and Breastfeeding Room in the Premises of Area Police Office,Beltar,Chaudandigadhi,Udayapur | NRs.19,30,541.72 | 50,000.00 (2027-01-13) | 1000.00 | SQ |

2. Purchase,Submission and Opening of Bids for NCB.

| Last Date & Time of Bid Purchase | | Last Date & Time of Submission of Bid | | Opening of Bid Date & Time | | Eligible Bidders May Obtained Further information and inspect the Bidding Document at the IDO,Office or May Visit Official websites. Pre-bid meeting shall be held at the IDO Udayapur office on 2083/07/10 (27th October, 2026) at 13:00 hours. |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2083-07-18 (2026-11-04) | 17:00 PM | 2083-07-19 (2026-11-05) | Before 12:00 noon | 2083-07-19 (2026-11-05) | 13:00pm | |

3. Purchase,Submission and Opening of Bids for Sealed Quotations(SQ)

| Last Date & Time of Bid Purchase | | Last Date & Time of Submission of Bid | | Opening of Bid Date & Time | | Eligible Bidders May Obtained Further information and inspect the Bidding Document at the IDO,Office or May Visit Official websites. |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2083-07-12 (2026-10-29) | 17:00 PM | 2083-07-13 (2026-10-30) | Before 12:00 noon | 2083-07-13 (2026-10-30) | 13:00pm | |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya,Udayapur | Rastriya Banijya Bank. | Gaighat,Udayapur | 2090100202030000 (Dharauti) | Office Code: 3370111011 |
| Infrastructure Development Office, Udayapur | Rastriya Banijya Bank. | Gaighat,Udayapur | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

4. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

# प्राचीन व्यापारिक रुटमा हुन्छ मुस्ताङी च्यांग्रा व्यापार

सन्तोष गौतम / रासस

मुस्ताङ । प्राचीन रेशमी मार्गसँग जोडिएको मुस्ताङको च्यांग्रा व्यापारले पुस्तौँदेखिको परम्परालाई निरन्तरता दिँदै आएको छ । कुनै समय हिमालपारि नुन र ऊनको कारोबार हुने यस क्षेत्रमा अहिले दसैँका बेला च्यांग्रा बजार झार्ने चलनले हिमाल र सहरबीचको पुरानो सम्बन्धलाई जीवन्त राखेको छ ।

मुस्ताङको घरपझोङ गाउँपालिका-५ ठिनीका च्यांग्रा व्यापारी निरज थकालीका अनुसार मुस्ताङी च्यांग्रा र पोखरा क्षेत्रको दसैँबीच हजारौँ वर्ष पुरानो सम्बन्ध रहेको मानिन्छ । मुक्तिनाथ आउने तीर्थयात्रीमार्फत मुस्ताङी च्यांग्राको मासुको स्वाद देशका विभिन्न भागमा फैलिएको उनको भनाइ छ ।

मुस्ताङका लेकाली खर्कबाट सुरु हुने च्यांग्राको यात्रा म्याग्दी, पर्वत, बागलुङ हुँदै पोखरा, काठमाडौँ, चितवन, बुटवल, स्याङ्जा र नुवाकोटलगायत सहरसम्म पुग्छ । नेपाल पशु चौपाया व्यापार सेवा संघका संस्थापक अध्यक्ष ज्ञानकुमार श्रेष्ठका अनुसार नुन र ऊनको परम्परागत व्यापार हराउँदै गए पनि दसैँमा च्यांग्रा बजार झार्ने चलनले हिमाली जीवनशैली, स्थानीय अर्थतन्त्र र सांस्कृतिक सम्बन्धलाई जोडिरहेको छ ।

लोमान्थाङ गाउँपालिका-१ छोसेरका आङग्याल गुरुङ यस वर्ष दसैँका लागि ७०० च्यांग्रा बिक्री गर्न बजार झरेका छन् । पुर्खाले गर्दै आएको व्यवसायलाई निरन्तरता दिँदै किसानबाट च्यांग्रा खरिद गर्ने र आफ्नै गोठमा पालिएका च्यांग्रा बिक्री गर्ने परम्परा कायमै रहेको उनले बताए ।

उपल्लो मुस्ताङका किसानका लागि च्यांग्रापालन परम्परागत पेसासँगै आम्दानीको प्रमुख आधार हो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ तेताङका पेम्बा गुरुङले ३ दशकदेखि च्यांग्राको व्यापार गर्दै आएको छ । किसानबाट खरिद गरी दसैँका बेला बजारमा बिक्री गर्ने उनको व्यवसाय पुस्तौँदेखि चल्दै आएको छ ।

संघका संस्थापक अध्यक्ष श्रेष्ठ पनि ६ दशकदेखि च्यांग्राको व्यापारमा संलग्न छन् । बुबाले सुरु गरेको व्यवसायलाई निरन्तरता दिँदै आएका उनले यस वर्ष काठमाडौँ पठाउन १ हजार च्यांग्रा मुस्ताङबाट ७ दिन हिँडाएर म्याग्दीको रघुगंगा गाउँपालिका-२ बैसरीमा ल्याएका छन् । उनको व्यवसायबाट १६ जनाले मौसमी रोजगारीसमेत पाएका छन् ।

श्रेष्ठका अनुसार यस वर्ष काठमाडौँका लागि ३ हजार च्यांग्रा लैजाने तयारी छ । चीनसँगको कोरला नाका बन्द रहेकाले यस वर्ष बजारमा आउने च्यांग्रा स्वदेशकै हुन् । व्यापारीले १ महिनाअघि नै बुकीमा पुगेर नाम्ग्याल, छोसेर, यारा र घारालगायत क्षेत्रबाट च्यांग्रा संकलन गरेका थिए ।

हाल बजारमा एउटा च्यांग्राको मूल्य ४० हजारदेखि ५० हजार रुपैयाँसम्म छ । विगतमा च्यांग्राको मासु प्रतिकिलो १ हजार ३५० देखि १ हजार ४०० रुपैयाँ सम्ममा बिक्री हुने गरेको श्रेष्ठले बताए । हिमाली बुकीमा जडीबुटी खाएर हुर्किने च्यांग्राको मासु पौष्टिक हुने मालिका गाउँपालिका-६ दरवाङका श्रीदत्त गौतमको भनाइ छ । व्यापारीका अनुसार ५ वर्षसम्म पालिएका च्यांग्राको मासु स्वादिलो हुन्छ । च्यांग्राको शरीरबाट निस्कने भुवा पस्मिनाको कच्चापदार्थका रूपमा समेत प्रयोग गरिन्छ ।

तर, च्यांग्रापालन गर्ने किसानको संख्या भने घट्दै गएको छ । छोसेरमा पहिले २५ वटा च्यांग्राका गोठ रहेकामा अहिले ५ वटा मात्रै बाँकी रहेको व्यापारी गुरुङले बताए । हिउँचितुवाबाट च्यांग्रा जोगाउनुपर्ने चुनौती, हिउँदमा चरन र आहाराको अभाव,



गोठाला नपाइनु तथा युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्नुले परम्परागत व्यवसाय संकटमा परेको स्थानीयको भनाइ छ ।

कृषि तथा पशु विकास कार्यालय मुस्ताङका अनुसार यस वर्ष जिल्लाबाट १३ हजार ८१७ भेडाच्यांग्रा निकासी भएका छन् । कार्यालय प्रमुख लालमणि अर्यालले ११ हजार ७०० च्यांग्रा र २ हजार २१५ भेडाको स्वास्थ्य परीक्षण गरी निकासी अनुमति दिइएको जानकारी दिए । कार्यालयले स्वास्थ्य परीक्षणपछि स्वस्थ भेडाच्यांग्रा मात्रै निकासी गर्ने व्यवस्था मिलाएको छ । गत वर्ष मुस्ताङबाट १८ हजार भेडाच्यांग्रा निकासी भएका थिए ।

मुस्ताङका वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा करिब ५० हजार च्यांग्रा पालिएका छन् । स्थानीय अर्थतन्त्र र पुस्तौँदेखिको परम्परासँग जोडिएको च्यांग्रापालन उपल्लो मुस्ताङका किसानको मुख्य आयस्रोत बनेको छ । यस वर्ष बाढीपहिरोले सडकमा क्षति पुऱ्याउँदा च्यांग्रा बजारसम्म ल्याउन व्यापारीलाई थप कठिन भएको छ । च्यांग्रा खरिद गर्न जाँदा सहज रहेको सडक फर्किने बेलासम्म बिग्रिएपछि कतिपय स्थानमा जोखिमपूर्ण यात्रा गर्नुपरेको व्यवसायीले बताएका छन् ।

विशेषगरी बेनी-जोमसोम सडकको म्याग्दी खण्ड बाढीपहिरोले क्षतिग्रस्त हुँदा च्यांग्रा ओसारपसार चुनौतीपूर्ण बनेको छ । सडक छिटो सञ्चालनमा आएकाले केही राहत मिलेको व्यवसायीको भनाइ छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**नाम परिवर्तन सम्बन्धी सूचना**

साविक कम्पनी (बिष्ट ड्राइभिङ्ग एण्ड सर्भिसिङ्ग सेन्टर प्रा.लि.) ले तिर्नु व्यहोर्नुपर्ने चल-अचल सम्पति तथा ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र अनुसार कम्पनीको नाम परिवर्तन कम्पनी (अन्जित वर्कशप एण्ड ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर प्रा.लि.) ले सकार्ने व्यहोर्ने गरि नाम परिवर्तन गरिएको व्यहोरा मिति २०८१/०५/१९ १/१९ को निर्णयानुसार जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०३/०२ मा दर्ता भएको प्रा.लि. नं. १६९८५३ को **वेस्ट हिल फाउन्डेन एजुकेशनल** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२-०९-२३ मा दर्ता भएको प्रा.लि.नं. १४१५३६ को **ईन्टरनेशनल स्कील डेभलपमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२९**

यस कम्पनीको २०८२/११/०१ मा सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **विन्ध्यावासिनी कृषि फार्म प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/२६ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **विन्ध्यावासिनी कृषि एण्ड चिकेन सप्लायर्स प्रा.लि.** (१३२७३९) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२९**

यस कम्पनीको २०८१/०७/२७ मा सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **आरवी प्रोग्राम मेयानेजमेन्ट प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/२५ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **फुटमार्क सु प्रा.लि.** (११०५८०) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७३/०२/२१ मा दर्ता भएको प्रा.लि. नं. १५०३२४ को **अनलिमिटेड सर्भिसेजज** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६६/०४/३२ मा दर्ता भएको प्रा.लि. नं. ६५०९२ को **पायोनियर एड्भरटाईजिङ्ग** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२९**

यस कम्पनीको २०८२/०८/२४ मा सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **कोजि कम्फर्ट म्याट्रेस उद्योग प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/२५ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **काठमाडौं सस्तो सोफा बजार प्रा.लि.** (३५७६६७) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२९**

यस कम्पनीको सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **विनर ग्रुप कन्स्ट्रक्सन प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/०८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **जोखाङ ग्रुप कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०८/१७ मा दर्ता भएको प्रा.लि.नं. ११७४५२ को श्री कोशी एग्रिकल्चर डेभलप्मेन्ट प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानक(ारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office**
## Road Division Chaurjahari, Rukum West

**Re-INVITATION FOR BIDS**

**Date of Publication: 2083/06/29 (15th October, 2026)**
**Invitation for Bids No: IFB01/083-84**

The tender notices previously published by this Division in Rajdhani Dainik on 2083/05/22 (Notice No. IFB01/083/84) were cancelled pursuant to the notice published on 2083/06/20. Accordingly, this notice is hereby published for the information of all concerned, incorporating the details set forth below. Furthermore, should the Public Procurement Monitoring Office (PPMO) issue any further decisions, directions, or instructions during the aforementioned period, a separate notice shall be published accordingly. All concerned are hereby requested to take note of the same..

1. Road Division Chaurjahari, Rukum West invites sealed bids (Hard Copy only) from eligible bidders for the following works:

| S. N. | Contract Number | Description and Location of Work | Est. Amount Excluding VAT & PS (NRs) | Bid Validity Period/Bid Security Validity Period | Bid Security (NRs) | Bid Doc. Fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | IFB01/RDC-JI/337310113/NCB/083/84-01 | Recurrent Maintenance works along Rapti Rajmarg (NH-55), Simrutu-Musikot-Salle Section (Ch 149+900 to 168+300), Rukum West | 55,23,078.38 | 90 Days/120 Days | 1,40,000.00 | 3,000 | 1S1E |
| 2 | IFB01/RDC-JI/337310113/NCB/083/84-02 | Recurrent Maintenance works along Mid-Hill Highway (NH-03), Musikot- Chaurjahari Section (Ch 1185+960 to 1231+000), Rukum West | 19,97,405.71 | 90 Days/120 Days | 52,000.00 | 3,000 | 1S1E |
| 3 | IFB01/RDC-JI/33701177/NCB/083/84-03 | Rehabilitation of Road along Rapti Rajmarg (NH-55), Khaula-pass to Simrutu section (chainage 136+420 to 149+900), Rukum (West Part) | | 90 Days/120 Days | 21,50,000.00 | 5,000 | 1S2E |
| 4 | IFB01/RDC-JI/33701136/NCB/083/84-04 | Traffic Safety Works along Rapti Rajmarg (NH-55), Chheda Jajarkot Road and Midhill Highway | | 90 Days/120 Days | 6,80,000.00 | 5,000 | 1S2E |
| 5 | IFB01/RDC-JI/33701138/NCB/083/84-05 | Road Rehabilitation Works along Chheda-Jajarkot (NH-57) Road Chainage 69+500 to 106+800, Jajarkot | | 90 Days/120 Days | 6,50,000.00 | 5,000 | 1S2E |
| 6 | IFB01/RDC-JI/33701138/NCB/083/84-06 | Road Upgrading works along the Rara Rajmarg (jumli bhir to rawat ta khoriya to salli boat) section | | 90 Days/120 Days | 10,80,000.00 | 5,000 | 1S2E |
| 7 | IFB01/RDC-JI/33701138/NCB/083/84-07 | Road Rehabilitation Works along Mid Hill Highway (NH-03) Syalapakha Musikot Chaurjahari Section Ch 1185+960 to Ch 1231+000, Rukum West | | 90 Days/120 Days | 6,50,000.00 | 5,000 | 1S2E |
| 8 | IFB01/RDC-JI/33701141/NCB/083/84-08 | Roadway Excavation Works on Kagkot-Seri Dadagau-Lashi-cap-Mukot Chharka Mustang Road, Dolpa District | | 90 Days/120 Days | 6,50,000.00 | 5,000 | 1S2E |
| 9 | IFB01/RDC-JI/33701193/NCB/083/84-09 | Premix Carpeting and Roadside Structural Works along Tri-purakot suliguard shey phoksundho (bagar rali madhu ruma rasi section) Road | | 90 Days/120 Days | 10,80,000.00 | 5,000 | 1S2E |

| Pre-bid Meeting | Last Date & Time for Bid Purchase | Last Date & Time for Bid Submission | Date & Time for Bid Opening |
|---|---|---|---|
| 2083/07/09 (26th October 2026), 13:00 Hrs | 2083/07/18 (4th November 2026), 17:00 Hrs | 2083/07/19 (5th November 2026), 12:00 Hrs | 2083/07/19 (5th November 2026), 13:00 Hrs |

2. Under the Single Stage, Two Envelope Procedure (1S2E), bidders shall simultaneously submit two separate sealed envelopes - one containing (i) the Technical Bid and the other (ii) the letter of Price Bid and BOQ only - both in turn enclosed in one outer sealed envelope, as per ITB 21 of the Bidding Document. Under the Single Stage, Single Envelope Procedure (1S1E), bidders shall submit the mandatory documents and the Price Bid together in one sealed envelope, as per ITB 18 of the Bidding Document.
3. Bid Document Fee:

**Information to deposit the cost of bidding document in Bank:**

| | | |
|---|---|---|
| **Name of Bank:** Nepal Bank Limited, Rukum West | **A/C No.:** 00101000000001001001 | **Office Code:** 337015901 |
| **Office Name:** Road Division Chaurjahari, Rukum(west) | **Revenue Heading No.:** 14229 | **Non- Refundable Fee for Bid Document Purchase (NRs.):** as mentioned above table. |

**Bid Security (optional if a Bank Guarantee from an A-Class Bank is submitted):**

| Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank) | |
|---|---|
| **Bank** | Nepal Bank Limited |
| **Account Name** | District Treasury Controller Office, Rukum (West) |
| **Account No.** | 07701000002003000001 |
| **Office Code** | 337015901 |

A complete set of Bidding Documents may be purchased from Road Division Chaurjahari, Rukum West by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee into the account specified above, till 2083/07/18 BS during office hours.

4. Sealed bids (Hard Copy only) must be submitted by hand/courier on or before 12:00 Hrs. on 2083/07/19 BS. Bids received after this deadline will be rejected.
5. If the last date of purchase and/or submission falls on a government holiday, the next working day shall be considered the last date, and the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
6. Bid Securities (Bank Guarantees) previously submitted shall remain valid, provided they remain valid for 120 days from the bid-submission deadline specified herein. Bid Security shall be submitted with the Technical Bid as a mandatory document.
7. Any conditions not covered herein shall be governed by the prevailing provisions of the Public Procurement Act, 2063 (with Second Amendment) and the Public Procurement Regulations, 2064 (with Sixteenth Amendment). Any amendment or modification to this Tender Notice shall be published on the official website of this Division.
8. Further information: Tel: 088-401081/9858051080 | Email: rd_chaurjahari@dor.gov.np/ drocjirukum@gmail.com | Website: https://www.dor.gov.np/chaurjahari
9. The Bid Documents and Bills of Quantities (BOQ) for the tenders published under IFB01/083-84 have been made available on this office's website (https://www.dor.gov.np/chaurjahari), information regarding contract evaluation criteria, qualification requirements, and the nature of the work (BOQ) can be accessed directly from the website for reference purposes.

**Division Chief**

# मार्टिनेजले व्यवस्थापनमाथि उठाए प्रश्न

## एट्लेटिकोसँग युनाइटेड पराजित, ५ खेलदेखि जितविहीन

■ एजेन्सी



म्याड्रिड । युइएफए च्याम्पियन्स लिग फुटबलअन्तर्गत मंगलबार भएको खेलमा म्यानचेस्टर युनाइटेड स्पेनिस क्लब एट्लेटिको म्याड्रिडसँग २-० गोलले पराजित भएको छ । लगातार ५ खेलमा जित निकाल्न नसकेको युनाइटेडमाथि दबाब बढिरहेका बेला डिफेन्डर लिसान्द्रो मार्टिनेजले क्लबको व्यवस्थापन र खेलाडी भर्ना नीतिमाथि सार्वजनिक रूपमा प्रश्न उठाएका छन् ।

म्याड्रिडस्थित मेट्रोपोलिटानो रंगशालामा एट्लेटिकोले खेल सुरु भएको ५० सेकेन्डमै पाब्लो बारियोसको गोलबाट अग्रता लिएको थियो । खेलको ७४औँ मिनेटमा युनाइटेडका डिफेन्डर लेनी योरो रातो कार्ड पाएर बाहिरिएपछि पाहुना टोली १० खेलाडीमा सीमित भयो । त्यसको फाइदा उठाउँदै एडेमोला लुकम्यानले ७९औँ मिनेटमा दोस्रो गोल गरे ।

एट्लेटिकोले यस जितसँगै च्याम्पियन्स लिगमा पहिलो खेलमा लिभरपुलसँग बेहोरेको हारपछि अंक जोडेको छ । यता, युनाइटेडको कमजोर प्रदर्शनले प्रशिक्षक माइकल क्यारिकमाथि दबाब थपेको छ ।

खेलको सुरुआतमै एलेक्स बाएनाको पासमा बारियोसले गोल गरेका थिए । युनाइटेडले बराबरीको अवसर पाए पनि ब्रायन एम्बुएमोको प्रहार लक्ष्यभन्दा बाहिर गयो । एट्लेटिकोका एलेजान्द्रो ग्रिमाल्डोको फ्रिकिक पनि गोलपोस्टमा लागेर फर्कियो ।

पहिलो हाफमा जोनी कार्डोसोले गोल गरे पनि भिएआर हेरेपछि उक्त गोललाई मान्यता दिइएन । गोलअघि मार्कोस लोरेन्टेको हातमा बल लागेको देखिएपछि रेफ्रीले गोल रद्द गरेका थिए ।

दोस्रो हाफमा जुलियन अल्भारेजको प्रहार पोस्टमा लागेर फर्कियो । युनाइटेडका कप्तान ब्रुनो फर्नान्डेसले पनि बराबरी गर्ने अवसर पाए, तर उनको प्रहार गोलपोस्ट नजिकैबाट बाहिरियो भने अर्को प्रयास क्रसबारमा लाग्यो ।

खेलको ७४औँ मिनेटमा जोनाथन डेभिडलाई फाउल गरेको भन्दै भिएआर समीक्षापछि योरोले रातो कार्ड पाए । त्यसपछि एट्लेटिकोले आक्रमण तीव्र बनायो । गोलकिपर सेन्ने लामेन्सले डेभिडको प्रहार रोके पनि फर्किएको बलमा लुकम्यानले गोल गर्दै टोलीको जित सुनिश्चित गरे ।

### मार्टिनेजको असन्तुष्टि

खेलपछि मार्टिनेजले च्याम्पियन्स लिगमा छनोट भएपछि क्लब व्यवस्थापनले टोलीलाई थप बलियो बनाउनुपर्ने बताएका छन् । गत सिजन प्रिमियर लिगमा तेस्रो स्थान हासिल गर्दै ३ वर्षपछि च्याम्पियन्स लिगमा फर्किएको युनाइटेडले यसपटक पर्याप्त खेलाडी भित्र्याउन नसकेको उनको आरोप छ ।

'हामीले गत सिजन उत्कृष्ट प्रदर्शन गरेका थियौँ । त्यसैले व्यवस्थापनबाट अझ बढी अपेक्षा गर्नु स्वाभाविक हो । अन्य टोलीले पनि खेलाडी थपिरहेका छन्, हामीलाई पनि प्रतिस्पर्धा गर्न बलियो टोली चाहिन्छ,' मार्टिनेजले अमेजन प्राइम भिडियोलाई भने ।

उनले प्राविधिक निर्देशक जेसन विल्कक्सबाट थप लगानी र प्रभावकारी खेलाडी भर्नाको अपेक्षा गरेको बताए । खेलाडीहरूले पनि आफ्नो प्रदर्शन सुधार गर्नुपर्ने स्वीकार गर्दै उनले हारको सम्पूर्ण दोष प्रशिक्षक वा मैदानमा उत्रिएका खेलाडीलाई मात्र दिन नहुने धारणा राखे ।

युनाइटेडले यस सिजन ३ मिडफिल्डर भित्र्याउन १५ करोड ५० लाख पाउन्ड खर्च गरे पनि स्ट्राइकर बेन्जामिन सेस्कोका लागि पर्याप्त सहयोगी विकल्प र लेफ्टब्याक लुक शका लागि प्रतिस्पर्धी खेलाडी ल्याउन नसकेको भन्दै आलोचना हुँदै आएको छ ।

रुबेन अमोरिमलाई बर्खास्त गरेपछि अन्तरिम प्रशिक्षक बनेका क्यारिकले १७ खेलमध्ये १२ खेल जितेपछि स्थायी जिम्मेवारी पाएका थिए । तर नयाँ सिजनमा टोलीले अपेक्षाअनुसार नतिजा निकाल्न सकेको छैन ।

रुनीले दिए एकतामा असर पर्ने चेतावनी

मार्टिनेजको अभिव्यक्तिप्रति युनाइटेडका पूर्वखेलाडी वेन रुनी र एस्ले योङले असन्तुष्टि जनाएका छन् । रुनीले सार्वजनिक आलोचनाले ड्रेसिङ रुमभित्रको एकता कमजोर बनाउन सक्ने चेतावनी दिए ।

उनका अनुसार मार्टिनेजले सहकर्मीहरूको तर्फबाट बोल्न खोजे पनि सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गर्ने तरिका उचित थिएन । क्लबभित्रका समस्याबारे सम्बन्धित पक्षसँग छलफल गर्नु राम्रो हुने उनको भनाइ छ ।

योङले पनि खेलाडी भर्नामा सुधार आवश्यक भए पनि मैदानमा नतिजा निकाल्ने जिम्मेवारी खेलाडीहरूकै भएको बताए । पूर्वगोलकिपर पल रोबिन्सनले भने मार्टिनेजको भनाइमा केही सत्यता रहेको स्वीकार गर्दै अहिलेको अवस्थामा यस्तो अभिव्यक्तिको समय उपयुक्त नभएको टिप्पणी गरे ।

### बायर्न बराबरीमा रोकियो

च्याम्पियन्स लिगकै अर्को खेलमा जर्मन क्लब बायर्न म्युनिख नर्वेको भाइकिङसँग ३-३ गोलको बराबरीमा रोकिएको छ । पहिलो हाफमा २-० ले पछि परेको बायर्नले ह्यारी केनको २ गोल र लुइस डियाजको गोलबाट ३-२ को अग्रता बनाए पनि अन्तिम समयमा बराबरी गोल बेहोरेको थियो ।

बायर्नका विंगर माइकल ओलिसेले १ मिनेटभित्र २ पहेँलो कार्ड पाएपछि मैदान छाड्नुपरेको थियो । विपक्षी खेलाडीमाथि फाउल गरेपछि पहिलो कार्ड पाएका उनले भाइकिङका कप्तान ज्लाट्को ट्रिपिचतर्फ बल फ्याँकेपछि दोस्रो कार्ड पाएका थिए ।

त्यसपछि संख्यात्मक लाभ पाएको भाइकिङका हर्मन हाउगेनले ९० औँ मिनेटमा गोल गर्दै टोलीलाई बराबरी दिलाए । ओलिसेले रातो कार्ड पाएपछि अर्को साता आर्सनलविरुद्ध हुने महत्त्वपूर्ण खेलसमेत गुमाउने भएका छन् ।

लगातार ५ खेलदेखि जितविहीन युनाइटेडका लागि अब टोलीको प्रदर्शन सुधार्नु र व्यवस्थापनमाथि उठेका प्रश्नको जबाफ दिनु प्रमुख चुनौती बनेको छ । एट्लेटिकोविरुद्धको हारले मैदानभित्रको कमजोरी मात्र नभई क्लबको रणनीति र टोलीको एकताबारे पनि बहस चर्काएको छ ।

# 'सारथी' को प्रोमो सार्वजनिक

## निरुता सिंह देखिइन् रहस्यमय अवतारमा



■ सौर्य समाचार

काठमाडौँ । अभिनेत्री निरुता सिंहलाई यसअघिका भूमिकाभन्दा फरक र गम्भीर अवतारमा प्रस्तुत गरिएको सिनेमा 'सारथी' को प्रोमो सार्वजनिक भएको छ । किम्भे प्रोडक्सनको आधिकारिक युट्युब च्यानलमार्फत सोमबार सिनेमाको प्रोमो सार्वजनिक गरिएको हो ।

बच्चाको रोदनबाट सुरु हुने प्रोमोमा निरुता सिंह काखमा दुधे बालक बोकेको अवस्थामा देखिएकी छन् । उनको गम्भीर हाउभाउ र पैतालाबाट रगत बगिरहेको दृश्यले प्रोमोलाई रहस्यमय तथा भावनात्मक बनाएको छ । प्रोमोमा देखिएका यी दृश्यले सिनेमाको कथावस्तु र निरुताको चरित्रलाई लिएर दर्शकमाझ कुतूहलता बढाएको छ ।

सिनेमामा निरुता सिंहसँगै उत्तम प्रधान, मुकुन्द श्रेष्ठ, राजेन्द्र केसी, सम्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, कल्पना थापा, मदन थापा, अनिता कुइँकेल, कमला अर्याल, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मा, सन्तोष ढकाल, विप्लव खड्का, सागर कँडेल, सुदीप नेपाल र धिरेन कार्कीको अभिनय रहेको छ ।

संकल्प भुजेलको छायांकन रहेको सिनेमा म्याग्दीको गुर्जा क्षेत्रमा खिचिएको हो । किम्भे प्रोडक्सन र धिरज फिल्म इन्फिनिटीको ब्यानरमा निर्माण भएको सिनेमाका प्रस्तुतकर्ता तारा थापा 'किम्भे' हुन् ।

कुमार गजुरेलको निर्देशनमा बनेको 'सारथी' आगामी ११ मंसिरदेखि प्रदर्शनमा आउनेछ । सिनेमाका निर्माता रदिप श्रेष्ठ र प्रदीप रायमाझी हुन् भने बेकबहादुर विश्वकर्मा र नवीन श्रेष्ठ कार्यकारी निर्माता रहेका छन् ।

त्यस्तै, अविनाश राई, द्वारिका श्रेष्ठ र ओमिसन थापा सह-निर्माताका रूपमा छन् । अमीर केसीले लाइन प्रोड्युसरको जिम्मेवारी सम्हालेका छन् ।

राजु खतिवडा मुख्य सहायक निर्देशक रहेको सिनेमामा यमुना आचार्य र आशिष श्रेष्ठ सहायक निर्देशकका रूपमा छन् । बाबुल गिरी र प्रशान्त शिवाकोटीले संगीत दिएको सिनेमाको वितरण आरआर फिल्म्सले गर्नेछ ।

# राष्ट्रिय खेलकुदका लागि गण्डकीको छनोट प्रक्रिया सुरु





■ सौर्य समाचार

कास्की । आगामी १६ देखि २७ मंसिरसम्म कर्णाली प्रदेशमा आयोजना हुने १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गण्डकी प्रदेशले खेलाडी छनोट प्रक्रिया अघि बढाएको छ ।

गण्डकी प्रदेश खेलकुद परिषद्ले प्रदेशका ११ वटै जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गर्दै स्थानीय तहदेखि प्रदेशस्तरसम्म छनोट प्रतियोगिता सञ्चालन गर्न निर्देशन दिएको छ । यसपटक राष्ट्रिय खेलकुदमा ३२ वटा खेल समावेश छन् ।

परिषद्का सदस्यसचिव श्रीधर शर्माका अनुसार पालिकास्तरीय छनोट १० कात्तिकभित्र, जिल्लास्तरीय छनोट १३ देखि १५ कात्तिकसम्म र प्रदेशस्तरीय छनोट १६ देखि २० कात्तिकसम्म सम्पन्न गरिनेछ ।

स्थानीय तहबाट छनोट भएका खेलाडीले जिल्लास्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् । जिल्लाबाट छनोट भएका खेलाडी प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने र त्यहाँबाट राष्ट्रिय खेलकुदमा भाग लिने खेलाडी तथा टोली निर्धारण गरिने शर्माले बताए ।

परिषद्ले निर्धारित मापदण्डअनुसार छनोट प्रक्रिया पूरा गर्न तथा स्थानीय तह, जिल्ला खेलकुद विकास समिति र सम्बन्धित सरोकारवालाबीच समन्वय गर्न आग्रह गरेको छ । गण्डकीको टोली निर्माण र खेलाडी छनोटका लागि आवश्यक बजेट उपलब्ध गराउन सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयसँग पनि अनुरोध गरिएको छ ।

यसअघि गण्डकी प्रदेशको पोखरामा २०७९ असोज २८ देखि ३ कात्तिकसम्म नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएको थियो । उक्त प्रतियोगितामा गण्डकी प्रदेश पहिलो भएको थियो ।

नवौँ राष्ट्रिय खेलकुदको समापनमा २ वर्षपछि कर्णालीमा १०औँ संस्करण आयोजना गर्ने घोषणा गरिए पनि प्रतियोगिता ४ वर्षपछि हुन लागेको हो ।

# शाहरूख खानको 'किङ' अन्तिम चरणको छायांकनमा

## खानको जन्मदिन नोभेम्बर २ मा 'किङ' को टिजर सार्वजनिक गर्ने तयारी





■ एजेन्सी

मुम्बई । बलिउड सुपरस्टार शाहरूख खान अभिनीत बहुप्रतीक्षित चलचित्र 'किङ' अन्तिम चरणको छायांकनमा प्रवेश गरेको छ । आगामी डिसेम्बर २४ मा प्रदर्शन गर्ने लक्ष्यसहित निर्माण भइरहेको चलचित्रको बाँकी छायांकन मुम्बईमा सुरु गरिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

निर्देशक सिद्धार्थ आनन्दको निर्देशनमा निर्माण भइरहेको एक्सन थ्रिलर चलचित्रको अन्तिम चरणको छायांकन ११ अक्टोबरदेखि मुम्बईको गोरेगाउँ क्षेत्रमा सुरु भएको हो । १२ अक्टोबरदेखि अन्धेरी इस्टस्थित स्टुडियोमा शाहरूख खान सहभागी एक्सन दृश्यको छायांकन गरिएको समाचारमा उल्लेख छ । निर्माण टोलीले अक्टोबरको मध्यसम्ममा प्रमुख एक्सन दृश्यको छायांकन पूरा गर्ने लक्ष्य राखेको छ । त्यसपछि चलचित्रमा समावेश गरिने थप गीतको छायांकन गरिनेछ । उक्त गीतमा शाहरूखकी छोरी सुहाना खान पनि देखिने बताइएको छ । चलचित्रको दृश्य प्रभावसम्बन्धी काम पनि प्रदर्शनअघि पूरा गर्ने तयारी भइरहेको छ ।

यसैबीच, शाहरूख खानको जन्मदिन नोभेम्बर २ मा 'किङ' को टिजर सार्वजनिक गर्ने तयारी भइरहेको समाचारले चलचित्रप्रति दर्शकको चासो बढाएको छ । यद्यपि, टिजर सार्वजनिक गर्ने मितिबारे निर्माण पक्षले औपचारिक घोषणा गरिसकेको छैन । भारतीय सञ्चारमाध्यम बलिउड हंगामा र एनडिटिभीले सार्वजनिक गरेका विवरणअनुसार टिजरलाई चलचित्रको विश्वव्यापी प्रचार अभियानको सुरुआतका रूपमा प्रस्तुत गर्ने तयारी छ ।

चलचित्रमा शाहरूख र सुहानाका अतिरिक्त दीपिका पादुकोण, रानी मुखर्जी, अभिषेक बच्चन तथा जयदीप अहलावतलगायत कलाकारको अभिनय रहने बताइएको छ । चलचित्रमा अन्य चर्चित कलाकारको विशेष उपस्थिति रहने विषय पनि चर्चामा छ । 'पठान' र 'जवान' जस्ता एक्सनप्रधान चलचित्रबाट दर्शकमाझ लोकप्रियता हासिल गरेका शाहरूखलाई 'किङ' मा नयाँ अवतारमा प्रस्तुत गर्ने निर्देशक आनन्दको तयारी छ । चलचित्रको एक्सन, संगीत र भव्य प्रस्तुतिलाई मुख्य आकर्षण बनाइएको बताइएको छ ।

रेड चिलिज इन्टरटेनमेन्ट र मारफ्लिक्स पिक्चर्सको निर्माणमा तयार भइरहेको 'किङ' डिसेम्बर २४, २०२६ मा विश्वव्यापी रूपमा प्रदर्शन गर्ने तय भएको छ । छायांकनको अन्तिम चरणसँगै चलचित्रको प्रचारप्रसार पनि तीव्र बनाउने तयारी गरिएको छ ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना २९ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय खोलेसिमलबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक आवधिक कर्जा र हायर पर्चेज कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **सिता ईन्टरप्राइजेज** प्रोप्राइटरको नाम : बालकुमारी श्रेष्ठ प्रा.फ.द.नं. : ५९०/०६९/७०
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०६९/०७/१९
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला पिठुवा वडा नं. ७ स्थायी लेखा नं. : ६००७७०७१४

**प्रोप्राइटरको विवरण**

होम लाल श्रेष्ठको छोरी दल बहादुर तमाङको बुहारी सुरज तमाङको पत्नी चितवन जिल्ला पिठुवा वडा नं. ७ हाल, रत्ननगर न.पा. वडा नं. १५ बस्ने **वालकुमारी श्रेष्ठ** (ना.प्र.नं. : ३५३०१९/७३४ जारी मिति र जिल्ला : २०६३/११/०६, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

मान बहादुर तमाङको नाति दल बहादुर तमाङको छोरा चितवन जिल्ला पिठुवा वडा नं. ७ हाल, रत्ननगर न.पा. वडा नं. १५ बस्ने **सुरज तमाङ** (ना.प्र.नं. : ०४१४५६ जारी मिति र जिल्ला : २०६५/०७/२२, चितवन)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## शिखर नगरपालीका
### नगर कार्यपालीकाको कार्यालय
तल्कोट, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

**आन्तरिक आयको ठेक्का सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८३।०६।२८ (2026 Oct 14)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन तथा बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE), स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन २०८२, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, आदी) उत्खनन, संकलन, निकासा गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले योग्य फर्महरूले यस बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरू खरिद गरि रित पूर्वक भरी यस कार्यालयमा शिलबन्दी बोलपत्र ( HARD COPY) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न हुन बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र सम्बन्धी कागजात यस नगरपालिकाको वेबसाइट https://shikharmundoti.gov.npबाट download गर्न सकिनेछ ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घ.मि.) | दर प्रति (घ.मि.) | न्यूनतम कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र पेश गर्ने अन्तिम मिति | धरौटी रकम रु | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| SMDOTI/ REVINUE/ NCB/01/2083-84 | सेती नदीमा प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्री शुल्क संकलन | ५५,११५।८० घन मिटर (सम्झौत मिति देखी २०८४ जेष्ठ ३१ सम्म) | १४१।२६ (अक्षरेपी रु एक सय एकचालिस रुपैया पैसा छब्बिस मात्र) (मु अ कर बाहेक) | ७७,८५,६५७।९० (अक्षरेपी रु सतहत्तर लाख पञ्चासी हजार छ सय सन्ताउन्न रुपैया पैसा नब्बे मात्र) (मु.अ. कर बाहेक) | २०८३/०७/१२ गते मध्यान्ह १२:०० बजे | कबोल अंक (मू.अ. कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम । | ३,०००।०० |

**बोलपत्र जमानत:** कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बैंक जमानत वा शिखर नगरपालिकाको एभरेष्ट बैंक गोपघाट शाखामा रहेको धरौटी खाता नं. ०६६००१०६२००००२ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस पालिकाको नाममा जारी भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत रकम फिर्ता हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोन: ०१४५२०१९५ । पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com । मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर